पशुपतिहृदयम्

लेखकः:-
श्री दैवरातः

ने० भा० प्र० समिति ।

श्रीपशुपतिहृदयम्

नै सं
८५७
५५७

लेखकः-

श्री दैवरातः

श्री प्र गो. द. बा. मे. क. बालकृष्ण शमशेर जङ्ग बहादुर राणाको
अध्यक्षतामा-

प्रकाशक-
नेपाली भाषाप्रकाशिनी समिति
नेपाल ।

सम्वत् २००२] -०- [मूल्य

हाकिम मास्टर सागरमणि आ. दी. को

प्रबन्धबाट—

294.5513
DAF

पहिलो पटक १०००

मुद्रक—
सु. ऋद्धिबहादुर मल्ल,
जोरगणेश छापाखाना, नेपाल।

सर्वसुलभ

निवेदन

श्रीमती भारतमातृभूमिमा एक मात्र स्वतन्त्र हिन्दू राज्य नेपाल नै हो, यो कुरा प्रत्यक्ष सिद्ध छ। यस राज्यमा भगवान् पशुपतिनाथ नै इष्टदेवता हुनुहुन्छ, जसका प्रभाव र अनुग्रहले यो नेपालराज्य स्वतन्त्र, सुरक्षित धर्मराज्य हुन गएको छ। यहाँ प्रपञ्चरूपी राज्य र परमार्थरूपी श्रीपशुपतिनाथ दुवैका योगबाट यो क्षेत्र सब किसिमका ऐश्वर्यले पूर्ण प्रापञ्चिक सुख र ईश्वरप्राप्तिरूप पारमार्थिक सुखको पनि केन्द्रस्थान भएको छ।

"हिमालये तु केदारम्" भन्ने वचनानुसार श्री पशुपतिको मूर्ति हिमालयमा बिराजमान द्वादश ज्योतिलिङ्गमध्येका एक श्री केदारनाथको शिरोभागरूप मानिएको छ।

प्रस्तुत—यहाँ सम्वत २००१ मा श्री भगवान् पशुपतिनाथको दर्शनले र दीर्घकालको निरीक्षण तथा वेदमन्त्रका सहायताद्वारा यसका तत्त्वको सम्बन्धमा सूक्ष्म विमर्शनले मलाई जे सुझेको छ, त्यो "पशुपतिहृदयम्" प्रकाश गर्न भगवान् पशुपतिकै प्रेरणाबाट मैले संस्कृत पद्यबन्धले युक्त यो सानो ग्रन्थ लेखेको छु।

सम्वत २००२ चैत्र शुक्ल द्वितीया शनिश्चरवार 'नववर्ष मङ्गल' का दिनमा श्री ३ महाराज जुद्ध शमशेर जङ्गबहादुर राणासाहेबको प्रथम दर्शनका अवसरमा श्री पशुपति चित्रका साथ यो सं-

स्कृत पद्यबद्ध "श्री पशुपतिहृदयम्" का केही अंश श्री ३ सरकार मा नजर गराएँ। मौसूफ अत्यन्त प्रसन्न भइबक्सियो, अनि उच्च र दीर्घ विचारका साथ उदारताले यसको प्रकाशनका निमित्त अभिनन्दन र सहानुभूतिद्वारा मलाई आश्रय बक्सियो। यसका निम्ति मौसूफमा हजारौं हार्दिक धन्यवाद चढाउँछु। यो नेपालको भावी कल्याणको सूचक छ।

यस "पशुपतिहृदयम्" का साथ साथ यो नेपाली अनुवाद पनि राखी छपाउनालाई श्री ३ महाराजबाटै आशय बक्सेको हो। सबै मनुष्य मात्रको कल्याणका निमित्त सम्वत् २००२ भाद्र १७ गते राज्यारोहण महोत्सवको शुभ अवसरमा श्री राजर्षि श्री ३ जुद्ध शमशेर महाराजजीका कर-कमलमा यो पुस्तक सादर समर्पण गरेको छु। आशा छ मौसुफबाट यो स्वीकृत भएर भक्तहरूका हृदयमा फैलाई मेरो यो परिश्रम सफल गराइबक्सिनेछ।

विज्ञापयिता–

दैवरातः कुलपतिः,

गोरक्षा ब्रह्मचर्याश्रम, दक्षिण गोकर्ण।

श्री पशुपतिका भक्तहरूका समीपमा विनति

श्री पशुपतिका अनुग्रहबाट यो रहस्य मैले पाएको छु। यसको फल भाग भक्तजनलाई पनि मिलोस् भन्ने विचारले यो समर्पण गरेको छु। नेपालका प्रत्येक मानिसले यो "पशुपतिहृदयम्" पढेर यसको अर्थ बुझी नित्य पशुपतिको दर्शन तथा स्मरणमा यस रूपको सम्झना गर्नु जरूरी छ। यसरी सधैं अनुसन्धान राखेर तपाईंहरू श्री पशुपतिनाथका अनुग्रहको पात्र हुनुहुनेछ।

तपाईंहरूका हृदयमा यसको ज्ञान हुनु नै मेरा परिश्रमको सफलता सम्झन्छु। यसद्वारा श्री पशुपतिले मलाई जो कृपा गर्नुभएको छ, त्यसका निमित्त म श्री पशुपतिनाथको जन्मजन्मान्तरको ऋणी छु। सारा जिन्दगीभरी यस ग्रन्थको सेवारूपले प्रचार गरे पनि यस ऋणबाट मुक्त हुन सक्तिन तापनि "यावत् कण्ठगतः प्राणस्तावत् कुर्याच्चिकित्सितम्" को न्यायबाट जबसम्म यस शरीरमा प्राण छ तबसम्म नित्य 'पशुपतिहृदयम्' को प्रचार गर्दै रहनु नै मैले आफ्नो जीवनको प्रधान ध्येय–उद्देश्य मानेको छु। यो मेरो सत्सङ्कल्प सत्यसङ्कल्पी श्री भगवान् पशुपतिनाथ नै पूरा गर्नुहोस्, यही प्रार्थना छ।

यो अल्प ग्रन्थ ज्यादै संक्षेपले लेखिएको छ। यसपछि दीर्घ विचारबाट वेद, तन्त्र पुराणआदि सबै प्रमाण ग्रन्थहरूका आ-

धारमा एक हजार श्लोकको "पशुपतिहृदयम्" ग्रन्थ लेख्ने सङ्कल्प गरेको छु। मेरो यो सत्सङ्कल्प पूरा गर्न श्री वागीश्वरी गौरी र स्वयं पशुपतिनाथ नै समर्थ हुनुहुन्छ ।

सब मानिसहरूमा वेदका प्रति रुचि लागोस्, ईश्वरमा भक्ति बढोस्, धर्मको अभिवृद्धि र तत्त्वज्ञानको प्रकाश होओस् । मेरो यो एक मात्र आशा भगवान् श्री पशुपतिनाथ पूर्ण गर्नुहोस् भन्ने प्रार्थना छ।

निवेदक-

दैवरात, कुलपति।

श्री ३ जुद्ध

ग्रन्थसमर्पणम्

श्री राजर्षिवर्यः

श्री श्री श्री जुद्ध शमशेर महाराजः चिरं विजयताम् ।

श्रीमन्नेपालनिष्ठस्त्रिजगदधिपतिस्त्र्यम्बकः सन् पिता नः,
विश्वद्रष्टा हविर्भुक्छशिरविचितियुक्संविदिच्छाक्रियाक्षः ॥
श्रीमच्छक्तित्रयाप्ते प्रबलपरतरे श्रीमहाराजपीठे,
न्यायान्नेता प्रजानां जयति पशुपतिः सर्वतन्त्र स्वतन्त्रः ॥१॥

श्रीमान् राजर्षिवर्यः सुविमलहृदयः श्रीशशक्तित्रयाप्तः,
धीमान् त्सद्धर्मधीरस्त्रिकरणविशदो धीरशम्शेरसूनुः ॥
राजा योगी मनस्वी सकलविजयकृद् राजयोगी विशुद्धः,
शश्वच्छान्त्या समृद्धो जगति विजयतां जुद्धशम्शेरराजः ॥२॥

स्वीये प्रापञ्चकृत्ये सकलविधिपरे रागतः सम्प्रवृत्तः,
निर्लिप्तः सन् त्स्ववृत्या बहिरिह विषये सर्वरस्यादिभोगात ॥
अन्तर्योगात्तपस्वी प्रणिहितमनसा शुद्धयोगीव सिद्धः,
राजर्षिधर्मधीरो जगति विजयतां जुद्धशम्शेरराजः ॥३॥

धीरः क्षत्रेन्द्रयोगादिह सकलकृतौ धीरराजेन्द्रवीर्यात,
शान्तः सन् त्सत्त्वबुद्ध्या हरिचरणरतेर्भक्तियोगात् स्वधर्मात् ॥
धन्यः श्रीगुह्यकालीपशुपतिकृपया पूर्णयोगाधिरूढः,
राजर्षिः सौमनस्यो जगति विजयतां जुद्धशम्शेरराजः ॥४॥

छन्दोबद्धं विशुद्धं सकलगुणमयं दिव्यतत्त्वप्रपूर्णं,
रुद्रात् प्राप्तं तदस्मै 'पशुपतिहृदयम्' श्रद्धयैवार्पितं सत् ॥
शान्त्यै शक्त्यै विभूत्यै सकलहितकृते श्रीमहाराजहस्ते,
विश्वस्मिन् सम्प्रकाशान् निखिलजनमनश्शुद्धिकाशाय दत्तम् ॥५॥

स्वीकुर्यात् प्रेमभावात् सकलजनमनः शान्तये शान्तचित्तः,
दिव्यं सद्ग्रन्थसिद्धं पशुपतिहृदयं सर्वतः सम्प्रकाशे ॥
धन्यं। धर्मैकनिष्ठः प्रभवतु सदयः श्रीमहाराजदेवः,
इत्याशास्ते हृदान्तः पशुपतिनिरतः प्रार्थयन् दैवरातः ॥ ६ ॥

श्रीमत् 'पशुपतिहृदयं'
नित्यं संवसतु तत् सतां हृदये ॥
हृदये मिलितं हृदयं
पूर्णात्मन् लसतु सद्धृदये ॥ ७ ॥

—— ० ——

भूमिका

धर्मावतार श्री ३ महाराजको करुणाले आज श्रीपशुपतिनाथका भक्त हामी नेपालीले उनै भगवान् विषयक पुस्तक काखी च्याप्न पाएका छौं।

शिला र शिलापत्रको विभिन्नता हामी भक्तिले खडा गरिएको सामान्य मूर्ति र तात्विक मूर्तिमा पाउछौं; शिलासित हामी कुरा गर्न सक्छौं, शिलपत्र हामीसित कुरा गर्दछ; त्यस्तै साधारण मूर्तिमा हामी विश्वको कल्पना गर्न सक्छौं, तात्विक मूर्तिले हामीलाई विश्वको कल्पना गराउँछ। कोही पत्थरको निराकारतामा परमेश्वरको निराकारता कल्पना गर्न सजिलो सम्झन्छन्, परन्तु निराकार पत्थरमा पत्थरकै आकार बाँकी रहन्छ, निराकार ब्रह्मको कल्पना तत्वज्ञानमा नै सम्भव छ, तसर्थ तात्विक मूर्ति कविको वेद जस्तै कलाकारको वेद हो।

हाम्रा श्री पशुपतिनाथजीको मूर्ति संसारको एक तात्विक मूर्ति हो। नाथ हाम्रा यति प्यारा हुनुहुँदो रहेछ कि उहाँलाई देख्ने बित्तिकै मुग्ध भई हामी आँखा चिम्लदा रहेछौं, हामीलाई उहाँको दर्शन दृष्टिलाई आँखा पाए जस्तो हुँदो रहेछ—। आज श्री रमणमहर्षिका शिष्य श्री दैवरात गजानन शर्माजीको यो पुस्तकले हामी भक्त नेपालीलाई श्रीपशुपतिनाथजीलाई भक्तिका दुइ आँखाले मात्र होइन तत्व खोज्ने तेस्रो आँखाले पनि दर्शन

गर्न सिकायो । हुन ता नेपालका श्री पशुपतिनाथजीको मूर्ति कुन तन्त्रविशेषद्वारा यथार्थ रूपले स्थापन भएको हो सो पेले सम्म पाइएको छैन .तापनि विद्वानहरूका परिश्रमी खोजीले सो अवश्य पाइने नै छ । हाम्रो हृदयमा श्री पशुपतिजीको गौरब जतिसुकै भए पनि यो पुस्तकले सो गुरुतालाई नबढाई रहने छैन । यो पुस्तकमा नेपालका इष्टदेवको विषय भएकोले नेपालीको, अनि सोही अनुवाद गरी प्रकाश गर्न पाएकोले भाषाको तर्फबाट नेपाली भाषाप्रकाशिनी समिति श्री दैव-रातजीलाई धन्यवाद उपहार गर्दछ ।

२००२ बालकृष्ण शमशेर

भाद्र १२ (अध्यक्ष ने. भा. प्र. समिति)

ॐ श्रीः
श्रीपशुपतिः
स्फटिक-कलशः
मुकुटम्

॥ ईं ॐ श्रीः ॥

॥ श्री पशुपतिःप्रसन्नोऽस्तु ॥

॥ श्री पशुपतिहृदयम् ॥

॥ मङ्गलनमस्कारः ॥

"नमः शिवाय रुद्राय पशूनां पतये नमः ।
मातापितृस्वरूपाय श्रीगौरीशङ्करात्मने ॥"

"भगवन् भर्ग समग्रविभूते भावक भद्रद रुद्र नमस्ते ।
पूर्णात्मक परमेश्वरमूर्ते तस्मै पशुपतयेऽस्तु नमस्ते ॥"

॥ मङ्गलविजयघोषः ॥

"श्रीमन्नेपालराज्याद्यधिपतिपदभृद् राजराजेश्वरोऽयम् ,
सर्वात्मा सार्वभौमः परमरसनिधी राजराजेश्वरीष्टः ॥
रुद्रः श्रीशक्तिपूर्णो वसुमयचितिभिः सत्कलाभिः प्रपन्नः,
विश्वस्यैव प्रशान्त्या जयति पशुपतिः पार्वतीशः परेशः ॥ १ ॥

सब ऐश्वर्यले परिपूर्ण यस नेपालराज्यको प्रधान र प्रथम आधिपत्यको राजपदवीलाई धारण गर्ने सब राजाहरूका पनि राजा, सर्वान्तर्यामी, चेतना योगशक्तिको रूपले भरिएका, सारा संसारका सार्वभौम सम्राट्, अत्यन्त श्रेष्ठ परमानन्द रसको समुद्ररूपी, श्रीरूप शक्तिहरूले परिपूर्ण, आफ्ना सबै सत्कलाहरूले युक्त श्रीपराशक्तिरूपिणी राजराजेश्वरी त्रिपुर-सुन्दरीका इष्टदेवतारूप, नेपालमा प्रत्यक्ष रूपले प्रकट हुनुभएका पार्वतीपति परमेश्वर श्रीरुद्र भगवान् पशुपतिनाथ आफ्नो क्षेत्ररूपी यस नेपालराज्यमा विलास गर्दै सारा विश्वको परम शान्तिका निमित्त स्वयं निरन्तर विश्वविजयी हुनुहुन्छ। यही एक नेपालको परम सौभाग्यको मूल बीजमन्त्र छ।

॥ श्रेष्ठो भरतखण्डः ॥

प्रत्यक्षैकाधिभूतप्रकृतिहितकलासत्क्रियायज्ञयोगात्,
परोक्षेशाधिदैवप्रणिहितपरधीभावनासत्त्वयोगात् ॥
अध्यात्मैकापरोक्षप्रचुरतरतपोज्ञाननिष्ठादिभावात्,
तत्त्वैक्यादिप्रधानं जगति परतरं भारतं योगभूमिः ॥ २ ॥

सारा संसारमा 'भरतखण्ड' नामले प्रसिद्ध भारतवर्ष नै सबभन्दा श्रेष्ठ छ। यही हामी हिन्दूहरूको मातृभूमि हो। भारत-वर्षसिवाय अरू सब देशहरूमा खालि बाह्य भौतिक दृष्टिले नै कला-कौशल, नीति, कानून, सभ्यता इत्यादिको व्यवहार

भइरहेछ । यस भारतवर्षमा मात्र वैदिक ऋषिकालदेखि लिएर आजसम्म–प्रत्यक्ष आधिभौतिक, परोक्ष अधिदैवत र अपरोक्ष आध्यात्मिक–यी तीन–तत्त्वहरूका सहयोगबाट वेदशास्त्रादि अति प्राचीन आर्ष प्रमाणग्रन्थहरूका आधारमा ज्ञान, भावना र कृतिका योगबाट विद्या, प्रापञ्चिक तथा पारमार्थिक धर्म-कर्मादिरूप सब व्यवहार चलिरहेका छन् । यस प्रत्यक्ष विश्वरूप जगत्–जनार्दनको प्राकृतिक बनेका जो तत्त्व छन्, ती नैसर्गिक अकृत्रिम कला–कौशलले युक्त सत्क्रियादि सब किसिमका यज्ञ यहाँ प्रधानताले भइरहन्छन् ।

"योग हो कर्म–चातुरी" (गीता २।५०)

"यज्ञ चल्दछ कर्मले" (गीता ३।१४)

"धनले र तपस्याले, योगले, ज्ञानले अरू ।
कोही स्वाध्यायले यज्ञ गर्दछन् ती व्रतीहरू ॥" (गीता ४।२८)

प्रायः सब हिन्दूहरू आस्तिकभावले ईश्वरीय सत्तालाई मान्दै ईश्वरको शासनरूप वेदशास्त्रादिको प्रमाणबाट नै सब वैदिक र लौकिक व्यवहारमा चलेका हुन्छन् । अर्थात् बाहिरी विषयभोगरूपी पशुवृत्ति र स्वार्थ तथा स्वाद बुद्धिलाई छोडेर शास्त्रानुसार आफ्ना आफ्ना कर्त्तव्यमा लागेका हुन्छन् र परोक्ष तत्त्वरूपी परब्रह्म परमात्मा ईश्वरादि देवतासम्बन्धी तत्त्वले युक्त ईश्वरीय सत्ताको श्रद्धाले दृढ र शान्तबुद्धि तथा सात्विक सद्भावनाको सहयोगबाट यहाँका हिन्दू प्रजाको

आचार-व्यवहारका नियम बनेका छन् । अर्थात् भारतीय प्रजामा ईश्वरीय भावना प्रधान छ। फेरि अपरोक्ष तत्त्वरूपी भित्री आध्यात्मिक ज्ञान, विद्यायुक्त धर्म, तपोयोगादि निष्ठा पनि उच्च शास्त्रीय मर्यादा अनुसार यहाँको हिन्दू समाजमा पाइन्छ ।

यसरी यी तीन तत्त्व नै सब शास्त्रीय व्यवहारमा प्रधान हुनाले यिनै श्रेष्ठ छन् पूर्ण छन् । खालि भौतिक तत्त्वबाट कुनै कार्य. कुनै ध्येय पूरा हुन सक्तैन र यी तीन तत्त्वले पूर्ण हुनाले नै भारतवर्ष सारा संसारमा श्रेष्ठ योगभूमि हो भन्ने सिद्ध हुन्छ ।

"यस पृथिवीमा भारतवर्ष कर्मभूमि भनिएको छ। कर्मानुसार यो नै फलभूमि स्वर्ग र नरक छ। हे श्रेष्ठ पुरुष हो ! मानिसले यस भारतवर्षमा धर्म, अर्थ, काम र मोक्ष पाउँदछन्। यस कारण यस जगत्मा भारत समानको अर्को कुनै देश छैन"

(ब्रह्मपुराण अ. २७)

विशेष— आज विदेशीहरूका संसर्गले भारतीयहरूमा पनि खालि बाह्य दृष्टिबाट 'ज्ञान, भावना, कृति र भाषा आदि विषयमा शारीरिक, वाचिक र मानसिक संस्कृति बदलिएको देखिन्छ, तापनि यिनका बीउ र क्षेत्रको योगबाट बनेको अति सूक्ष्म आन्तर्य आर्ष-संस्कृति फेरिएको छैन, न त त्यो पछि

फेरिन्छ । अर्थात् बाहिरको वेश, भाषा इत्यादिमा हेरफेर भए पनि संस्कृतिमा हेरफेर कहिल्यै पनि हुन शक्दैन । त्यो प्राचीन आर्षेय संस्कृति आज पनि ब्रह्मक्षत्रादि वीर्ययुक्त प्रत्येक हिन्दू स्त्रीपुरुषहरूमा गुप्त भएर रहेको छ र त्यो कुनै वेला फेरि आफ्नो रूप र स्वभावमा देखिनेछ (प्रकाशित नभई रहने छैन) ।

॥ भारतमातृभूमिः ॥

श्रीगोभूदेवधर्मप्रणयविनयधीवेदविद्यादिपूर्णं,
सम्पन्नं सर्वरत्नैः पशुभिरपि जनैः सत्वशीलैः सुवीर्यैः॥
अन्नैः सञ्जीवनीयैः फलरसकुसुमैरौषधैः सत्वभूतैः,
सर्वैश्वर्यैः समृद्धं जगति परमिदं भारतं मातृभूमिः ॥ ३ ॥

हामी मनुष्य तथा प्राणी मात्रको प्रापञ्चिक र पारमार्थिक सुखका निमित्त जुन जुन चीज आवश्यक छन्, ती सब भारतवर्षमा भरपूर छन् । यस कारण यो भूमि श्रेष्ठ छ ।

लक्ष्मी, गाई, भूमि सब किसिमका फलफूल र अन्न उब्जने योग्य भूमि, देवता, धर्म र प्रजामा पारस्परिक प्रेमभाव, नम्रता, सरल बुद्धि तथा वेदशास्त्रादि सब विद्याहरूले यो भारतवर्ष पूर्ण छ । सुन, चाँदी, हीरा आदि रत्नहरू, गाई, भैंसी, हात्ति घोड़ा जस्ता उपयोगी पशु, अनेक किसिमका खेती, काम गर्ने सत्त्वशील इमानदार नोकर-चाकर, प्रजाको नित्य जीवनका निमित्त प्रशस्त पुग्ने अन्न, खास गरेर स्वास्थ्यका निमित्त अत्यन्त जरूरी सञ्जीवनरूप औषधि, वनस्पति, फल,

मूल, रस पदार्थ इत्यादि सब तरहका ऐश्वर्यले भरिएको हुनाले नै सारा संसारमा यो भारतवर्ष मात्रै स्वर्णभूमि मानिएको छ। यही हामी हिन्दूहरूको मातृभूमि हो।

॥ नेपालनामकं श्री पशुपतिक्षेत्रम् ॥

सम्पूर्णे भारतेऽस्मिन्नपि वसुभरिते भूशिरः स्थानभूते ,
शश्वच्छान्त्यादिकेन्द्रे हिमगिरिशिखरेऽप्युत्तरेऽप्युत्तमेऽन्तः ॥
पुण्ये नैसर्गरम्ये परगहनवने सद्विचित्रे पवित्रे ,
क्षेत्रे नेपालसंज्ञे लसति पशुपतिर्ज्योतिरात्मा चिदीशः ॥ ४ ॥

सब ऐश्वर्यले पूर्ण भारत भूमाताको शिरस्थानरूपी हिमालयको अग्लो शिखरमा कायमी शान्ति सुखको केन्द्रस्थान रूपी उत्तर दिशामा, अति असल ठाउँमा, अग्ला अग्ला रूख, हरिया घाँस, वनस्पति आदि अनेक तरहका वनलक्ष्मीका शोभाले युक्त, पुण्य र रमाइलो ज्यादै बाक्लो जङ्गल र नैसर्गिक रचनाले विचित्र यस नेपाल नामको आफ्नो क्षेत्रमा परम शान्त, परम शिवस्वरूपी श्री पशुपतिनाथ विराजमान हुनुहुन्छ, जो हिमालयका शिखरमा स्थित श्री केदारनाथ ज्योतिर्लिङ्गको शिरोभागरूप मानिनुभएको छ। यस कारण नेपालको 'पाशुपत क्षेत्र' भन्ने नाम पनि पुराणहरूमा प्रसिद्ध छ।

"हे अगस्त्य ! धर्म, अर्थ, काम, मोक्ष यी चारै वर्गको फल दिने हिमालय समानको पवित्र तपस्थान यस पृथिवीमा

अर्को छैन, छैन । सर्वत्र नेपाल नामले प्रसिद्ध यो महान् पाशुपत क्षेत्र भुक्ति–मुक्ति दिने र त्रिलोकमा महत्व पूर्ण छ ।"

(हिमवत्खण्ड अ. ८०)

"यस संसारमा नेपाल नामले विख्यात शहरमा सब इच्छा पूर्ण गर्ने, सबै कर्मको फल दिने पशुपतिनाथ नामको शिरोभागरूपी शिवलिङ्ग छ ।"

(महाशिवपुराण कोटिरुद्र सं. अ. १.)

प्राचीन कालमा 'ने' नामका ऋषिबाट यस क्षेत्रको पालन भएको हुनाले 'नेपाल' नाम रहेको हो ।

"हिमालयको काखमा रहेको क्षेत्र 'ने' नामका पुण्यकर्मा मुनिबाट पालिएको हुनाले 'नेपाल' कहलियो । भगवान् पशुपतिको यस क्षेत्रमा धर्मले धर्मको रक्षा गर्दछ ।"

॥ पशुपति शब्दार्थः ॥

कामाज्ञानप्रमोहप्रमुखविषयकैर्मृत्युपाशैः प्रबद्धाः,
ब्रह्माद्याः स्थावरान्ताः पशव इति मता जीवरूपाः समस्ताः ॥
सर्वेषां तत्पशूनां पतिरिह परमो मोचको मृत्युपाशात्,
मृत्योर्मृत्युः स रुद्रो जयति पशुपतिः सोऽमृतात्माऽमरेशः ॥५॥

काम (इच्छा), अज्ञान र मोह आदि विषयरूपी मृत्युपाशले बाँधिएका ब्रह्मादि स्थावरान्त चराचर प्राणी मात्र पशु मानिएका छन् । ती सब पशुहरूलाई त्यस मृत्युपाशबाट छुटाउने

नै तिनका परम पति परमेश्वर हुन्। यस कारण उनी स्वयं अमृतात्मरूपी अमर, देवादिदेव, मृत्युका पनि मृत्यु (महाकाल) संहार शक्तिरूपी मृत्युञ्जय रुद्र नै पशुपति हुन्, उनै विश्वविजयी छन्।

यस तत्वबाट पाशुपत मतमा पशु, पाश र पति यी तीनै पदार्थ प्रधान मानिएका छन्।

"मृत्योर्मुक्षीय माऽमृतात्" (ऋ. मं. ७।५९।१२)
"मुमुग्ध्यस्मान् निधयेव बद्धान्" (ऋ. मं. १०।७३।११)

यस्तो ऋषिहरूको प्रार्थना छ, त्यो यही अर्थ बताउँछ।

॥ पञ्चमुखी पशुपति ॥

श्रीमन्नेपालनिष्ठः प्रभवति भगवान् सर्वशक्तिप्रपूर्णः,
ब्रह्मात्मा वेदवक्त्रः परमसुखमयो ज्ञानसत्त्वप्रकाशात् ॥
तत्पूर्वादक्षिणोदग्वरुणमुखयुतो मध्यलिङ्गोर्ध्ववक्त्रः,
पञ्चब्रह्मस्वरूपो लसति पशुपतिः प्राणपञ्चाननोऽयम् ॥ ६ ॥

यस नेपाल क्षेत्रमा श्री पशुपतिनाथ सब शक्तिले परिपूर्ण भएर विराजमान छन् र आफ्ना ज्ञानसत्त्वको प्रकाशन गर्दै सधैं विलास गरिरहेका छन्। चैतन्य परब्रह्म परमात्मा नै उनको सच्चा स्वरूप हो। चार वेद उनका मुख हुन्, उनी स्वयं परमानन्दमय छन्। पूर्व, पश्चिम, दक्षिण, उत्तर र ऊर्ध्व यी पाँच दिशामा रहने पञ्च प्राणरूप पाँच मुख भएका पञ्च ब्रह्म-

रूपी, यो विश्वरूप तत्त्वले सम्पन्न अद्वितीय श्री भगवान् पशुपति सर्व समर्थ प्रभु छन् ।

॥ पूर्वमुखम् ॥

रुद्रः पूर्वामुखस्तत्पुरुष इति नुतः पारमैश्वर्ययोगात् ,
इन्द्रः सन् सर्वदेवाद्यधिपतिरमलो वैद्युतः पूरुषोऽयम् ॥
प्राच्यामन्तः स इष्टः सकलचिदुदयाद् ब्राह्मशक्त्याप्रपन्नः,
नाम्ना धाम्ना महिम्ना भुवि भवति भवो भद्ररूपस्त्रिनेत्रः ॥७॥

पशुपतिका पूर्वमुखको नाम 'तत्पुरुष' छ । त्यो 'तत्' शब्द परोक्ष अर्थको बोधक र परमपुरुषको वाचक छ । परम ऐश्वर्यका योगले पूर्व दिशाका अधिपति इन्द्र नै तत्पुरुष मानिएका छन् ।

"इदि परमैश्वर्ये" यस धातुबाट 'इन्द्र' शब्द बनेको छ । ती इन्द्र सब देवताहरूका राजा हुन्, ती परिशुद्ध वैद्युत् पुरुष हुन् । सूर्यादि सब दिव्य देवादि वस्तुहरूको उदय पूर्व दिशामा हुन्छ । यस कारण ती ब्राह्मीशक्तिले युक्त भएका छन् । त्यस पूर्व दिशाका रुद्र अथर्व वेदमा 'भव' कहिएका छन् ।

"तस्मै प्राच्या दिशो अन्तर्देशाद् भवमिष्वासमनुष्ठातारमकुर्वन् ।" (अथर्व० १५ । ५ । १)

ती 'भव' नाम, धाम र महिमाले यस भूमिमा तीन नेत्र-

ले युक्त भएर मङ्गलरूपी भएका छन् ।

"तत्पुरुषाय विद्महे महादेवाय धीमहि तन्नो रुद्रः प्रचोदयात् ।" (ना. उ.)

ती तत्पुरुषलाइ हामी जान्दछौं, ती महादेवको ध्यान गर्दछौं, ती रुद्र हामीलाई प्रेरणा गरून् ।

"कुङ्कुमाभं विशालाक्षं त्रिनेत्रं रक्तकुण्डलम् ।
चन्द्राङ्कित जटाजूटं प्राचि तत्पुरुषाननम् ॥"

(ईशान शिव गुरु देव पद्धतिः पटले ४०)

॥ दक्षिणमुखम् ॥

रुद्रो घोरोऽप्यघोरो भवति पशुपतौ दक्षिणास्यः परः सन्,
दक्षः कालाग्निरुद्रः शिव इह यमराडुग्ररूपस्त्रिनेत्रः ॥
वामे सर्पावतंसादपि तदितरतः कुण्डलाद् वृत्तरूपाद्,
घोराघोरस्वरूपो लसति पशुपतिर्भीषणः शर्वनामा ॥ ८ ॥

दक्षिण मुखको नाम अघोर छ, जो घोर छैन अर्थात् शान्तरूप नै अघोरको अर्थ हो । ती घोराघोररूपी छन् । ती दक्षिण दिशाका अधिपति साक्षात् कालाग्निरुद्र "यमराज" हुन् । यस कारण तीन आँखा भएका ती अत्यन्त उग्ररूपी मानिएका छन् । यस दक्षिण मुखको दांहिने कानमा सर्पको कुण्डल छ ।

देब्रे कानमा गोल कुण्डल छ, यसैले घोराघोर स्वरूप भएका छन् ।

यस मुखमा पशुपति भयङ्कर रूप धारण गरेर रहन्छन् । यस कारण वेदमा यिनको नाम 'शर्व' पनि छ ।

"अघोरेभ्योऽथ घोरेभ्यो घोरघोरतरेभ्यः
सर्वेभ्यः सर्वशर्वेभ्यो नमस्ते अस्तु रुद्ररूपेभ्यः ॥"

शान्त र घोररूप धारण गरेका, अत्यन्त भयङ्कर भएका, सब प्राणीहरूको संहार गर्ने तिम्रा उग्ररूप सबै रुद्रहरूलाई नमस्कार होओस् ।

"तस्मै दक्षिणाया दिशो अन्तर्देशात् शर्वमिष्वासमनुष्ठातार मकुर्वन्" । (अथर्व १५।५।४)

"भिन्नाञ्जननिभं सिंहत्रिनेत्रं सिंहनासिकम् ।
दंष्ट्राकरालं दष्टोष्ठं संलिहद्रसनोज्ज्वलम् ॥
पिङ्गश्मश्रुजटाजूटं सर्पप्रोतशिरः स्रजा ।
सेन्दुखण्डमरालभ्रूः स्यादघोरं तु दक्षिणे ॥"

॥ उत्तरमुखम् ॥

रुद्रोऽसौ वामदेवः परशिव उदगादुत्तरास्यः स सोमः,
उग्रो वामार्धभागे स भवति जटया कुण्डलान्नागरूपात् ॥

दक्षार्धे स्त्रीविलासाभरणगुणकलाभूषितः सन् विचित्रः,
संसिद्धः सुन्दरोऽयं पृथगुदितकचाच्छक्तिवृत्तावतंसात् ॥ ६ ॥

पशुपतिका उत्तर मुखको नाम 'वामदेव' छ। उत्तर दिशाका अधिपति 'सोम' नै वामदेव हुन्।

"उदीची दिक् सोमोऽधिपतिः" (अथर्व ३।२७।४)

यिनको नाम 'उग्र छ'।

"तस्मै उदीच्या दिशो अन्तर्देशात् उग्रं देवमिष्वासमनुष्ठातारमकुर्वन्" (अथर्व १५।५।१०)

पशुपतिका अरू तीन मुखभन्दा यस उत्तर मुखमा केही विलक्षण रूप छ। यी वामदेवका देब्रे कानमा नाग कुण्डल छ, फेरि देब्रेतिर शिरमा अग्लो जटाजूट छ। दाहिनेतिर जटादेखि अलग स्वास्नीमानिसहरूका झैं बाँधिएको केशको मुकुट जस्तो छ, कानमा कमलको जस्तो गोलाकार बुट्टेदार कुण्डल छ। यसरी यी 'वामदेव' दाहिनेतिरको आधा भागमा स्त्रीविलासका योग्य आभरणहरूका गुणका कलाले भूषित भएका छन्। यसैले यी सुन्दररूप बनेका छन्।

"वामदेवाय नमो ज्येष्ठाय नमः श्रेष्ठाय नमो रुद्राय नमः कालाय नमः कलविकरणाय नमो बलविकरणाय नमो बलाय नमो बल प्रमथनाय नमः सर्वभूतदमनाय नमो मनोन्मनाय नमः" (ना. उ.)।

ज्येष्ठ श्रेष्ठादि गुणले युक्त यी वामदेवलाई नमस्कार छ।

"बन्धु जीवारुणं रम्यं स्त्राविलासविभूषितम् ।
उत्तरे वामदेवाख्यं मुखं कुर्यान्मनोहरम् ॥"

(ई. शि. पटले ४०)

॥ पश्चिममुखम् ॥

सद्योजातोऽयमीशो जगति समुदितः पश्चिमास्यः प्रचेताः,
सिद्धोऽयं बालभावात् प्रथमगुणदशायोगतो निर्विशेषः ॥
दिव्यः सोऽयं किरीटी त्रिनयनलसितः पद्मसत्कुण्डलाप्तः
श्रुत्योद्दिष्टः प्रतीच्यां भवति पशुपतिः पूरुषः प्रत्यगात्मा ॥ १० ॥

पशुपतिका पश्चिम मुखको नाम 'सद्योजात' छ । यी पश्चिम दिशाका देवतारूपी वरुण हुन् ।

"प्रतीची दिक् वरुणोऽधिपतिः" (अथर्व ३।१७।३)

सद्योजात शब्दको अर्थ 'भर्खर जन्मेको' हुन्छ । यी बालभावले सिद्ध प्राथमिक निर्विषय दशाका रूप हुन् । यस मुखमा तीन आँखा छन्, शिरमा किरीट र दुवै कानमा एकैनासका पद्मकुण्डल छ । अथर्व वेदमा यो पश्चिम मुखको नाम पशुपति प्रसिद्ध छ ।

"तस्मै प्रतीच्या दिशो अन्तर्देशात् पशुपतिमिष्वासमनुष्ठातारमकुर्वन्" (अथर्व ५।१५।७)

अर्थात् यी पश्चिममुखी पशुपति सद्योजात अवस्थाको बालक समान निर्विषय निर्विशेष बालभावबाट प्रसन्न मुद्राले रहन्छन् ।

"सद्योजातं प्रपद्यामि सद्योजाताय वै नमोनमः ।
भवे भवे नातिभवे भवस्वमां भवोद्भवाय नमः ॥"

सद्योजात रुद्रलाई म पाउँदछु, ती सद्योजातलाई वारंवार नमस्कार छ ।

"पूर्णेन्दुकुन्दधवलं प्रसन्नं रक्तकुण्डलम् ।
चन्द्राङ्कितजटाजूटं सद्योजातं तु पश्चिमे ॥"

॥ प्रत्येकस्मिन् मुखे हस्तद्वयम् ॥

प्रत्येकं श्रीमुखं तत् करयुगकलितं सत् स्वराणां रसाणीः,
पूर्णं वाक्प्राणशक्तिप्रणिहितकरयुक् साक्षमालोदकुम्भम् ॥
वाक्छवल्या गङ्गया च प्रतिदिशमुदितः सोऽष्टशक्तिप्रपूर्णः,
वेदास्यो ब्रह्ममूर्तिः पशुपतिरुभयैः संहितः सोऽष्टमूर्तिः ॥ ११ ॥

पशुपतिका चारै मुखहरूमाको प्रत्येक मुखमा दुइ दुइ हात छन्, तिनमा पनि हरएक मुखका दाहिने हातमा १६ (१२) दानाको रूद्राक्षको माला र देब्रे हातमा कमण्डलु छ ।

स्वर र वर्णरूप तत्त्वले युक्त वाक् शक्तिरूप वर्णमाला नै त्यो रुद्राक्षमाला हो। रुद्रबाट निस्केका अकारादि क्षकारान्त वर्णमाला नै रुद्राक्षमाला मानिएको छ।

रसतत्त्वले युक्त प्राणशक्तिरूप अमृतले पूर्ण कलश प्राण-शक्तिको बोधक छ।

यसरी वाक्शक्तिरूपिणी गौरी, प्राणशक्तिरूपिणी गङ्गा यी दुवै शक्तिहरूका साथ श्री पशुपति प्रत्येक दिशामा प्रकट भएका छन्। यस कारण ती अष्टशक्तिहरूले युक्त वेदमुख परब्रह्मका विश्वरूपी अष्टमूर्तिका तत्त्वले नै प्रकट छन्। ती आठ भुजा नै आठ शक्तिका बोधक हुन्।

॥ ऊर्ध्वमुखम् लिङ्गरूपम् ॥

ऊर्ध्वज्योतिः स लिङ्गात्मकमुखतनुभृत् सर्वविद्येश्वरोऽसौ,
ईशानः शक्तिपूर्णस्त्रिजगदधिपतिस्त्र्यम्बकस्त्रीक्षणः सः ॥
मध्ये बिन्दौ स्थितः सन दशदिगनुगतज्योतिषैकादशात्मा,
श्री रुद्रो रोरवीति श्रुतिवचनमुखाज्ज्ञानसञ्जीवनीयम् ॥ १२ ॥

ऊर्ध्वमुखको नाम 'ईशान' छ। त्यो ऊर्ध्वमुखी ज्योतिरूप केवल लिङ्गरूप मुखधारी छ। यस कारण त्यो लिङ्ग शरीररूपी मानिएको छ। हात, पाउ आदि सबै इन्द्रियहरूले रहित लिङ्ग-मात्र शरीररूप छ, त्यही पशुपतिको प्रधान स्वरूप हो। यस कारण सर्वत्र शङ्करजीको प्रतिमा खालि लिङ्गरूप नै बनेको छ। ती सबै विद्याहरूका अधिपति छन्।

माथिको लिङ्गरूप मुख सब शक्तिहरूले पूर्ण छ। जहाँ कुनै रूप रहँदैन त्यही सब रूपहरूको अधिष्ठान हो। यस कारण त्यो ऊर्ध्वमुख परम शिवबाट अभिन्न पराशक्तिरूप नै मानिएको छ।

त्यो श्री चक्रको सारभूत बिन्दु र त्रिकोणात्मक तत्त्वयुक्त हुनाका कारण 'भूर्भुवः स्वः' यी तीनै लोकको अधिपति मानिएको छ र ज्ञान, इच्छा, क्रियात्मक तीन शक्तिरूपक 'सोम, सूर्य र अग्निरूप' तीन आँखा भएको छ। त्यस त्रिकोणात्मक पराशक्तिको प्राणपीठका बीचमा अथवा सारा ब्राह्माण्डको मध्यबिन्दुरुप अन्तरिक्ष स्थानमा निराधारले ती ईशानरुद्र स्थित छन्। यसै कारणले उनका किरणहरू दसै दिशामा फैलिन्छन्, त्यसैबाट ती एकादश रुद्र मानिएका छन्।

सर्वविद्याधीश ती भगवान् रुद्र सर्वज्ञान शक्तिले पूर्ण भाको परावाक्शक्तिरूप वेदवचनका मुखबाट ज्ञानरूप सञ्जीवनीय रसको अन्तस्फूर्ति र बाहिरी उच्छ्वास रूपबाट हरदम उद्गार निकालिरहेका छन्।

"ईशानः सर्वविद्यानामीश्वरः सर्वभूतानां ब्रह्माधिपतिर्ब्रह्मणोऽधिपतिर्ब्रह्मा शिवो मे अस्तु सदा शिवोम्" (ना. उ.)।

सब विद्याहरूका मालिक, सब प्राणिहरूका नेता, चालक, ब्रह्माण्डका वरिष्ठ, हिरण्यगर्भका पनि अधिपति, प्रत्यक्ष ब्रह्मरूप वेदका पनि अधिपति, परब्रह्मरूपी ती शिव मलाई सधैं मङ्गल दिने होऊन्।

यी पाँच मुखहरूका पाँच आम्नाय संज्ञा तन्त्रमा प्रसिद्ध छ।

॥ पञ्चमुखानां पञ्चप्राणात्मकत्वम् ॥

सर्वान्तर्यामिणोऽन्तर्हृदयचितिमतो रुद्रहृद्यात्मनस्ते,
पञ्च प्राणाः प्रमुख्या मुखवदभिहिता दिक्स्थिता द्वारपालाः ॥
प्राणः पूर्वस्त्वपानो वरुणदिशिहितो दक्षिणो व्यानसंज्ञः,
सोमाख्यो वै समानो ह्युपरितनमुखः सन्नुदानः श्रुतीष्टः ॥१३॥

सब प्राणीहरूका अन्तर्हृदयका चेतनाशक्तिको रूपले बस्ने सर्वान्तर्यामी परम पुरुषरूपी रुद्रनामक अन्तरात्माका प्राणापानादिरूप पाँच प्राण नै मुख मानिएका छन्। ती पाँच प्राण नै पञ्च ब्रह्मपुरुष हुन्, पाँच दिशाहरूका अधिपति स्वर्गलोकका द्वारपाल हुन्।

पूर्व मुख नै प्राण हो, पश्चिम अपान, दक्षिण व्यान, उत्तर समान र ऊर्ध्वमुख उदान हो भनी छान्दोग्योपनिषद्मा स्पष्ट भनेको छ।

"अन्तरिच्छन्ति तं जने रुद्रं परो मनीषया" (ऋ.)

यसबाट सब मनुष्यमा बुद्धिबाट पर ती रुद्र बस्तछन् भन्ने सिद्ध हुन्छ। ती हृदयमा बस्ने हुनाले नै हृदयरूपी छन्।

"वोचेम शन्तमं हृदे" (ऋ. मं.)

"स वा एष आत्मा हृदि तस्यैतदेव निरुक्तं हृद्ययमिति तस्मात् हृदयम्" (छा. उ. ८, ३, ३)।

यो आत्मा हृदयमा छ, यस कारण यसको नाम 'हृदय' भएको छ । त्यही हृदयरूप रुद्रका पांच प्राण कहिएका छन् ।

"तस्य वा एतस्य हृदयस्य पञ्च देवसुषयः स योऽस्य प्राङ्सुषिः स प्राणः योऽस्य दक्षिणः सुषिः स व्यानः, योऽस्य प्रत्यङ् सुषिः सोऽपानः, योऽस्योदङ् सुषिः स समानः, योऽस्योर्ध्वः सुषिः स उदानः इति ।"

"ते वा एते पञ्च ब्रह्मपुरुषाः स्वर्गस्य लोकस्य द्वारपाः" (छा. उ. ३, १३) ।

यसबाट अन्तरात्मरूपी रुद्रका पञ्च प्राण नै पञ्च ब्रह्म पुरुषरूपी पाँच मुख हुन् भन्ने सिद्ध हुन्छ ।

रुद्रका यी पाँच मुखहरूको उल्लेख रुद्रीमा स्पष्ट छ ।

"नमो रुद्रेभ्यो० तेभ्यो दश प्राचीर्दश दक्षिणा दश प्रतीचीर्दशोदीचीर्दशोर्ध्वास्तेभ्यो नमः ।।" (य. वा. १६, ६४) (तै. सं.)

—=०=—

रुद्रस्य षड् दिङ्मुखानि ॥

	अथर्व सं. ३, २६, १–१६			अथर्व सं. ३, २७, १–६.			अथर्व १५, ५, १, १–२१
	दिङ्नाम	देवाः	इषवः	अधिपतिः	रक्षिता.	इषवः	अन्तर्देशात् . अनुष्ठाता (इष्वासः)
१	प्राची	हेतयः	अग्निः	अग्निः	असितः	आदित्याः	भवः
२	दक्षिणा	अविष्यवः	कामः	इन्द्रः	तिरश्चिराजिः	पितरः	शर्वः
३	प्रतिची	वैराजाः	आपः	वरुणः	पृदाकुः	अन्नम्	पशुपतिः
४	उदीची	प्रविध्यन्तः	वातः	सोमः	स्वजः	अशनिः	उग्रः
५	ध्रुवा	निलिम्पाः	ओषधीः	विष्णुः	कल्माषग्रीवः	वीरुधः	रुद्रः
६	ऊर्ध्वा	अवस्वन्तः	बृहस्पतिः	बृहस्पतिः	श्वित्रः	वर्षम्	महादेवः
७	सर्वे अन्तर्देशाः	......	....	....	....	....	ईशानः

।। समष्टिरूपस्य पशुपतेर्विश्वविचित्ररूपम् ।।

रुद्रः संवित्प्रधानो लसति परशिवः सर्वसत्त्वप्रपूर्णः,
इच्छाज्ञानक्रियात्मत्रिपुरभगवतीसुन्दरीशक्तियुक्तः ।।
एतत्तत्त्वं विशिष्टं भवति पशुपतौ तत्समष्ट्या सुसिद्धं ,
चित्रं सन्दर्शनीयं जगति महदिदं विश्ववैचित्र्यपूर्णम् ।।१४।।

ती समष्टिरूप पशुपति ज्ञानप्रधान, सब सत्वले पूर्ण परम शिवरूपी छन्। ती 'इच्छा, ज्ञान र क्रिया' यी तीन शक्तिहरूले युक्त त्रिशक्तिरूपिणी त्रिपुरसुन्दरीरूप पराशक्तिसित मिलेर विलास गर्दछन् । पशुपतिको ऊर्ध्वमुख लिङ्गरूप हुनाले पराशक्ति युक्त भएर पशुपति गुप्त रहन्छन् । यो अलौकिक विश्वविलक्षण चित्र यस जगत्मा महत् दर्शनीय छ। सारा संसारमा यहीं यो एउटा विचित्रताले भरिएको बडो भारी तत्त्व छ। सगुण र निर्गुण यी दुवै तत्त्वको बोधक यही एक लिङ्ग छ। खालि भारतवर्षमा मात्र होइन, सारा संसारमा अन्यत्र देख्न हेर्न नपाइने हुनाले यो एक ठूलो विशेषता पशुपतिमा छ, यो प्रतिज्ञापूर्वक भन्दछु ।

।। केवलशिवस्वरूपत्वम् ।।

सत्यं ब्रह्मात्मरूपं परममृतमयं ज्योतिरूर्ध्वास्यलिङ्गं ,
लिङ्गं ब्रह्मात्मनस्तत् सकलकरणकं स्वाङ्गदेहादिशून्यम् ।।

पूर्णात्मा लिङ्गदेहः परचितिकलितः श्रीशिवात्मैकरूप्याद् ,
ईशानस्तूर्ध्वरेता लसति पशुपतिः पूरुषो विश्वरूपः ॥१५॥

त्रिकालमा स्वयं यथार्थ र सत्यरूप भएको परब्रह्म परमात्मस्वरूप, परम अमृतमय ज्योतिस्वरूप त्यो उर्ध्वमुख लिङ्ग नै अदृश्य परब्रह्म वस्तुलाई बताउने हेतुरूप लिङ्ग छ। त्यो देह, इन्द्रियहरूले शून्य छ, फेरि खालि चेतनरूप हुनाले सबै इन्द्रियहरूको आश्रयस्थान पनि छ। त्यो पूर्णरूपी परमात्माको लिङ्गदेहरूपी चिह्न भएको, परम चैतन्य कलाहरूले युक्त, परम कल्याणकारक र सधैं एकरूप छ। ती रुद्र भगवान् ऊर्ध्वमुख लिङ्गरूपी हुनाले ऊर्ध्वरेता मानिएका छन् र आफ्नो आत्मरूप स्थितिबाट कहिल्यै च्युत हुँदैनन्। ती परम पुरुष विश्वरूपी पशुपति परम शिवरूपले ऊर्ध्वमुखमा सदा रहन्छन्।

"ऋत ँ सत्यं परं ब्रह्म पुरुषं कृष्णपिङ्गलम्।
ऊर्ध्वरेतं विरूपाक्षं विश्वरूपाय वै नमो नमः॥" (ना० उ०)

यथार्थ र सत्यरूप, परब्रह्म, कालो पहेलो रङ्ग भएका ऊर्ध्वरेता, विषम नेत्रवान्, विश्वरूपी पशुपतिलाई नमस्कार छ।

॥ सर्वात्मता ॥

भूतं भव्यं भवद्वै जगदिदमखिलं सर्व एवैष रुद्रः,
पूर्णः सन् पूरुषात्मा लसति पशुपतिः सर्वभूतात्मकोऽयम् ॥

रुद्रः सन्नद्वितीयो निजमहिमचितेरेक एव स्वयम्भूः,
द्वधा भावादिहीनः परमरसमयः पूर्णशक्त्याभ्युदीर्णः ॥१६॥

भूत, भविष्य र वर्तमान--यी तीन कालसहितको सारा जगत्, प्रत्येक वस्तु रुद्ररूप छ। यस कारण यी रुद्र नै विश्वरूपमा स्वयं प्रकट भएका छन्। उनै पूर्ण पुरुष पशुपति स्वयं चराचर विश्वात्मक भएर विलास गर्दछन्। ती रुद्र आफूभन्दा समान र ज्यादा अरू वस्तुले रहित अद्वितीय छन्। यो कुरा वेदमन्त्रमा प्रसिद्ध छ।

"विश्वं भूतं भुवनं चित्रं बहुधा जातं जायमानं च यत्,
सर्वो ह्येष रुद्रस्तस्मै रुद्राय नमो अस्तु ॥" (ना. उ.)

"एको हि रुद्रो न द्वितीयाय तस्थौ" (श्वे. उ.)

यस्ता प्रकारले आफ्नै महिमाको शक्तिबाट स्वयं प्रकट भएका, एक मात्र सर्व सारभूत, आफ्नो आफ्नो स्वरूपले एकै रूपको भावले रहित भएर प्रकाशित भएका र आफ्नै शक्तिका योगबाट यहाँ अवर्णनीय छन्। यस कारण पशुपति शक्ति र शिवात्मक छन्।

प्रत्यक्षं विश्वमेतत् पुरुष इति नुतः तत्त्वमत्राधिभूतं,
ईशानः सन् परोक्षः परमचितिमयः सोऽमृतत्वेश्वरोऽसौ ॥
जीवः सर्वान्तरात्मा सकलतनुगतस्तत्त्वमध्यात्मरूपं,
तत्त्वैक्यान्नित्यसिद्धः पशुपतिरचलः सत्स्वरूपः समस्तः ॥ १७॥

यसजगत्मा भूत, वर्तमान र भविष्य यस्ता यी तीन काल-हरूको यो प्रत्यक्ष विश्व जो आधिभौतिक तत्त्व मानिएको छ, यो विश्वरूपी पुरुष नै हो। अधिदैवत तत्त्वले परम चैतन्यरूप मोक्षको पनि ईश्वर जो परोक्षसिद्ध ईशान हो त्यो पनि पुरुष नै हो। पाँच भूतहरूका मेलले अन्नद्वारा सशरीर बनेको अध्यात्मतत्त्वले अपरोक्ष सिद्ध सर्वान्तरात्मा जीव पनि पुरुष नै हो। यी तीन तत्त्वहरूका ऐक्यले नित्यसिद्ध समष्टिरूप पशुपति अचल छन्।

"पुरुष एवेदं सर्वं यद्भूतं यच्च भव्यम्।
उतामृतत्वस्येशानो यदन्नेनातिरोहति ॥" (ऋ. सं. १०, ९०,२)

"उतामृतत्वस्येश्वरो यदन्येनाभवत् सह ॥" (अथर्व. १९।१।६।४)

त्यो सर्वात्मरूपी परम पुरुष नै रुद्र हुन्।

"सर्वो वै रुद्रस्तस्मै रुद्राय नमो अस्तु।
पुरुषो वै रुद्रस्तन्महो नमो नमः ॥" (ना. उ.)

यो सारा विश्व नै रुद्र हो, ती रुद्रलाई नमस्कार छ। ती परम पुरुष रुद्र हुन्, परम तेज हुन्। ती तेजोमय रुद्र पुरुषलाई बारम्बार नमस्कार छ।

तत्त्वं सद्भौतिकं तज्जगति सुविततं वैद्युतं ज्योतिराद्यं,
पूर्णं ब्रह्माधिदैवं स्वरदमृतचितिप्रत्नवाक्छक्तिपूर्णम् ॥
अध्यात्मं जीवनिष्ठं निखिलतनुगतं प्रत्यगात्मस्वरूपं,
सिद्धो व्यस्तः समस्तो लसति पशुपतिर्विश्वरूपः सदैकः ॥ १८ ॥

यस जगत्मा सर्वत्र भरिएको, सबभन्दा पहिलो, अत्यन्त सूक्ष्म विद्युत् तेज नै रुद्रको 'भौतिक तत्त्व' हो। स्वर र रसले युक्त चेतनाशक्तिरूप परावाक्शक्तिले युक्त परोक्ष परब्रह्म नै 'अधिदैवत' तत्त्व हो, सब जीवहरूमा रहने, सब प्राणीहरूका शरीरमा बसेको चेतनरूप प्रत्यगात्मा नै रुद्रको 'आध्यात्मिक' तत्त्व हो। यी तीन तत्त्वहरूका मेलबाट सदा एकरूपी विश्वरूप बनेका यी पशुपति सर्वत्र विलास गर्दछन्।

॥ तुरीयात्मकत्वम् ॥

त्रीण्यप्येतानि यत्र त्रिवृतनिजगुणान् स्वानि रूपाण्यतीत्य,
नाम्नारूपेण शून्याद् गतिकृतिरहितात् पूर्णनैर्गुण्ययोगात् ॥
त्रिष्वप्येतेषु नित्यं परचितिकलया यो ह्यनुस्यूत आस्ते,
पूर्णात्मैक्येन सिद्धः पशुपतिरमृतः स स्तुरीयात्मकोऽयम्॥१६॥

जहाँ यी तत्त्वहरू र यिनका गुण तथा रूपहरूलाई नाघेर (अतिक्रमण गरेर) नामरूपादिले शून्य, गति र कृतिबाट रहित भई पूर्ण निर्गुणका योगले रहँदै यी तीन तत्वहरूमा सदा परम चैतन्य कलाले जो अनुस्यूत रहेका छन्, ती पूर्णात्मा यी तीन तत्वहरूका ऐक्यले सिद्ध पशुपति स्वयं अमृतरूपी तुरीयात्मक छन्।

"नमस्ते तुरीयाय दर्शताय पदाय" (बृ. उ. ५ १४,७)

"अमात्रश्चतुर्थः" (मां.उ.)

इत्यादि वचनहरूबाट सिद्ध परम पदरूपी परमात्मा नै पशुपति हुन् ।

।। शक्तिशिवात्मता ।।

दिव्यं चिच्छक्तिपूर्णं शिवसमरसतो मध्यवक्त्रोर्ध्वलिङ्गं,
श्रीमच्छक्तित्रयेष्टं त्रिगुण परतरं तत्पराशक्तिरूपम् ॥
पूर्णं सद्बिन्दुसंज्ञं परमपदमयं तत्तुरीयात्मरूपं,
पूर्णात्मैवेह सोऽयं लसति पशुपतिः शक्तिशैवोभयात्मा ।।२०।।

श्री पशुपतिमा एक रसले मिलेको आफ्नो त्यस चैतन्यरूप पराशक्तिले परिपूर्ण भएर दिव्य भएको यो मध्यमुखरूप ऊर्ध्वलिङ्ग त्रिगुणात्मक तीन शक्तिहरूले युक्त छ । त्यो त्रिगुणबाट पर (बेगलै) पनि छ । अर्थात् तुरियात्मक पूर्ण बिन्दुरूप छ। यस कारण त्यो ऊर्ध्वलिङ्ग पराशक्तिरूप मानिएको छ । त्यो पूर्ण हुनाले त्रिकोणभित्र रहने पूर्ण बिन्दुरूप परम पदात्मक तुरीयपादरूपी परमात्माको स्वरूप छ ।

यसरी यी पशुपति 'शक्ति र शिव' दुवैका तत्त्वले पूर्ण हुनाका कारण सदा पूर्ण नै रहँदै आफ्नो पूर्णतामा नै विलास गर्दछन् ।

वाक्शक्त्या वेदवक्त्रः पशुपतिरुदगाज्ज्ञानशक्तिप्रधानः,
दिव्यं प्रज्ञानपूर्णां वितरति सुरसं वेदवक्त्रेण नित्यम् ॥
रुद्रः शक्तित्रयाप्त स्त्रिभुवनविजयी सर्वदेवादिदेवः
ईशः सन्नूर्ध्ववक्त्रे लसति पशुपति सर्वविद्याधिराजः ।। २१ ।।

सारा भरतखण्डमा प्रायः सब ठाउँमा शिवजीको प्रतिमा खालि लिङ्गरूपमा नै पाइन्छ। यस लिङ्गरूप शरीरमा यहाँ जो चारमुख बनेका छन् यसको तात्त्विक अर्थ ज्यादै गूढ छ।

'परा, पश्यन्ती, मध्यमा र वैखरी' रूप चार पाउहरूले युक्त वाक्‌शक्तिका योगबाट यी चारमुख बनेका छन्। यी चार मुख नै चार वेदका स्वरूप हुन्। वाणीमा ज्ञानको प्रकाश गर्ने सामर्थ्य स्वतः सिद्ध हुनाले ती ज्ञान प्रधानरूपी पशुपति आफ्नो त्यो वेदवाणीसित मिलेर चतुर्मुखले यहाँ प्रकट भएका छन्, यस कारण सबैलाई आफ्ना अग्निरूप मुखहरूबाट त्यस वेद-वाणीद्वारा आफ्नो प्रज्ञानले पूर्ण दिव्य अमृत रस बाँडिरहेका छन्। तथा इच्छा, ज्ञान, क्रियाशक्तिसँग मिलेर सारा विश्वलाई पैदा गर्ने, विचित्र कलात्मक ऐश्वर्यरूप त्रिकोणात्मक, सारा जगत्‌को कारणीभूत प्राणपीठमा शक्ति र शिवात्मक भएका पशुपति पूर्ण बिन्दुमा अर्थात् पूर्ण बिन्दुरूपले विराजमान रहन्छन्।

ओमित्येकाक्षरात्मप्रणवपरतरब्रह्मसन्मात्रभूतः,
तारो रुद्रः परोक्षः पुरुषगुणमयो दिव्यवाच्यार्थरूपः॥
प्रत्यक्षब्रह्मरूपा परिविततमा वाचकात्मा परा वाक्,
श्री गौरीशङ्करौ तौ जगति विलसतो युक्तवागर्थरूपौ ॥२२॥

"ॐ खं ब्रह्म" (शु.य.सं.) "ओमित्येकाक्षरं ब्रह्म" (ना.उ.) इत्यादि वचनहरूबाट 'ओंकार' नै ब्रह्मवस्तुको निदर्शक र वाचक मन्त्राक्षर मानिएको छ। "तस्य वाचकः प्रणवः" योग

सूत्रमा यो ओंकार-परम पुरूष ईश्वरको वाचक प्रणावाक्षर कहिएको छ। रुद्राध्यायमा "नमस्ताराय" यस यजुर्मन्त्रमा रुद्र भगवान् 'तार' छन् र ती तारक मन्त्रात्मक प्रणवरूपी हुन् भन्ने मानिएको छ।

ॐ काररूप प्रणावाक्षरभन्दा पनि ज्यादै पर रहेका परब्रह्म वस्तुको सत्ता मात्र रूपले रहने हुनाले परोक्ष मानिएका ती परम पुरूष "तार" नामक रुद्र यस प्रणावाक्षर ॐकारको वाच्यार्थ रूप हुन्। उनको बाचक शब्द ब्रह्मरूपिणी ॐ कारात्मक परा-वाणी सर्वत्र पूर्ण छ।

यस प्रकार वाच्य वाचक सम्बन्धले मिलेका वाक् र अर्थ रूपी गौरी र शङ्कर यस जगत्मा विलास गर्दछन्।

"वागर्थाविव सम्पृक्तौ वागर्थप्रतिपत्तये।
जगतः पितरौ वन्दे पार्वतीपरमेश्वरौ॥"

(रघुवंश मङ्गल श्लोक)

॥ गौरीशङ्करयोः तारूपत्वम् ॥

तारा सन्तारिणी सा त्रिभुवनजननी सर्वभूतादि योनिः,
पूर्णा वागदेवतेयं जगति विजयते शब्दशक्तिस्वरूपा॥
तारो रुद्रः परेशः प्रभवति भगवान् सर्वभूताधिपत्ये,
नाम्ना रूपेण तारौ दिवि सह लसतः सामरस्येन सिध्धौ ।२३॥

" ऋचे अक्षरे परमे व्योमन् " (ऋ. १,१६४,३९) यस मन्त्रका निरूक्तमा "ओमित्येषावागितिशाक पूणिः" यस वचनबाट ऋग्वेदादि सब वेदहरूको सारभूत त्यो अक्षर परमाकाशबाट अभिन्न "ओंकार" रूप वाणी हो भन्ने सिद्ध छ। अर्थात् 'तारः' शब्दको अर्थ प्रणवाक्षरको वाच्यार्थरूपी रुद्र हो। उस्तै "तारा" शब्दले तिनै रुद्रको वाचक प्रणवाक्षरात्मक ॐ काररूप वाणी नै लिनु उचित छ। ती तारा 'तरतीति तारा' यस विग्रहबाट स्वयं तर्ने र "तारयतीति तारा" यसबाट तार्ने भन्ने अर्थ सिद्ध हुन्छ।

ती तारा शब्दशक्तिरूप हुनाले तीनै भुवनलाई पैदा गर्ने हुन्। वाणीबाट नै विश्वको आविर्भाव भएको छ।

"अनादिनिधनानित्या वागुत्सृष्टा स्वयम्भुवा।
आदौ वेदमयी दिव्या यतः सर्वाः प्रवृत्तयः॥"

ती शब्दशक्तिरूपिणी व्यापक वाग्देवता यस जगत्मा सदा विजय पाउँदछिन्।

तिनै तारारूप वाणीको वाच्यार्थरूपी सबभन्दा श्रेष्ठ रुद्र भगवान् यी सब भूतहरूका आधिपत्यमा समर्थ प्रभु भएका छन्। यस प्रकार 'तार' नामबाट तथा नामानुरूप रूपबाट ती दुवै 'तारौ' प्रसिद्ध भएका छन्। ती गौरी र शंकर समरसले पूर्ण भएर आफ्ना स्वस्थानरूप आकाशमा सधैं विलास गर्दछन्।

॥ ब्रह्मात्मत्वेन व्यापकत्वम् ॥

सत्यं ब्रह्म प्रपूर्णं परमिह विततं यावदेवात्मभूत्या,
वाग्वै तद्वाचकात्माप्यमृतरसमयी तावती सम्प्रपूर्णा ॥
एकात्मानौ स्वरूपादपि तदभिधया वाच्यतद्वाचकैक्यात्,
तारात्मानौ प्रसिद्धौ समरसकलितौ ब्रह्मचिद्रूपसिद्धौ ॥ २४ ॥

त्रिकालमा सत्यरूपले रहेको त्यो पूर्ण परब्रह्म वस्तु आफ्नो विभूतिले ऐश्वर्यरूप व्यापकताबाट यस विश्वमा जति भरिएको छ, उसको वाचकरूपिणी अमृत रसमयी वाणी पनि उत्ति नै व्यापक भएर भरिएको छ।

"यावद् ब्रह्म विष्ठितं तावती वाक्" (ऋ. ११४,८)

"यत्र क्वच ब्रह्म तद्वा वाक् यत्र वा वाक् तद्वा ब्रह्मेत्येत दुक्तं भवति" (ऐ. ब्रा)

यस प्रकार "ब्रह्म, तार" आदि नाम र रूपले तथा "वाच्यवाचकयोरभेदः" को न्यायबाट सिद्ध ऐक्ययोगले एकात्मक एकरूप बनेका, तारात्मक प्रसिद्ध, समरसले मिलेका ती पार्वती र परमेश्वर ब्रह्म चैतन्यरूपले सिद्ध भएका छन्।

तारः सर्वान्तरात्मा लसति पशुपतिः प्राणिनां सत्पिता नः,
तारा गौरी परावाक् जयति भगवती चेतना विश्वमाता ॥
ऐकात्म्यात् संहितौ तौ त्रिभुवनपितरौ दम्पती सत्वपूर्णौ,
तारौ गौरीमहेशौ जगति विलसतः सर्वसामर्थ्ययोगात् ॥ २५ ॥

यस जगत्‌मा हामी सबका पिता सर्वान्तर्यामी तारुप पशुपति र उनकी अर्द्धाङ्गिनी वाग्रूपिणी चेतनात्मिका विश्वमाता भगवती तारा ऐक्यले मिलेर विजय पाउँछन् ।

एकात्म योगले मिलेका, त्रिभुवनका माता-पितारूप, स्त्रीपुरुषरूप र पतिपत्नीरूप दम्पतिका तत्त्वले पूर्ण भएका छन् । ती तार नामले प्रसिद्ध गौरी र रुद्र सब सामर्थ्यका योगबाट यस जगत्‌मा विलास गर्दछन् ।

तारो ज्योतिस्त्रयीयुक् करणभुवनभृद् व्याहृतीष्टत्रिमात्रः,
तद्वाच्यार्थात्मने ते भवतु मम नमो रुद्र ताराय नित्यम् ॥
तारा तद्वाचकात्मा प्रणवमनुतनुः शब्दशक्तिः परा वाक्,
तारायै ते नमोऽस्तु प्रथितपरमहद्देवतामन्त्रमय्यै ॥

त्योताररूपी प्रणव "अग्नि, वायु, सूर्य" यी तीन ज्योति र "ऋक्, यजुः साम" यी तीन वेदहरूले युक्त छ, तथा "वाक्, प्राण, मन" यी आध्यात्मिक तीन करण र "पृथिवी, अन्तरिक्ष, द्यौ" यी तीन भुवनहरूका धारक छ । फेरि यी सब वस्तुहरूको सारभूत "भूः भुवः स्वः" यी तीन व्याहृतिहरूका बीजभूत "अकार, उकार, मकार" यी तीन मात्राहरूले जोडिएका छन् ।

"प्रजापतिरकामयत स तपोऽतप्यत स इमाँ लोकानसृजत पृथिवीमन्तरिक्षं दिव्यमिति, तानलोकानभ्यतपत् तेभ्योऽभितप्तेभ्यः त्रीणि ज्योती ँ ष्यजायन्तः अग्निरेव पृथिव्या अजायत वायुरन्तरिक्षादादित्यो दिवः; तानि ज्योती ँ ष्यभ्यतपत् तेभ्यऽ-

भितप्तेभ्यस्त्रयो वेदा अजायन्त ऋग्वेद एवाग्नेरजायत यजुर्वेदो वायोः सामवेद आदित्यात्, तान् वेदानभ्यतपत् तेभ्योऽभितप्तेभ्यस्त्रीणि शुक्राण्यजायन्त भूरिति ऋग्वेदादजायत भुवइति यजुर्वेदात् स्वरिति सामवेदात् तानि शुक्राण्यभ्यतपत् तेभ्योऽभितप्तेभ्यस्त्रयो वर्णा अजायन्त अकार उकारो मकार इति तानेकधा समभरत् तदेतदोमिति" (ऐ. ब्रा. ५, ५१)

त्यस ॐकारको वाच्यार्थ परमात्मा रुद्ररूप "तार" लाई मेरो नमस्कार ।

यसै अर्थको "नमस्ताराय" यो यजुर्मन्त्र रूद्रीमा छ । तिनै रुद्रको वाचकाक्षररूप "ॐ" मन्त्ररूप शरीर धारण गरेकी शब्दशक्तिरूपिणी परावाणी छ । शास्त्रमा प्रसिद्ध परम श्रेष्ठ "नमः" यो हृदयमन्त्र र अन्तरात्म देवरूपी रुद्र यी दुवैका योगबाट बनेको "नमस्ताराय" मन्त्ररूप तारादेवीलाई नमस्कार छ । देवताहरूका निमित्त मन्त्ररूप शरीर नै प्रधान छ ।

रुद्रान्तर्यामिणी सा परमरसकला चेतना विश्वशक्तिः,
विद्युद्रूपेह गौरी निजमहिमरवा रोरवीतीयमुग्रा ॥
ताराहृद्योऽन्तरात्मा परमहिततमो भद्रकृद् रुद्रमूर्तिः,
भक्त्यै भुक्त्यै विमुक्त्यै भवति पशुपतिः शक्तिपूर्णः शिवोऽयम् ॥ २७

रुद्र भगवान्‌को अन्तर्यामीरूपले बस्ने, परमानन्द रसकी कला, चेतनारूप सर्व शक्तिमती, रुद्रमा अभेद भावले रहने, अत्यन्त सूक्ष्मरूपिणी गौरी, आफ्नो महिमाको स्वररूपबाट उच्चार

गर्ने यी विद्युत्शक्तिरूप उग्ररूप तारादेवी आकाशमा अखण्ड नाद उच्चारण गर्दछिन्, जसको अनुकरण ॐ भन्ने मानिएको छ।

ती तारादेवीको हृदयमा रहने तारादेवीका पति अन्तरात्म रूपी सबका परमहितरूपले सिद्ध, मङ्गल गर्ने ती रुद्र, शक्तिले पूर्ण शिवरूपी यी पशुपति भक्ति, भुक्ति र मुक्तिका निमित्त होऊन्।

रुद्रो दक्षार्धरूपः स जयति भगवान् ज्ञेयवाच्यार्थरूपः,
गौरी वामार्धरूपा लसति भगवती सा सती वाक्स्वरूपा ॥
तादात्म्यान्नित्यसिद्धौ परमसमरसाद् द्वन्द्वशून्यैकरूप्यात्,
गूढः सन्नूर्ध्ववक्त्रे पशुपतिरुदगादर्धनारीश्वरोऽसौ ॥ २८ ॥

ब्रह्मवस्तुदेखि लिएर सबै वस्तुहरूमा "वाच्य र वाचक" यस्ता दुइ अंश हुन्छन्। वाचक नै शब्दरूप वाणी हो र त्यसको अर्थ नै वाच्य हो। त्यो अर्थ नै यस वाणीबाट ज्ञेय छ। यी दुवै पनि अभेदले नै मिलेका छन्। यस्ता वाक् र अर्थरूपले सिद्ध सब वस्तुहरूमा प्रत्यक्ष ब्रह्मरूप वाणी नै पार्वती हो र परोक्ष ब्रह्मरूप आत्मा नै परमेश्वर हो।

वाच्यार्थरूपबाट परोक्षसिद्ध रुद्र नै दक्षिणार्ध मानिएका छन् र वाचक शब्द शक्तिका तत्त्वले युक्त प्रत्यक्ष सिद्ध वाग्रूपिणी गौरी ती रुद्रकी वामार्धाङ्गी मानिएकी छन्। यी दुइ दम्पति परम समरसले अर्थात् परस्पर भेद शून्य ऐक्य योगबाट तादात्म्य सम्बन्धले मिलेका छन्। यसैलाई अर्धनारीश्वर भन्दछन्।

त्यस अर्धनारीश्वरको सूक्ष्म तात्त्विकरूप धारण गरेका ती पशुपति ऊर्ध्वमुखमा गूढरूपले उदित भएका छन्।

॥ रुद्रस्य सोमरूपत्वम् ॥

सोमः सन्नुत्तरादिक्पतिरयमुदितश्चित्कलासद्रसाप्तः,
हृच्छक्त्यात्मा मनश्चित् पतिरपि मनसस्तन्मनः सन्मतिः सा ॥
इच्छासङ्कल्पमुख्यप्रमिततरमनः शक्तिरूपोमयाप्तः,
तस्मात् रुद्रः स सोमः पशुपतिरूदगादूर्ध्ववक्त्रे निगूढः ॥२९॥

रुद्रीमा रुद्रको नाम "सोम" प्रसिद्ध छ। "नमः सोमाय च रुद्राय," "उमया सहितः सोमः" यस विग्रहबाट सिद्ध ती सोम उमाशक्तिका साथ मिलेका छन्। उसैले रुद्रको नाम सोम भएको छ।

ती रुद्ररूपी सोम उत्तर दिशाका अधिपति मानिएका छन्। "उदीची दिक् सोमोऽधिपतिः" (अथर्व. ३,७.४)

ती उत्तर दिशाका अधिपति सोम चैतन्यकलारूप रसयुक्त छन्। हृदयको शक्तिरूपी ती सोम मनको चेतनाशक्तिरूप नै हुन् र मनका अधिपति पनि हुन्। "मनश्चिन्मनसस्पतिः" (ऋ. ९, ११, ८) स्पष्ट भनेको छ।

ती सोम स्वयं मन पनि हुन्। यसै कारण रुद्रको नाम "हृद्" पनि पाइन्छ। "वोचेम शन्तमं हृदे"।

इच्छा सङ्कल्पादि अन्तर्वृत्तिहरूकी भूलभूत मनः शक्तिरूपिणी उमादेवीसित चेतनात्मरूप रुद्र मिलेका छन् । यी पशुपति आफ्नी उमादेवीका साथ सोमरूप भएर ऊर्ध्वमुखमा गुप्त- रीतले उदित भएका छन् । यसै कारण उपनिषत्मा उमादेवीका साथ नै रुद्रको ध्यान गर्नू भन्ने उपदेश छ ।

"उमा सहायं परमेश्वरं विभुं त्रिलोचनं नीलकण्ठं प्रशान्तम् ।
ध्यात्वा मुनिर्गच्छति भूतयोनिं समस्तसाक्षिं तमसः परस्तात् ॥"
(कै. उ. १,७)

उमादेवीका साथी, तीन आँखा भएका, नीलकण्ठ, परम शान्तरूपी त्यस परमेश्वरको ध्यान गर्ने मुनि पाप र अज्ञानरूप अन्धकारबाट पार, सब भूतहरूका कारणीभूत, सारा संसारका साक्षीभूत त्यस परमेश्वलाई पाउँदछ ।

॥ अग्निषोमरूपत्वम् ॥

रुद्रो ज्योतिर्मयोऽग्निः पुरुषपरतनुश्चेतनात्मोष्णरश्मिः,
दक्षात्मा सन्तुसन्दृक् तपति परशिवो दक्षिणार्धाङ्गरूपः ॥
सोमो वामार्धरूपो लसति रसमयः शीतरश्मिस्तु सोमा,
तावग्नीषोमरूपौ शिरसि पशुपतेः सूर्यचन्द्रात्मकौ स्तः ॥३०॥

ती रुद्र पुरुषरूप श्रेष्ठ दक्षिणार्ध शरीर धारण गर्ने, चेतना- त्मक उष्ण किरण भएका तेजोमय अग्निरूपी छन् । बल, क्रियादि शक्तिले युक्त, ज्योतिर्मय, सर्वद्रष्टा दाहिने नेत्रमा बस्ने सूर्य

छुन् । उनका देब्रेतिर देब्रे आँखामा बस्ने शक्तिरूपिणी रसमय शीत किरण भएका सोम हुन् । ती सोम उमादेवीका रूप छन् । यस कारण गौरी र शङ्कर यी दुवै सोम र अग्निरूपी एकै शरीरले चन्द्रसूर्यरूपी भएका छन् । तसर्थ यो गौरीशङ्करको जोडा (यी दम्पति) "अग्निषोमौ" र "सूर्याचन्द्रमसौ" भन्ने दुइ देवताका नामले वेदमा प्रसिद्ध छन् । शिवपुराणमा यस तत्त्वको स्पष्ट उल्लेख पाइन्छ ।

"अग्निरित्युच्यते रौद्री घोरा या तैजसी तनुः ।
सोमः शाक्तोऽमृतमयः शक्तेः शान्तिकरी तनुः ॥
विविधा तेजसो वृत्तिः सूर्यात्मा च जलात्मिका ।
तथैव रसवृत्तिश्च सोमात्मा च जलात्मिका ॥
वैद्युतादिमयं तेजः मधुरादिमयो रसः ।
अग्नेरमृतनिष्पत्तिरमृतादग्निरेधते ॥"

जुन रुद्रको तेजोमय घोर भयङ्कर शरीर वेदमा प्रसिद्ध छ, त्यो "अग्नि" कहिएको छ । रसमय सोम शक्तिसम्बन्धी तत्व हो, त्यस शक्तिको शरीर शान्तिदायक छ । अर्थात तेजोमय अग्नि स्वयं शिव हुन् र रसमय सोम शक्ति हो भन्ने स्पष्ट हुन्छ । एकै तेजका तत्व अनेक किसिमका छन् । सूर्य र पानी यी दुवै तेजकै चीज हुन् । यसै गरी रसका तत्व पनि भिन्न भिन्न किसिमका छन्, जस्तै— चन्द्र र जल, यी दुवै रसका वस्तु हुन् ।

यस्तै किसिमले विद्युत् (बिजुली), सूर्य, अग्नि इत्यादि तेज हुन्, मधुरादि रस हुन्। अग्निबाट जल र जलबाट अग्नि निस्कन्छ । यसरी सारा संसार तेज र रसरूपी अग्नि र सोम यी दुइ तत्वबाट बनेको हुनाले नै "अग्निषोमात्मकं जगत्" भनेको छ । तिनै यस विश्वका मातापितृरूप हुन्, तिनै शक्ति-शिवरूपी गौरीशङ्कर हुन्। यो तत्व श्री पशुपतिका ऊर्ध्वमुखमा सिद्ध छ ।

अग्न्यात्मा पूरुषात्मन् वदनसमुदिता प्राणशक्तिक्रियाप्ता,
मुख्या सेन्द्रेण योगादपि सह मनसा दक्षिणा वाक् पराख्या ॥
सोमो दिव्यः स रुद्रः परमरसमयः सोऽमृतात्मोर्ध्ववक्त्रे,
सोऽग्नीषोमात्मकः सन् पशुपतिरुदगादग्निवाचा सहेष्टः ॥३१॥

परम पुरुषका मुखबाट अग्नि पैदा भएको छ । "मुखादग्निरजायत" (शु. य. पु. सू.) त्यो अग्नि वाणी नै हो, अग्नि नै स्वयं वाणीरूप भएर मुखमा प्रविष्ट भएको छ ।

"अग्निर्वाक् भूत्वा मुखं प्राविशत्" (ऐ. उ.)

यसैले वाणी तेजोमय मानिएकी छ ! "तेजोमयी वाक्" (छां. उ. ६) त्रिशक्तिरूपिणी भगवती दुर्गा साक्षात् अग्निरूप हुन् ।

"तामग्निवर्णां तपसा ज्वलन्तीम्"
दुर्गां देवीं शरणमहं प्रपद्ये" (ना. उ.)

त्यस वाणीका साथ इन्द्र पनि पुरुषका मुखबाट पैदा भएका हुन् । "मुखादिन्द्रश्चाग्निश्च" (ऋ० १०, ९०,)

ती इन्द्र प्राणरूपी हुन् । "ऐन्द्रः प्राणो अङ्गे अङ्गे विबोध्यत्" (तै० सं०)

त्यस अग्निरूप वाणीको मनोरूप सोम नै पति हुन् । अग्निरूप वाक्शक्तिरूपिणी गौरीका साथ सोमरूपी रुद्र मिलेका छन । त्यो वाक् दक्षिण दिशामा बस्ने प्राणरूप इन्द्रका सम्बन्धबाट आफू पनि दक्षिणा नामले प्रसिद्ध भएकी छ । स्वयं अमृतात्मा ती सोम परमानन्दमय रुद्र-अग्निरूप वाक्देवी गौरीसँग मिलेर यी पशुपति आफू अग्निषोमरूप भएर ऊर्ध्वमुखमा उदित भएका छन् ।

॥ ब्रह्मणस्पतिरूपत्वम् ॥

इन्द्रोऽसौ प्राणरूपः परमरसकलास्वात्मशान्त्या शिवोऽयं,
प्रत्यक्षब्रह्मरूपा स्वररसकलिता वाक् पराख्याग्निरूपा ॥
रुद्रश्चिज्ज्योतिरात्मा निजचितिकलया सोऽयमैन्द्राग्नरूपः ,
वाचस्तस्याः पतिः स्यान्मिथुनमिह परं ब्राह्मणस्पत्यमिष्टम् ॥ ३२

" मुखादिन्द्रश्चाग्निश्च " (ऋ० पु० सू०)

परम पुरूषका मुखबाट पैदा भएको अग्निका साथी जुन इन्द्र छन्, ती मुख्य प्राणरूपी मानिएका छन्। ती मुख्य प्राण-रूपी इन्द्र वस्तुतः चेतन आत्मा नै हुन्। ती आफ्नो परमानन्द रसकलारूप आत्मशान्तिले युक्त शिवरूप नै हुन्।

ती इन्द्रका साथी अग्नि वाग्रूप छन्। स्वर र रसले युक्त अग्निरूप परावाणी नै प्रत्यक्ष ब्रह्म मानिएको छ। ती इन्द्र मुख्य प्राणरूप हुनाले रुद्र मानिएका छन्। त्यो चैतन्य-ज्योतिरूप आत्मा आफ्नो चित्कलारूप आत्मशक्तिसित मिलेर "ऐन्द्राग्न" नामक द्विदैवत्यरूप भएको छ, यही ब्रह्मणस्पतिको रूप हो। त्यो प्रत्यक्ष ब्रह्मरूप वाणीको पति हुनाले "ब्रह्मणस्पति मानिएको छ। अर्को ठाउँमा 'बृहस्पति' पनि भनेको छ।

"वाग्वै ब्रह्म तस्या एष पतिर्ब्रह्मणस्पतिः" (छां. उ. १, ३, २१)

"वाग्वै बृहती तस्या एष पतिर्बृहस्पतिः" (छं. उ. १, ३, ११)

॥ इन्द्रासोमरूपत्वम् ॥

इन्धो दक्षेऽक्षिणीन्द्रो रविरिह महसा चक्षुषः सम्प्रजातः,
वामेऽक्षिण्यस्य पत्नी प्रतिलसति विराण् मानसः सोऽत्र सोमः॥
इन्द्रासोमौ समस्तौ समलसिततनू शम्भुरम्बा च देवौ,
अग्नीषोमौ तु नाम्ना परशिवमिथुनं तौ च गौरीहरौ स्तः ॥३३॥

"चक्षोः सूर्यो अजायत" (ऋ. सं. म. १०)

"आदित्यश्चक्षुर्भूत्वा अक्षिणी प्राविशत्" (ऐ. उ.)

यो मन्त्र र ब्राह्मणबाट—त्यस परम पुरुषका नेत्रबाट सूर्यको उत्पत्ति भयो र तिनै सूर्य चक्षुरूप भएर आँखामा बसे भन्ने स्पष्ट हुन्छ ।

त्यसमा पनि त्यस परम पुरुषको आँखाबाट उत्पन्न तेजोमय सूर्य ईश्वर र सब जीवहरूका दाहिने आँखामा प्रवेश गरेर प्रकाशित हुन्छन् । त्यसैले ती 'इन्द्र' कहिन्छन् यसै गरी देब्रे आँखामा उनकी पत्नी विराट् नामले प्रसिद्ध भएर क्रीडा गर्दछिन्, तिनी नै मनसम्बन्धी सोम हुन् ।

"इन्धो ह वै नामैष योऽयं दक्षिणेऽक्षन् पुरुषः तं वा एतमिन्धं सन्तमिन्द्र इत्याचक्षते; अथैतद्वामेऽक्षिणि पुरुषरूपमेषास्य पत्नी विराट्" (बृ. उ. ४. २. २)

यी दुवै मिलेर "इन्द्रासोम" नामका द्विदैवत्य बनेका छन् । तिनै गौरी र शङ्कर हुन् । तिनैलाई "अग्निषोम," सूर्याचन्द्रमसौ" पनि भन्दछन् । यो तत्त्व सत्रौं श्लोकमा भनिएको छ । योगशास्त्र तथा शिवस्वरोदयमा देब्रे र दाहिने नाकमा चल्ने श्वास नाड़ीहरूलाई इडा र पिङ्गला नाम दिएका छन् र तिनका देवता चन्द्र र सूर्य मानिएका छन्, शीत र उष्ण पनि कहिन्छन् । "चन्द्रस्त्री पुरुषः सूर्यः" भन्ने वचनले स्त्री र पुरुषरूप पनि मानेको छ । यो पशुपतिका ऊर्ध्वमुखको तत्त्व हो ।

॥ सोमारुद्रस्वरूपत्वम् ॥

शक्त्यात्मा शीतरश्मी रसमय उदितः सौम्यसत्त्वः स सोमः,
वामा शक्तिः पराख्या पुरुषचितिकला सत्वपूर्णेह सोमा ॥
दक्षात्मा सन्तप्त रुद्रः पशुपतिरुदगादुष्णरश्मिः सुतेजाः,
सोमारुद्रौ समानौ मिथुनगुणमयौ पार्वतीशङ्करौ तौ ॥३४॥

ती सोम; स्वभावले शीतल र केवल रसमय हुनाले सत्त्वगुण प्रधान सौम्य शान्तगुणी कहिएका छन्। वस्तुतः सोम नै उमादेवीको शान्त स्वरूप हुन्। परमपुरुषको "अमृता मानदा पूषा" इत्यादि सोह्र कलाहरूले सोम पूर्ण छन्, तिनै कलाहरूबाट उमादेवी पनि पूर्ण भएकी छन् र त्रिपुरसुन्दरी नामले प्रसिद्ध छिन्। यस कारण सोम नै रुद्रको वामाशक्तिरूपिणी उमादेवी हुन्।

उष्ण किरणहरूले युक्त दिव्य तेजोमय विद्युत्स्वरूपी रुद्र दक्षिणार्धरूपी पशुपति उदित भएका छन्। यस कारण यी दुवै समान सत्त्वबाट समरसले मिलेका, स्त्री र पुरुषका गुणहरूले युक्त छन्, यसैबाट 'सोमा रुद्र' नामक वैदिक द्विदैवत्य बनेका छन्।

"नमः सोमाय च रुद्राय च" यहाँ एकै पुरुषका गुण र क्रियादि भेदबाट आएका 'सोम' र 'रुद्र यी दुइ नाम छन्।

" सोमारुद्रा धारयेथामसूर्यं " (ऋ० सं०) यहाँ दुइ देव व्यक्तिहरूको मिलेको एक जोडा छ, त्यसलाई 'द्विदैवत्य' भन्दछन् । जुन एक जोडामा दुइ देवता हुन्छन् , त्यही ' द्विदैवत्य ' कहिन्छ । ती पार्वती र शङ्कर नै हुन् । यो पनि पशुपतिका ऊर्ध्व-मुखमा नै तत्त्वसिद्ध गुप्तरूप छ ।

सोमारुद्रौ तु विद्युत्प्रखरसकलचिच्छक्तियोगेन तीक्ष्णौ,
दिव्यौ तिग्मायुधौ तौ समचितिकलितौ तिग्महेती सुरूपौ ॥
गौरीरुद्रौ भवेतां शशिरविकिरणौ दिव्यसद्भेषजाप्तौ,
देवौ तेजोरसाभ्यां जगदुदयकरौ तौ रयिप्राणरूपौ ॥ ३५ ॥

ती सोमारुद्र नामका दुइ देवताहरू विद्युत्तेजले प्रचण्ड भएका सब शक्तिहरूका योगबाट एकनास तीक्ष्ण बनेका छन् । यस कारण दुवैको एकनास–समान तीक्ष्णरूप देखाएको छ ।

"तिग्मायुधौ तिग्महेती सुशेवै सोमारुद्राविह सुमृडतं नः । "
(ऋ० स० ६, ७४, ४)

ती सोमारुद्र दुवै तीखा हतियार लिएका, तीक्ष्ण, शक्ति र उत्तम रूपवान् भएका छन् ।

त्यो दिव्य तीक्ष्ण आयुधवान्हरूको जोडा ता 'दुर्गा र रुद्र' को नै हो । सब देवताहरूको तेजः शक्तिबाट दुर्गाको आविर्भाव भएको छ र देवताहरूकै सारा हतियारहरूबाट तीक्ष्ण उग्ररूपकी भएकी छन् । रुद्र त संहारक हुनाले स्वयं उग्र आयुधवान् छन् ।

" सोमारुद्रा युवमेतान्यस्मे विश्वा तनूषु भेषजानि धत्तम् ।
अवस्यतं मुञ्चतं यन्नो अस्ति तनूषु बद्धं कृतमेनो अस्मत् ॥"
(ऋ. सं. ६, ७४, ३)

यस मन्त्रका अनुसार ती सोमारुद्र सब औषधि दिने सब पाप हटाउने, सारा संसारको रक्षा गर्ने तथा सुख दिने हुन् भन्ने सिद्ध हुन्छ । यस कारण ती ' सोमारुद्र ' सर्वौषधरूप रस र तेजले युक्त 'सोम र सूर्य' हुन सक्छन् । यिनैलाई उपनिषद्मा सारा संसारका उत्पत्तिको मूल कारण मानेको छ, यिनैलाई "चन्द्रमा र आदित्यरूप" 'रयि र प्राण' भन्दछन् ।

"प्रजाकामो वै प्रजापतिः स तपोऽतप्यत स तपस्तप्त्वा स मिथुनमुत्पादयते । रयिं च प्राणं चेत्येतौ मे बहुधा प्रजाः करिष्यत इति । आदित्यो ह वै प्राणो रयिरेव चन्द्रमाः" (प्रश्नोप .१)

यसबाट "रयि र प्राणरूपी" चन्द्र र सूर्य मिलेर एक 'मिथुन' जोडा हो, विश्वसृष्टिको पहिले नै विश्व पैदा गर्नाका निमित्त जसको आविर्भाव भयो, उनै सोम र रुद्र नामले वैदिक मन्त्रहरूमा प्रसिद्ध छन्, गौरी र शंकर पनि उनै हुन्–भन्ने सिद्ध हुन्छ ।

यसरी 'सोमारुद्र' नामको 'शक्तिशिवात्मक' जोडा पशुपतिका ऊर्ध्वमुखमा गुप्तरीतले सिद्ध छ ।

॥ आश्विनरूपत्वम् ॥

देवौ तावश्विनौ द्वौ रसचितिकलितौ सोमसूर्यस्वरूपौ,
अग्नीषोमौविरूपौ रविशशिकलया नामतो रूपतश्च ॥
सोमारुद्रात्मकौ तौ समरसकलितौ रुद्रनामैकरूपौ,
तादात्म्येनाश्विनं तन्मिथुनमिह परं सर्वसत्त्वप्रपूर्णम् ॥ ३६ ॥

ऊर्ध्वमुखमा शक्ति र शिव सोम र रुद्ररूपी छन् भनी माथि लेखियो। उनै रस र तेजोरूपी सोम तथा सूर्य हुन्। यहाँ रस र तेज नै वैदिक अश्विनी देवताको प्रधान लक्षण हो।

ती अश्विनी देवता एकै नाम र पुरुषस्वरूपी एकै रूप लिएका दुइ व्यक्तिको नित्यसिद्ध एउटा जोडा हुन्। ती तादात्म्यसम्बन्धले सधैं जोडिएका छन्। यस कारण यो एउटा जोडा मानिएको छ। सृष्टिको प्राथमिक रस र तेज यी दुवै तत्त्वले पूर्ण हुनाका कारण यिनमा सबै सत्त्वको समावेश हुन्छ।

"अथातो द्युस्थाना देवताः तासामश्विनौ प्रथमगामिनौ भवतः; अश्विनौ यद् व्यश्नुवाते सर्वम्, रसेनान्यो ज्योतिषान्यः, अश्वैरश्विनावित्यौर्णवाभः।" इति (नि० १२,१,१)

वेदमा अश्विनी नामले प्रसिद्ध देवता नित्य योगले मिलेको एक जोडा हो। यो द्युलोकका देवताहरूमा पहिला मानिएको छ। सारा संसारलाई ढाकेर रहने हुनाले त्यसको नाम अश्विनी भयो। यो जोडामा एउटा रसले ढाक्तछ, अर्को ज्योति

अर्थात् तेजले । यसबाट रस र तेज नै अश्विनीको मुख्य रूप हो भन्ने प्रमाणित हुन्छ ।

और्णवाभ आचार्यका मतमा जगत्लाई किरणले ढाकेर रहेका हुनाले अश्विनी नाम भएको छ ।

ती अश्विनी देवता रस तथा तेजोमय सोम र सूर्यरूपी हुन् । त्यही सोम र विद्युत् तेजले युक्त हुनाले 'सोमारुद्र' नामक दुइ दैवत्यको रूप मानिएका छन् । यसको उल्टा योगबाट तेज र रसरूपी 'अग्निषोम' र 'सूर्याचन्द्रमस' नामका द्विदैवत्यको रूप हुन्छ, अर्थात् पृथिवीको अग्नितेज, अन्तरिक्षको विद्युत् र द्युलोकको आदित्य, यस्ता तीन किसिमका तेज छन् । ती तेजसँग मिलेका रस र रूपमा केही भिन्न भए पनि सबै तत्त्वहरूमा सोमको न प्रधानता छ । यस कारण "सोमसूर्यौ," "सोमारुद्रौ," "अग्निषोमौ," "सूर्याचन्द्रमसौ" इत्यादि यी द्विदैवत्यहरूमा सर्व सामान्यरूपले सोमको योग भएको छ । यी लोक भेद र नामरूपादि भेदबाट अलग देखिए पनि 'रस र तेज' ले युक्त हुनाले तात्त्विक दृष्टिबाट अश्वीनी देवतानै रूप हुन् ।

॥ अश्विनोः रुद्ररूपत्वम् ॥

॥ साक्षाद् रुद्रशब्देन निर्देशात् ॥

दिव्यौ तेजोरसाप्तौ समकलितचितेर्दिव्यभैषज्ययोगात् ,
रुद्रौ रुद्रात्मसत्त्वौ सुरवरभिषजौ रुद्रवर्तन्युपात्तौ ॥

द्यावाभूमीसरूपौ पुरुषतनुभृतौ सूर्यचन्द्रात्मकौ स्तः,
बीजक्षेत्रस्वरूपौ त्रिभुवनपितराववश्विनौ तौ कुमारौ ॥ ३७ ॥

ती दुवै अश्विनीकुमार द्युलोकसम्बन्धी दिव्य तेज र रसले मिलेका समान चैतन्य कलाबाट संयुक्त छन्। द्युलोकसबन्धी तेज र रसरूप औषधिका योगबाट तथा विश्वकल्याणकारक औषधि क्रियाका भागबाट युक्त हुनाले ती दुवै अश्विनीकुमार 'रुद्र' मानिएका छन्। भगवान् रुद्र पनि विद्युतादि तेज र जलको योगबाट वैद्यहरूका राजा मानिएका छन्।

"रुद्रं जलाषभेषजम्" (ऋ. सं. १।४३।४)

"प्रथमो दैव्यो भिषक्" (यजुः रुद्राध्याय)

"भिषक्तमं त्वा भिषजां शृणोमि" (ऋ. २।३३।४)

इत्यादि श्रुतिहरूमा स्पष्ट छ। तिनै तत्त्वबाट अश्विनी देवता पनि देववैद्य मानिएका छन्। त्यही रुद्रतत्त्वयुक्त हुनाले "रुद्र-वर्तनी" पनि मानिएका छन्।

"रुद्रा हिरण्यवर्तनी" (ऋ. ५।७५।३)

"आयातं रुद्रवर्तनी" (ऋ. १।३।३) यस्तो स्पष्ट छ। यसै कारण ती दुवै अश्विनी कुमारको 'रुद्र' नाम पनि प्रसिद्ध छ।

"वसू रुद्रा पुरुमन्तू वृधन्ता" (ऋ. १।१५८।१)

"जुहुराणा चिदश्विना०। युवं हि रुद्रा पर्षथो अति द्विषः" (ऋ. ८।२६।५) इत्यादि अनेक प्रमाणहरूबाट दुवै अश्विनी रुद्र

नै हुन् भन्ने सिद्ध हुन्छ ।

अब उनीहरूको रूप अप्रत्यक्ष हुनाले लक्षणबाट बुझ्नु-पर्दछ । सर्व सामान्यतः तेज र रस नै अश्विनीका मुख्य तत्व छन् । कुनै विद्वान् भौतिक आधिलौकिक तत्त्वका दृष्टि-बाट तेज र रसले युक्त बीज र क्षेत्ररूपी "द्यावा पृथिवी" अश्विनी हुन् भन्दछन् । कोही कोही अधिदैवत तत्त्वको दृष्टि-बाट सूर्य र चन्द्रलाई नै अश्विनी मान्दछन् । ती सूर्य चन्द्र दुवै पुरुष हुन्, यस कारण अश्विनीकुमारको स्वरूप सूर्य-चन्द्रमा सार्थक हुन्छ ।

"ननतत्कावश्विनौ, द्यावा पृथिव्यावित्येके, अहोरात्रावित्येके, सूर्याचन्द्रमसावित्येके" (नि. १२, १, १) स्पष्ट भनेको छ ।

"इमे ह वै द्यावा पृथिवी प्रत्यक्षमश्विनौ, इमे हीदं सर्व-मश्नुवातां," इति (शतपथ ब्राह्मण ४, १, ५, १६)

॥ अश्विनोरध्यात्मरूपम् ॥

अध्यात्मं नेत्रयुग्मं श्रुतियुगलमपि श्रोत्रमात्मेत्युभौ तौ ;
प्राणापानौ नसोऽन्तर्बहिरपि चरतो नासिकाद्वन्द्वरूपौ ॥
नासत्यौ नित्यसिद्धौ नयुगलकलितौ नत्वसत्यौ हि सत्यौ,
तस्मात् तत् रुद्रयुग्मं परशिवमिथुनं तत्त्वतः शाक्तशैवम् ॥३८॥

आध्यात्मिक तत्त्वका दृष्टिले दुइ दुइको जोडामा मिले-का इन्द्रिय र तिनका देवता पनि अश्विनी मानिएका छन् ।

दुवै आँखा र आँखामा बसेका सूर्य चन्द्र अश्विनी नै हुन् ।

"तद्यौ ह वा इमौ पुरुषाविवाक्ष्योः एतावेवाश्विनौ ।"

(शत. ब्रा. १२ । ९ । १ । १२)

दुइ कान पनि अश्विनी हुन् । "श्रोत्रे अश्विनौ" (श. ब्रा. १२ । ९ । १ । १३) कान र आत्मा दुवै मिलेर अश्विनी हुन् । "श्रोत्रं चात्मा चाश्विनः" (ऐ. ब्रा.) दुइ नाक पनि अश्विनी हुन् । "नासिके अश्विनौः" (श. ब्रा. १२ । ९ । १ । १३) नाकबाट भित्र बाहिर चल्ने प्राणापान नै अश्विनी हुन् ।

यी अश्विनीको 'नासत्यौ' नाम पनि प्रसिद्ध छ । "न सत्यौ, असत्यौ; न असत्यौ, नासत्यौ" यसरी दुइ नकारले युक्त हुनाले नासत्यौ अर्थात् सत्यरूपी छन् । यस कारण तादात्म्यले मिलेका यी सत्यरूपी दुवै रुद्र परशिवको नै जोडा हुनुपर्दछ । अर्थात् तत्त्वरूपले त्यो शक्ति र शिवसम्बन्धी देवताकै जोडा हो, यही निष्कृष्ट अर्थ हो ।

विशेष —— यहाँ दुइ नेत्रादि इन्द्रियहरूमा रस र तेजको सम्बन्ध नभए पनि द्वन्द्ववृत्तिबाट मात्र यिनलाई अश्विनीरूप भनेको बुझ्नुपर्दछ ।

॥ पुरुषरूपे शक्तितत्त्वयोगः ॥

॥ स्त्रीषु सिद्धं पुरुषतत्त्वम् ॥

लोके नारीः सतीस्तास्तनुगुणविषये पूरुषान् प्राहुरात्मन्,
देवे मर्त्ये च तुल्यं पितुरपि च पिता स्यात्तदिष्टं विजानन ॥

तस्मादग्नौ च सोमे चितिरसकलया वाक्त्वश क्तित्वयुक्तिः,
अग्नेदीहादिशक्तेरिव तदुभयथा भेदभावाद्यभावात् ॥ ३९ ॥

अश्विनीकुमारका दुवै मुख पुरुषको हुनाले अर्धनारीश्वरमा अश्विनी देवताको तत्त्व कसरी मिल्न सक्तछ, यसको शंकासमाधान हुनु उचित छ ।

यो कुरा तात्त्विक दृष्टिबाट मात्र मानिएको छ, लौकिक स्त्री पुरुष व्यक्तिरूपबाट होइन । जस्तै सोम र अग्नि स्त्रीरूपी व्यक्तिका तत्त्वबाट, पुरुषरूप भएर पनि रस र तेजोरूप हुनाले वाक्रूप मानिएका छन् । यस कारण चन्द्रादि देवताहरूमा तात्त्विक दृष्टिबाट शक्तिरूपको कल्पना मात्र गरेको छ । वास्तवमा शास्त्र दृष्टिबाट सूक्ष्म विचार गर्दा स्वास्नीमानिसहरूको स्त्रीजातित्व केवल स्थूल शरीरले भएको देखिन्छ ।

आत्माको चैतन्यतत्त्व र सूक्ष्मेन्द्रियहरूबाट बनेको लिङ्ग शरीरको दृष्टिले स्वास्नीमानिसलाई पनि पुरुष भन्दछन् भनि ऋग्वेदमा लेखेको छ ।

> ' स्त्रियः सतीस्ताँ उमे पुंस आहुः पश्यदक्षण्वान्
> न विचेतदन्धः । कविर्यः पुत्रः स ईमा चिकेत
> यस्ता विजानात् स पितुष्पितासत् । "
>
> (ऋ. १, १६४,१६)

विद्वान्हरूले मलाई भनेका छन्— यस संसारमा जति स्त्री छन् ती पुरुष नै हुन् । जो यो देख्तछ त्यो आँखा भएको

हो, जो जान्दैन त्यही अन्धो हो। जुन कैटो विद्वान् छ उही यस तत्त्वलाई जान्दछ, जो यस तत्त्वलाई बुझ्दछ त्यो पिताको पनि पिता हो।

यस किसिमले अग्नि र सोम आदि देवताहरूमा खालि तात्त्विक दृष्टिबाट नै शक्तिआदि रूप कल्पित छन्। वास्तवमा दुवै अश्विनीकुमारको पुरुषरूप चन्द्र र सूर्यमा नै छ। चन्द्रमामा रसतत्त्वबाट शक्तिको कल्पना भएको छ। त्यस तात्त्विक दृष्टि-बाट नै रस र तेजका योगले गौरी तथा शङ्करमा "अग्नीषोम," "सूर्याचन्द्रमसं" "सोमारुद्र," "आश्विन" द्विदैवत्यको कल्पना गरेको छ।

।। गौरीशङ्करयोरेकात्मता ।।

एकात्मानौ समानाविह सकलकृतौ तत्त्वयोगात् समस्तौ,
श्री गौरीशङ्करौ तौ त्रिभुवनविजये नित्यसिद्धौ समर्थौ ॥
स्वात्मानन्दे स्वरूपे निजगुणकलितौ वामदक्षार्धं क्लृप्तौ,
वामादेवी भवानी पशुपतिरमृतो दक्षिणश्चेतनात्मा ॥ ४० ॥

गौरी र शङ्कर दुवै यस जगत्का सब कार्यमा एक रूपले उपकारक छन्, स्वयं पनि एक रूप-ऐक्यात्म तत्त्वले मिलेका छन्। त्यै योगबाट ती त्रिभुवनविजयका निमित्त समर्थ भएका छन्। यो नित्यसिद्ध एक जोडा छ। आफ्ना स्वरूपमा तथा आत्मानन्दमा ती दुवैले निजी गुणहरूका साथ वाम र दक्षि-णार्ध देह धारण गरेका छन्। यस संसारकी विश्वरूप शक्ति

नै वामादेवी हुन्, परम चैतन्यरूपी ईश पशुपति नै अमृतात्मा हुन् ।

रुद्रोऽसौ दक्षिणार्धो यदि भवति परो ज्ञानसत्त्व प्रधानः,
दक्षः सन् दक्षबाहुर्निजकृतिविषये मुख्यभूतः स इष्टः ॥
इच्छाशक्तिः सती सा पुरुषमनुगता गौणभूतेह वामा,
मुख्यामुख्यत्वयोगाद् भवति तदुभयोर्दक्षवामात्मतेषा ॥ ४१ ॥

ती ज्ञानशक्तिप्रधान रुद्र आफू दक्षिणार्ध भएर जब श्रेष्ठ बनिरहन्छन्, तब उनै बलिष्ठ भएर आफ्नो काममा दक्षिणबाहु-समान सब कार्यकर्ता मुख्य मानिएका छन् ।

आफ्ना पुरुषको अनुसरण गर्ने इच्छाशक्ति प्रधान ती देवी आफू गौणभूत भएर वामा हुन्छिन् । यसरी ती दुवैमा मुख्य र गौणभावका योगबाट दक्षिण र वाम अर्धाङ्गत्व प्राप्त भएको छ ।

॥ उपदेशकत्वेन मुख्यत्वाद्दक्षिणत्वम् ॥

रुद्रो ज्ञानप्रधानो यदि भवति तदा दक्षिणो मुख्यभूतः,
प्रष्ट्री श्रोत्री च वामा पुरुषमनुसृता शङ्करस्तूपदेष्टा ॥
प्रष्टा श्रोता च वामस्तमनु भगवती दक्षिणा सोपदेष्ट्री,
स्वस्वप्राबल्ययोगान्निजनिजविषये दक्षताप्तावुभौ तौ ॥ ४२ ॥

रुद्र ज्ञानशक्तिप्रधान हुँदा दाहिने अर्थात् मुख्य हुन्छन् ।

त्यस समय शङ्कर शिवतत्त्वको उपदेशक र उनको अनुसरण गर्ने पार्वती गौण भएर प्रश्न गर्ने र सुन्ने (श्रोत्री) हुन्छिन् ।

फेरि शङ्कर स्वयं सर्वज्ञ, सर्वशक्तिमान् भईकन पनि लोककल्याणका निम्ति नम्र भएर जहिले प्रश्न गर्दछन्, उहिले ती पार्वती प्रश्नअनुसार शक्तितत्त्वको उपदेश दिन्छिन् । त्यस समय पार्वती दाहिने भएर मुख्य हुन्छिन् र प्रश्न गर्ने शिव देब्रे भएर गौण हुन्छन् ।

यस किसिमले शिव र शक्तितत्त्वादि आफ-आफ्ना विषयमा आफ्नो प्रबलताले गौरी र शङ्कर दाहिने भएर प्रधान मान पाउँछन्, अर्थात् यी गौरी र शङ्करका दाहिने र देब्रे भागको कल्पनामा मुख्य र गौणभाव नै कारण देखिन्छ ।

॥ उभयोरपि सव्यसाचित्वम् ॥

देवोऽसौ ज्ञानमुख्योऽप्यखिलकृतिपरो दक्षिणार्धः स्वयं स्यात्,
देवी संवित्प्रशान्ता परमशिवरता सा सती वामरूपा ।
निर्वेदात् सम्प्रशान्तो यदि भवति तदा पूरुषः सोऽत्र वामः,
शक्तिः सर्वार्थकर्त्री मिथ इदमुभयौ सव्यसाचित्वमाप्तौ ॥४३॥

ती शङ्कर स्वरूपले ज्ञानप्रधान भए पनि संसारका सब कामको सञ्चालक हुँदा मुख्य हुन्छन् र इच्छाशक्ति प्रधान देवी ज्ञानले शान्त भएर परम शिवमा अनुरक्त र देब्रेतिर सहकारिणीका रूपमा गौण भई बस्तछिन् । फेरि इच्छा अथवा

क्रियाशक्तिको यागले देवी जब मुख्य हुन्छिन् तब शङ्कर ज्ञान-प्रधान भएर पनि प्रेमवश इच्छा र कृतिरूप शक्तिका अधीन हुँदै गौणरूपले देब्रे हुन्छन् । यस्ता प्रकारले शंकर र पार्वती दाहिने र देब्रेरूपी ज्ञान तथा इच्छा, क्रियाशक्तिहरूका योगबाट परस्पर सव्यसाची बन्दछन् । अर्थात् परस्परको सहयोगले शक्ति र शिवको यो दिव्य जोडा अनादि सिद्ध भएको छ ।

॥ निर्गुणे ब्रह्मणि शक्तेः प्राधान्यम् ॥

सत्यो नित्यं परोक्षः परमपदरतो निर्गुणो निर्विशेषः,
ब्रह्मात्मा पूरुषोऽसौ गुणकृतिरहितः सर्वकर्तृत्वशून्यः ॥
मायादेवीह शक्तिः प्रसवगुणकला सा स्वशक्ति प्रभावात्,
स्रष्टी धर्त्री च हर्त्री जयति भगवती ब्रह्मचैतन्य योगात् ॥४४॥

त्रिकालमा सत्यरूपले रहने, सर्वदा परोक्ष भएको, आफ्नो परमपदमा सदा लीन भएको, निर्गुण र निर्विशेष मानिएको त्यो परब्रह्म परमपुरुष परात्मा सब गुण र कृतिहरूले रहित छ । सय कारण कर्तृत्वादि सबै विषयहरूले शून्य र निर्लिप्त छ। त्यस ब्रह्मवस्तुका चैतन्यको योगबाट प्रेरित भएकी उनैकी शक्तिरूप मायादेवी यस सारा संसारको प्रसव गर्ने गुणरूप कलावती आफ्नो शक्तिका प्रभावले विश्वलाई पैदा गर्ने, पालन पोषणरूपले धारण र फेरि उपसंहार गर्ने भगवती यस जगत्मा विजय पाउँछिन् ।

त्यो परब्रह्म केवल निर्गुण हुनाले यस विश्वको बाह्य कार्यमा गौण छ । ब्रह्मचेतनाले प्रेरित भएर पनि मायारूप प्रकृतिबाट नै विश्वको उत्पत्ति हुनाका कारण यस विश्वको सृष्ट्यादि कृतिका बारेमा शक्ति नै प्रधान छ ।

" इन्द्रो मायाभिः पुरुरूप ईयते " (ऋ. सं.)
" मायां तु प्रकृतिं विद्यान्मायिनं तु महेश्वरम् । "
" मूलप्रकृतिरविकृतिः । न प्रकृतिर्न विकृतिः पुरुषः । "
(सांख्यकारिका २)

।। प्रत्यालीढादि पादादौ शक्तेः प्राधान्यम् ।।

प्रत्यालीढादिपादे शवशिवहृदयाद्यासने योगपीठे,
योगाद्दै वैपरीत्या भगवति सुरतौ मुख्यता शक्तिदेव्याः ।।
एवं देव्यासनादौ त्रिगुणमयपरे शक्तिपीठे शिवस्य,
प्राधान्यं सत्वसिद्धं भवति पशुपतौ तद्द्वयोश्चापितत्त्वम् ।।४५।।

जहाँ शिवजीको छाती अथवा शव हृदयादि आसन अर्थात् निर्गुण र निष्क्रियात्मक शिव योगपीठमा भगवती बसेकी अथवा शिवजीको छातीमा पाउ राखेर उभिएकी वा लोक र शास्त्र विपरीत रतिमा लागेकी छन्, ती सबमा शक्तिको प्रधानता बुझ्नू । काली, तारा आदि वीरशक्ति देवताहरूको ध्यानमा यस्तै उल्टो रूप देखिन्छ ।

जहाँ शिवजी देवीलाई पाउले थिचेर शक्तिको आसनमा बसेका अथवा त्रिगुणात्मक त्रिकोण पादपीठरूप जलहरिको शक्तिपीठमा बसेका देखिन्छन्, उहाँ शिवको प्रधानता रहेको बुझ्नुपर्दछ । दक्षिणामूर्तिको ध्यानमा यस्तो रूप छ । यी दुवै भाव श्रीपशुपतिमा प्रत्यक्ष देखिन्छ ।

जलहरिरूप शक्तिपीठमा पशुपति प्रतिष्ठित रहेका र शिरोभागमा लिङ्ग हुनाले शिवको मुख्यता सिद्ध हुन्छ । शिरमा शक्तिरूप श्रीयन्त्र हुनाले शक्तिको प्रधानता सिद्ध हुन्छ ।

॥ ताराया: प्रत्यालीढपादस्वरूपम् ॥

तारं रुद्रं निजेशं परमपदरतं निर्गुणं पूर्णमेकम्,
तारा द्वेधा विभेद प्रपदयुगतले स्थापयामास शम्भुम् ॥
तारादेवः सर्वेशः प्रियहृदयशवः प्रेमपाशोपनद्धः,
ताराराज्ञीवशेऽभूत् तदनुकृतिपरस्तन्मनीषाप्रसादे ॥ ४६ ॥

आफ्ना पति तारलाई तथा परमपदमा लीन भएका निर्गुण, सर्वत्र पूर्ण, व्यापक एक अद्वितीय तत्त्वले सदा पूर्ण रहने ती रुद्र भगवान्लाई भगवती तारादेवीले आफ्नो शक्तिरूप दुइ भेदबाट युक्त अर्थात् अनेक भेद भएको शक्तिरूप दुइ पादहरूबाट आफ्नो पाउ मन्तिर सुताएकी छन् ।

तारादेवीका पति ती परमेश्वर आफ्ना प्रिय हृदयका वशमा भएर भगवतीका प्रेमपाशले बाँधिएका, उनको बुद्धिको

प्रसन्नताका निमित्त उनैको अनुकरण गर्नामा स्वयं पनि तत्पर भई ती ताराराज्ञीका अधीनमा भइरहेको ध्यान तारादेवीको हो।

"तारा शावहृदासनां दृढकुचामम्बां त्रिलोक्याः स्मरेत् ॥"
(मं. महौ. ४, ४०)

"प्रत्यालीढपदार्पिताङ्घ्रिशवहृद्घोराट्टहासा परा।" इत्यादि तन्त्र ग्रन्थहरूमा प्रसिद्ध छ।

॥ शिव प्राधान्यम् ॥

देवी वामा सती सा प्रकृतिमुपगता निष्क्रिया शक्तिपूर्णा,
नीचैर्नम्रा स्थितेयं स्थिरमतिरबला प्रेमपाशोपनद्धा ॥
दक्षो देवः स शक्त सकल गुणगणैरुच्च भावाधिरूढः,
कर्त्ता भोक्ता शिवः स्त्री तदुपहितदृशा भोजयित्र्येव भोक्त्री॥४७

आफ्नो प्रकृति स्थितिमा पुगेकी, पुरुषको प्रेमपाशमा बाँधिएकी, नाम र रूपले अबला, स्थिरबुद्धिमती, चञ्चलताले रहित भएर पनि आफ्नो स्वाभाविक शक्तिले पूर्ण ती देवी गौण भएर देवेतिर नम्रभावले रहन्छिन्।

पुरुष शिवजी मुख्य र बलिया भएर सब गुणहरूबाट उच्चभावले शक्तिमाथि आफ्नो बल चलाउँदै ठूला भएका स्वयं कर्त्ता र भोक्ता हुन्छन्। त्यस वेला शक्तिरूपिणी स्त्री ती देवी नम्रभावले पुरुषमा प्रेम-दृष्टि राख्तै र सुख दिंदै स्वयं पनि त्यो सुख भोग्दछिन्।

॥ तद्विपरितयोगात् शक्तेः प्राधान्यम् ॥

देवी तद्वैपरित्यात् स्थितिगतिकृतिभिश्चेतनाशक्तियोगात्
दक्षात्मोच्चैर्विरूढा जयकृतिकलया दक्षिणा कालिका सा॥
देवो वामो विनीतो गतिकृतिविरहादूर्ध्वरेताः स नीचैः,
कर्त्री भोक्त्री सतीस्यात् तदनुगतदृशा भोजयन्नेव भोक्ता ॥४८

ती वामादेवी मुख्य र बली छँदा माथि भनेअनुसार उल्टो भएर स्थिति, गति र कृतिहरूबाट आफ्नो चेतना शक्तिका योगले प्रधान बनी विजयरूप कला–कौशलले शिवजीलाइ नम्र पारेर स्वयं उच्चभावले बस्तछिन् । त्यस समय शिवजी देवीको प्रेमले आफू नम्र भएर मुर्दासमान हलचल नगरीं तल (देवीका पाउ मन्तिर) रहन्छन्, अनि ती देवी स्वयं सारा काम र सुखको भोग गर्ने हुन्छिन् । शिव प्रेमदृष्टिले देवीलाई सुख दिंदै स्वयं पनि त्यो सुख भोगदछन् ।

यसरी गौणभावबाट शक्ति र शिवमा नम्र र उच्चभावको कल्पना भएको छ ।

॥ शिव प्राधान्येन दक्षिणामूर्तिरूपत्वम् ॥

मायां शक्तिं सतीं तां त्रिगुणचितिमयीं स्वात्मनो ज्ञानयोगात्,
नीचैर्योगासने स्वे निजचितिवलतः स्थापयामास रुद्रः ॥
उच्चैर्योगाधिरूढो जयति निजपदे सर्वतन्त्रस्वतन्त्रः,
सर्वज्ञानप्रपूर्णो लसति पशुपतिर्दक्षिणामूर्तिरीशः ॥४९॥

श्री भगवान् रुद्र दक्षिणामूर्तिले "सत्व, रज, तम" यी तीन गुणहरूले युक्त त्रिगुणात्मिका मायादेवीलाई आफ्नो पूर्ण ज्ञान र चैतन्य बलबाट योगासनका मुनि अर्थात् आसनरूपले सुताएका छन्, अर्थात मायाशक्तिलाई ज्ञान योगले दबाएर त्यस शक्ति आसनमा आफू बसेका छन्।

यस प्रकार उच्चतर योगबाट मायामाथि आरूढ भएर आफ्नो परमपद्मा ती सर्वज्ञानपूर्ण दक्षिणामूर्ति सबभन्दा श्रेष्ठ बनी सर्वतन्त्र स्वतन्त्र भएर श्री पशुपतिका रूपमा यहाँ विलास गर्दछन्।

॥ उभयप्राधान्येन कामकलारूपत्वम् ॥

रुद्रः कामः कलोमा भवति तदुभयं श्लिष्टमाद्यं सुयुग्मं,
तादात्म्यादैक्ययोगाज्जगति विजयते स्वप्रतिष्ठाप्रभावात् ॥
सिद्धं प्राधान्यमस्मिन् परममुभययोस्तत्समानं तदेकं,
नित्यं शक्त्या स्वयं तल्लसति पशुपतौ मध्यलिङ्गोर्ध्ववक्त्रे ॥५०॥

ती रुद्र 'काम' मानिएका छन्, उनकी शक्ति उमादेवी नै 'कला' हुन्। शक्तिद्वारा नै प्रत्येक वस्तुका गुणधर्मको विकाश हुन्छ। यी दुइ मिलेर एउटै सत्य वस्तु नित्य सिद्ध भएको छ। यही यो विश्वको आदिकारणीभूत पहिला जोडा हो। यसैलाई तन्त्रशास्त्रमा 'कामकला' मानेको छ। नारायणोपनिषद्मा रुद्रलाई काम भएको छ।

" कामोऽकार्षीन्नमोनमः । कामो कार्षीत् कामः कामः करोति नाहं करोमि कामः कर्त्ता नाहं कर्त्ता कामः कारयिता नाहं कारयिता, एष ते काम–कामाय स्वाहा । " इति ।

यस मन्त्रमा 'काम' नाम रुद्रको छ । जो आफ्नो इच्छा मात्रले जे पनि गर्न सक्तछन् ती काम रुद्र नै हुन् । काम नै सब गर्दछ, म होइन; कामले नै जे पनि गरेको छ, मैले होइन; सब गर्ने पनि काम नै हो, म होइन; यस कारण हे काम ! सर्वतन्त्र स्वतन्त्र इच्छाशक्ति सामर्थ्यवान् रुद्र ! तिमीलाई मेरो नमस्कार र सर्वस्व अर्पण छ ।

त्यो कामकलात्मक जोडा तादात्म्य सम्बन्ध तथा ऐक्यले जोडिएको छ । ती आफ्ना प्रतिष्ठाका प्रभावले यस संसारमा विलास गरिरहेछन् । दुवैमा भेद नहुनाले दुवै प्रधान मानिएका छन् , दुवै समान छन् , दुवै मिलेर एकै वस्तु छन् र आफ्नो शक्ति तथा स्वभावले नै स्वतः सिद्ध , नित्य, अभिन्नरूपले बनेका छन् ।

" शक्तिशक्तिमतोरभेदः धर्म धर्मिणोरभेदः " यस वचनबाट जसरी शक्ति र शक्तिमान्, धर्म र धर्मी अलग हुँदैनन्, न उनलाई अलग गर्न सकिन्छ , जस्तो अग्निको दहका शक्ति अग्निबाट अलग हुन सक्तैन उस्तै शक्तिरूपिणो गौरी र शक्तिमान् शंकर बेगलै छैनन् । यी दुवैका प्राधान्य योगबाट नित्यसिद्ध त्यो गौरीशंकर तत्त्व यहाँ श्री पशुपतिको मध्यलिङ्गरूप ऊर्ध्वमुखमा प्रसिद्ध छ । यस

कारण यो ऊर्ध्वमुख उभयप्रधान कामकलात्मक हुनाले शिव र शक्तिरूप मानिएको छ । यहाँ शक्ति र शिवमा दाहिने तथा देब्रे कुनै पनि सम्बन्ध नहुनाले दुवैको प्राधान्य वस्तु सिद्ध छ ।

॥ शाम्भवी मुद्रा ॥

अन्तर्लक्ष्यं बहिर्दृग् द्विविधधृतिहिता शाम्भवी दिव्यमुद्रा ।
शस्त्रं शैवं धनुषाद् भवति पशुपतेः सद्विशिष्टं प्रकृष्टम् ॥
अन्तर्लक्ष्यः स्वयं सन् पशुपतिरुदितः संविदात्मा प्रशान्तः ।
गम्भीरा सुप्रचण्डा जगति जयति सा बाह्यदृष्टिर्भवानी ॥५१॥

अन्तरात्मा स्थिति र विश्वकार्य यी दुवै विषय रुद्रमा कसरी रहन्छन् र यी दुवै विरुद्ध स्थिति एकै समयमा एक रूपले कसरी हुन सक्छ ? यो एक विचारणीय विषय छ ।

योगशास्त्रानुसार आफ्नो अन्तरात्मामा लक्ष्य र बाहिर यस संसारमा दृष्टि, यी दुइ वृत्तिहरू जुन वेला एक कालावच्छेदले सिद्ध हुन्छ त्यही शाम्भवी मुद्रा कहिन्छ । यो मुद्रा मुख्यतया भगवान् शम्भुमा नै सधैं सिद्ध हुनाले शाम्भवी नामले प्रसिद्ध छ । यही शिव धनु हो, यही एउटा संसारमा पशुपतिको अजोड शस्त्रका समान सब काम गर्ने हुनाले पाशुपतास्त्र पनि कहलिन्छ ।

यसैबाट श्रीरामले धर्मप्रान रामराज्यको स्थापना गरेर शान्ति सीताका संयोगले स्वयं आत्माराम भएका थिए,

यसैलाई पाएर अर्जुन नरवीर कहलिए । यसैका प्रभावले तलको प्रतिविम्ब (पानीमा छाया) हेरेर अर्जुनले मत्स्यवेध गरेका र सव्यसाची नाम पाएका थिए, यसैबाट धर्मराज्य र विश्वरूपको दर्शनले परमार्थरूपी अन्तर्लक्ष्य पनि साधेका थिए ।

आफ्नो अन्तरात्मा लक्ष्य राखेर उत्तरमुखमा ज्ञानरूपी वामदेव प्रशान्तरूपले युक्त स्वयं भगवान् पशुपति प्रकट छन् ।

उनकी शक्ति भगवती आफ्नो दिव्य क्रियाशक्तिको योगले प्रचण्ड भएकी वाह्यदृष्टिवती ती भवानी गम्भीर मुद्राले युक्त भएर यस विश्वमा विलास गर्दछिन् । अर्थात् विश्वकार्यमा उनको दक्षिणा शक्तिरूप दृष्टि लागेको छ ।

यसरी एकै समयमा आफ्नो आत्मस्थितिरूप अन्तर्लक्ष्य र विश्वसञ्चालन रूपबाट वाह्यदृष्टि, यी दुवै ध्येय शाम्भवी मुद्राले नै सिद्ध हुन्छ। यो एउटा भगवान् शंकरको बडो भारी असाधारण योग छ ।

यो शाम्भवी मुद्रालाई सिद्ध गर्ने पुरुष भगवान् शंकरका समान आत्मस्थितिमा र विश्वको सव काम चलाउनमा समेत समर्थ हुन्छ ।

॥ ब्रह्मतेजाः शिवः, क्षात्रशक्तिर्गौरी ॥

श्रीरुद्रश्वेतनोऽसौ ऋतुमय पुरुषो ज्ञानरूपः परात्मा ।
नित्यं सन्निर्विशेषो निजमहिमपरो ब्रह्मतेजाः समित्रः ॥

गौरी दक्ष क्रियात्मा पशुपतिलसिता सर्वशक्तिस्वरूपा ।
दिव्या दाक्षायणी सा जगति विजयते वारुणी क्षात्रशक्तिः ॥५२

यस शाम्भवी अन्तर्लक्ष्य नै ब्रह्मतेज र बहिर्दृष्टि नै क्षात्रशक्ति छ । ती चेतनमय रुद्र ज्ञानरूपी परमात्मा परमपुरुष 'क्रतुमय' भनिएको छ ।

"सर्वं खल्विदं ब्रह्म तज्जलानिति शान्त उपासीत अथ खलु क्रतुमयः पुरुषः मनोमयः प्राण शरीरो भारूपः ।"
(छां. उ. ३, १४)

उनकी पत्नी गौरी बल–क्रियाशक्तिले मिलेकी आफ्ना पुरुषको अनुसरण गर्दै सर्व कर्तृत्वशक्तिले युक्त दक्षिणबाहुरूप बनेकी छन् । यस कारण 'दक्षा', 'दक्षिणा', 'दाक्षायणी' नाम र रूप पनि ती देवीलाइ सिद्ध हुन्छ । दक्षनामक आदित्यकी पुत्री दक्षिणा भएकी ती दाक्षायणी क्षात्रतेजले युक्त वरुणसम्बन्धी क्षात्रशक्तिरूपिणी भगवती यस जगत्मा विजय पाउँदछिन् । अर्थात् शंकर र गौरी ज्ञान र क्रियाशक्तिरूपी क्रतु र दक्ष नामका सत्वबाट मित्र र वरुणरूप हुनाले ब्रह्म र क्षात्रतेजका देवता बनेका छन् ।

"इमां धियं शिक्षमानस्य देव क्रतुं दक्षं वरुण संशिशाधि ।"
(ऋ. सं. ८, ४२, ३)

"क्रतुं दक्षं वरुण संशिशाधीति वीर्यं प्रज्ञानं मयि संशिशा-

धीत्येव तदाह।" (ऐ. ब्रा.)

हे वरुण देव! यस बुद्धिको परिशीलन गर्ने मलाई क्रतु र दक्ष दुवै सिद्ध गरिदेऊ।

यहाँ भनिएका क्रतु र दक्ष वीर्य र प्रज्ञान हुन्। यी मन्त्र र ब्राह्मणका वचनहरूबाट क्रतु र दक्ष ज्ञान तथा क्रियाकै साङ्केतिक नाम हुन्।

"क्रतू दक्षौ वा अस्य मित्रावरुणौ। एतन्वध्यात्मं स यदेव मनसा कामयते इदं मे स्यादिदं कुर्वीयेति स क्रतुः। अथ यदस्मै समृध्यते स दक्षः, मित्र एव क्रतुर्वरुणो दक्षः, ब्रह्मैव मित्रः क्षत्रं वरुणः, अभिगन्तैव ब्रह्मकर्ता क्षत्रियः।"

(शत. ब्रा. ४, १, ४, १-६)

ज्ञान प्रकाशक शक्तिरूपिणी उषादेवीसित मिलेका तेजोमय मित्र र आरणशक्तिरूपिणी रात्रिदेवी सहितका जलदेवात्मक रसमय वरुण दुवै मनुष्यका निमित्त क्रतु र दक्षरूपी छन् अर्थात् ज्ञान र वीर्यदाता हुन्।

. यो मलाई मिलोस्, यो काम मगरूँ भन्ने जो चाहन्छ त्यही क्रतु हो। यसलाई जुन इष्ट प्राप्त हुन्छ त्यो दक्ष हो। मित्र नै क्रतु र वरुण नै दक्ष हुन्। ब्रह्म नै मित्र तथा क्षत्र नै वरुण हुन्। जान्ने', चाहने अथवा पाउने ब्रह्म हो, कर्त्ता क्षत्रिय हो।

यस कारण वीर्य र प्रज्ञान शक्तितत्त्वरूपी गौरीशङ्कर

क्षात्र र ब्रह्मतेजका देवता हुनाले क्रिया र ज्ञानशक्तिरूप क्षात्र तथा ब्रह्मतेज यी दुवैका दाता छन् । अतएव गौरीशङ्करका समान क्षात्र र ब्रह्मतेज दुवैका सहयोगले नै सब काम सिद्ध हुन्छ ।

॥ एकादश रुद्रलिङ्गानि ॥

रुद्रो मृत्युञ्जयः सन्निह निधनपतिः सोऽन्तिकश्चैव मृत्योः,
ऊर्ध्वः सन्नूर्ध्वलिङ्गो वसुचितिकमहाः सन् हिरण्यः सुवर्णः ॥
दिव्यो देवो भवोऽसावपि परमशिवः शर्व ईशोज्वलोऽयं,
ज्योतीरूपः स आत्मा विलसति परमः सर्वलिङ्गस्वरूपः॥ ५३ ॥

ती रुद्र 'मृत्युञ्जय' हुनाले 'निधनपति' मानिएका छन् । उनै मृत्युका पनि मृत्यु छन र 'निधनपतान्तिक' कहिन्छन् । रुद्रको ऊर्ध्वमुख नै प्रधान हुनाले "ऊर्ध्व र ऊर्ध्वलिङ्ग" भनिएको छ । ती रुद्र सब ऐश्वर्यका मूल हुनाले 'हिरण्य' हुन्, सुवर्ण पनि हुन्, अर्थात् ज्योतिर्मय हुन्, दिव्य हुन्, सारा जगत्का कारणीभूत 'भव' हुन्, सर्वसंहारक 'शर्व' पनि हुन्, मङ्गलरूप 'शिव' पनि हुन् । उनी प्रकाशक हुनाले 'ज्वल' मानिएका छन् । उनै सर्वान्तर्यामी छन्, सबभन्दा श्रेष्ठ 'परम' छन् । यी सब तत्त्वहरूका साथ बस्ने ती रुद्र तत् तत् नामका लिङ्गरूपी मानिएका छन् । यो कुरा नारायणोपनिषद्मा छ—

"निधनपतये नमः, निधनपतान्तिकाय नमः, ऊर्ध्वाय नमः, ऊर्ध्वलिङ्गाय नमः, हिरण्याय नमः, हिरण्यलिङ्गाय नमः, सुव-

र्णाय नमः, सुवर्णलिङ्गाय नमः, दिव्याय नमः, दिव्यलिङ्गाय नमः, भवाय नमः, भवलिङ्गाय नमः, शर्वाय नमः, शर्वलिङ्गाय नमः, ज्वलाय नमः, ज्वललिङ्गाय नमः, आत्माय नमः, आत्मलिङ्गाय नमः परमाय नमः, परमलिङ्गाय नमः ॥"

रुद्रका यी एघार लिङ्ग हुन् । ती रुद्रहरूलाई नमस्कार छ ।

॥ सोमसूर्यात्मकानि सर्वलिङ्गानि ॥

एतत् सर्वं तु लिङ्गं पशुपतिलसितं सोमसूर्यात्मनोस्तद् ,
गौरीशम्भ्वोश्च सत्वाद मृर्ताचतिमयं शक्तिशैवात्मक सत् ॥
सद्योजातप्रमुख्यैः प्रतिहितवदनैः पञ्चभिः पञ्चवक्त्रे,
क्लृप्तं तन्नित्यसिद्धं भवति पशुपतौ पाणिमन्त्रं पवित्रम् ॥५४॥

श्री पशुपतिमा यी एघारै लिङ्गका तत्त्व छन् । यी सब सोम र सूर्यका लिङ्ग हुन्, अर्थात् सोमसूर्यरूप गौरीशङ्करका सत्त्वले युक्त हुनाका कारण यी सब लिङ्ग शक्तिशिवात्मक नै छन् । यहाँ सद्योजातादि पाँच मुखले युक्त श्री पशुपतिमा यी सबै लिङ्गहरूका तत्त्व नित्य सिद्ध छ ।

"एतत् सोमस्य सूर्यस्य सर्वलिङ्गं स्थापयति पाणिमन्त्रं पवित्रम् ।" (ना. उ.)

विद्युज्ज्योतिः प्रदीप्तप्रचुरतरमहा दिव्य हैरण्यबाहुः,
ज्योतिर्हैरण्यवर्णः सकलवसुमयो ऽपि हैरण्यरूपः ॥

सर्व श्रीयुग्घिरण्याद्यधिपतिरमलः सोऽम्बिकोमापतिः सन्,
विस्मै विश्वादिपित्रे पशुपति विभवे श्री शिवायों नमस्ते ॥ ५५ ॥

ती रुद्र केवल ज्योतिर्मय हुनाले वेदहरूमा हिरण्यका साथ अनेक किसिमबाट वर्णन गरिएका छन् । विद्युत्सम्बन्धी तेजले चम्किरहेका अत्यन्त प्रकाशमान दिव्य हिरण्यका समान जसका बाहु छन्, ती 'हिरण्यबाहु' हुन् । यस कारण ती हिरण्य जस्तै तेजस्वी छन्, हिरण्यका रूप पनि छन्, सब ऐश्वर्यरूप हिरण्यका मालिक पनि छन्, अम्बिका र उमादेवीका पति छन्। यस्ता दिव्यरूपले युक्त तेजोमय पशुपतिलाई नमस्कार छ।

"नमो हिरण्यबाहवे हिरण्यवर्णाय हिरण्यरूपाय हिरण्यपतयेऽम्बिकापतय उमापतये पशुपतये नमो नमः॥" (ना. उ.)

॥ पशुपतेः शिरसि श्रीयन्त्रपूजा ॥

लिङ्गं तच्चोर्ध्ववक्त्रं भवति पशुपतेः पूर्णमात्मीयमैशं,
तस्मिच्छक्तिस्तु गुप्ता त्रिभुवनपुरभृत् सुन्दरी राजतेऽन्तः ॥
तस्माच्छ्रीयन्त्रचक्रोल्लसितपरसती श्रीशशक्तित्रयात्मा:,
नित्यं सम्पूज्यतेऽयं पशुपतिरमृतः सोऽमृत्वाय सिद्धः ॥ ५६ ॥

श्री पशुपतिका ऊर्ध्वमुखको लिङ्ग उनैको आत्मीय ईशसम्बन्धी मुख हो, तसर्थ त्यो 'ईशान' मानिएको छ। त्यसमा त्रिशक्तिरूप पराशक्ति श्री त्रिपुरसुन्दरी गुप्त रीतले रहन्छिन्।

यस कारण श्री पशुपतिका शिरमा श्रीखण्डले श्रीयन्त्र लेखेर त्यस त्रिशक्तिका साथ रोज पूजा गरिन्छ । अतएव शक्ति शिवात्मक यी पशुपति स्वयं अमृतरूपी छन् र हाम्रा पूर्ण अमृतत्वका निमित्त सिद्ध भएका छन् ।

॥ श्रीयन्त्रस्वरूपम् ॥

पूर्णो बिन्दुस्त्रिकोणं वसुदलसहितं तद्दशारद्वयेष्टं,
मन्वस्रं दिग्दलाप्तं विधुपरमसुधा चित्कला षोडशारम् ॥
बाह्यं वृत्तत्रयं तत् त्रिगुणचितिमयं भूपुरं चक्रमन्ते,
श्रीयन्त्रं दिव्यचक्रैर्नवभिरुपहितं सर्वशक्तिप्रपूर्णम् ॥ ५७ ॥

पूर्ण ब्रह्मरूपी 'बिन्दु' त्रिगुणात्मक त्रिशक्तिरूप 'त्रिकोण,' अष्टवसुरूपी 'अष्टदल', दश प्राणरूप 'अन्तर्दशार', दश दिशारूप 'बहिर्दिशार', चौध भुवनरूपी 'चतुर्दशदल', फेरि आठ दिशाहरूका 'अष्टदल', चन्द्रमाका सोह्र कलाहरूले पूर्ण 'षोडशदल', यी आठ चक्रहरूमाथि त्रिगुणात्मक वृत्तत्रय (तीन रेखाहरूको गोलचक्र) र यस चक्रका बाहिर चार दिशाहरूमा चार ढोका भएको, त्रिगुणात्मक तीन रेखाहरूबाट बनेको 'भूपुरचक्र', यस्ता नौ चक्रले पूर्ण यो श्रीयन्त्र सब शक्तितत्त्वहरूबाट पूर्ण भएको छ । अर्थात् सबै देवताहरूको सत्व यही श्रीयन्त्रमा सिद्ध छ ।

" न्दुत्रिकोणवसुकोणदशारयुग्म—
मन्वस्रनागदलसंयुतषोडशारम् ॥

वृत्तत्रयं च धरणीसदनत्रयं च
श्रीचक्रमेतदुदितं परदेवतायाः ॥
(नित्या. षो. अर्णव तन्त्र)

॥ चन्द्रसूर्यात्मको दिव्यध्वजः ॥

नित्यः सोऽनादिसिद्धः प्रभवति जगतां संविभक्ता फलानां,
भूयो भूयोऽपिनित्यं नवनवकलया स्वात्मचित्या समुद्यन् ॥
प्रज्ञा प्राणस्वरूपो भुवि नृषु वितरन् दीर्घमायुः सुवीर्यं,
अह्नां केतुर्ध्वजः सञ्जयति पशुपतिः सोमसूर्यात्मकोऽयम् ॥५८

सबैलाई प्रत्यक्ष सिद्ध 'चन्द्र र सूर्य' नित्य तथा अनादि सिद्ध ज्योतिर्मय दिव्य विभूति हुन् । यी सम्पूर्ण जगत्का प्रकाशक, अहोरात्रादि कालको विभाग गर्ने, रस र तेजद्वारा सब प्राणीहरूलाई इष्टफल दिने, रोज नयाँ नयाँ कलाहरूबाट प्रकट हुने प्रज्ञा र प्राणरूपी छन् । यिनै रस र तेजद्वारा सब प्राणिलाई दीर्घायुष्य दिन्छन् । यिनै सारा संसारका सबभन्दा उच्च दिव्य 'ध्वज' हुन् । यिनै जगत्का निशाना हुन् ! वास्तवमा यो ध्वजा शक्तिशिवात्मक छ । यसै कारणले नेपालराज्यको ध्वजामा चन्द्र--सूर्यको चिह्न अनादिकालदेखि अङ्कित छ । यो वेद प्रमाणबाट सिद्ध छ ।

"नवो नवो भवति जायमानोऽह्नां केतुरुषसामेत्यग्रम् ।
भागं देवेभ्यो विदधात्यायन् प्रचन्द्रमास्तिरते दीर्घमायुः ॥
(ऋ. मं. १०, ८५, १९)

नित्य नयाँ नयाँ हुँदै उषादेवीका अगाडि हिंडेका, देवता-हरूका भाग बाँड्ने प्रज्ञा र प्राणस्वरूपी विश्वकल्याणकारी झण्डारूपी चन्द्र र सूर्य दीर्घायुष्य दिऊन् ।

(विश्वविभूतियोग)

॥ पूर्ण बिन्दुस्वरूपं अपात् तत्त्वम् ॥

सत्यः सर्वात्मभूतः परमचितिमयः पूरुषात्मा परेशः,
तच्छक्तिर्वाक् परा सा परमुभयमदो बिन्दुरूपं प्रसिद्धम् ,
सङ्ख्यामात्रादिहीनाद् गुणाकृतिरहितात् सन्नपात्तत्त्वयोगाद् ,
गौर्या वाचा सहास्ते जगति पशुपतिः पूर्णबिन्दुस्वरूपः ॥ ५१ ॥

सत्य अधिष्ठानरूपी सर्वात्मक परमचैतन्यमय ती परम-पुरुष परात्मा र उनकी शक्तिरूपिणी परावाक् दुवै एकताबाट 'पर' भएका छन् । ती केवल परोक्ष सूक्ष्म कारण बिन्दुरू-पबाट सिद्ध छन् । त्यस बिन्दुको मात्रा, संख्या, गुण र कृति आदि नहुनाले त्यस अपात् तत्त्वका योगबाट श्रीपशुपति आफ्नी गौरी वाग्देवीका साथ स्वयं पूर्ण बिन्दुस्वरूप भएर बस्तछन् ।

"अपादग्रे समभवम्"– त्यो वस्तु पहिले अपाद थियो।

"अमात्रं त्वा धिषणा तित्विषेमहि ।" (ऋ.)

हे इन्द्र ! हामी तिमीलाई बुद्धिबाट ननापिने योग्य सम्झन्छौं ।

" अपदसि नहि पद्यसे " (बृ. उ.) । हे गायत्रि ! तिमी अपाद छ्यौ, यस कारण हामीबाट पाइन सक्तिनौ ", इत्यादि प्रमाणहरूबाट परमात्मा र उनकी वाक् अपाद तथा अमात्रक – पाद मात्रादि रहित छ – भन्ने सिद्ध हुन्छ ।

॥ सपात् एकपादादितत्त्वम् ॥

अद्वैतैकात्मसत्ता परमचितिकला पूर्णधामप्रतिष्ठः,
शक्त्या वाचा सहैक्याद् द्वितयचितिमयः सद्वितीयैकधात्मा ॥
ज्योतिः शक्तित्रयात्मा त्रितयगुणमयस्त्र्यम्बकः सत्रिनेत्रः,
दिग्भिस्तद्दैवताद्यैर्निजनिगममुखैस्तच्चतुष्पादपूर्णः ॥ ६० ॥

ती रुद्र भगवान् स्वयं अपाद भएर पनि चेतना शक्तिरूप परावाणीका योगले १–२–३–४ पादहरूको आक्रमण गर्दछन् ।

ती आफूसिवाय अर्काबाट रहित एकात्म सत्ताको परम चैतन्यरूप चित्कलाका पूर्णधाममा एकरूपले बस्तछन् र यसै कारण एक पाद मानिएका छन् ।

ती आफूसमान सत्त्वरूपिणी परावाक्शक्तिका सहयोगबाट वाच्य र वाचकरूप दुवै किसिमका चैतन्यवृत्तिले मिलेका तादात्म्यसम्बन्धले रहने वाणीका साथ द्विपात् भएका छन् । यिनैको नाम अर्धनारीश्वर हो ।

भूः भुवः स्वः यी व्याहृतिहरूका योगबाट ती रुद्र त्र्यम्बक नामले प्रसिद्ध भएका छन् । उनै तीनै लोकका पिता छन् ।

" पृथिवी-अन्तरीक्ष-द्युलोक " र यी लोकहरूका अधिपति " अग्नि-वायु (इन्द्र)-सूर्य अथवा वसु-रुद्र-आदित्य " र " वाक्-प्राण-मन " यी तीन ज्योतिर्मय पादहरूबाट त्रिपात् भएका छन् तथा " सोम-सूर्य-अग्नि " रूप तीन नेत्रले युक्त भएर " इच्छा-क्रिया र ज्ञान " शक्तिका योगबाट त्रिपाद् भएका छन्, यही त्रिकोणको रूप हो । पूर्व, दक्षिण, पश्चिम, उत्तर यी चारै दिशा र यिनका अधिपतिहरूका योगबाट चतुष्पाद बनेका छन् अथवा बिन्दु र त्रिकोण मिलेर चतुष्पाद छ ।

" चत्वारि वाक् परिमिता पदानि । " (ऋ॰ मं॰ १, १६४)

" गौरीर्मिमाय सलिलानि तक्षत्येकपदी द्विपदी सा चतुष्पदी । " (ऋ॰ मं॰ १, १६४)

" गायत्रस्येकपदी द्विपदी त्रिपदी चतुष्पदी । " (बृ॰ उ॰)

वाणीका चार पाउ परिमित छन्, ती वाग्रूप गौरी यो सारा भुवनहरूलाई उत्पन्न गर्दै, शब्द गर्दै, शब्दरूपले नाम्रै १-२-३-४ पादवती छन् । गायत्रीरूप वाग्देवता ! तिमी १-२-३-४ पादवती छयौ ।

" पादोऽस्य विश्वा भूतानि त्रिपादस्यामृतं दिवि । "

(ऋ॰ १०, ९०, ३)

" चतुष्पाद् भूत्वा भोग्यः सर्वमादत्त भोजनम् । " (अथर्व)

एकपाद् भूयो द्विपदो विचक्रमे द्विपात् त्रिपादमस्येति पश्चात् ।

चतुष्यादेति द्विपदामभिस्वरे सम्पश्यन्पङ्क्तीरुपतिष्ठमानः॥ "
(ऋ. सं.)

त्यस परमपुरुषका चार पाउ छन् । एक पाउ सर्वभूतरूपी र तीन पाउ अमृतरूप छन् । त्यो द्युलोकमा छ। ती अपात् पुरुष चतुष्पाद भएर यी सारा भोग्य वस्तुलाई लिन्छन् ।

ती एकपात् पुरुष प्रथमतः द्विपात् आक्रमण गर्दै पछि त्रिपात् भए, तत्पश्चात् चतुष्पाद भए ।

" यावद् ब्रह्म विष्ठितं तावती वाक् " (ऋ. मं. १०, ११४,८)

" यत्र ह क च ब्रह्म तद् वाक्, यत्र वा वाक् तद्वा ब्रह्मेत्येतदुक्तं भवति । " (ऐ. का. १, ३, ८)

अर्थात् ब्रह्मवस्तु र वाक्, यी दुवै समान हुन्, एक रूप हुन्, अभिन्न हुन् ।

पञ्च ब्रह्मात्मवक्त्रो लसति पशुपतिः पञ्चभिः प्राणसत्त्वैः,
आम्नायैः षड्भिरङ्गैः प्रभवति भगवान् षड्गुणैश्वर्यपूर्णः ॥
सप्तात्मा ज्योतिरास्यो निजसुतकिरणैस्तैर्मरुत्प्राणरूपैः,
भुत्याप्तैरष्टभिः सन् दिगधिपवसुभिःसोऽष्टमूर्तिर्महेशः ॥६ १॥

ऊर्ध्वाम्नायले सहित पञ्च ब्रह्मरूप पञ्च प्राणहरूका तत्त्वबाट ती रुद्र पञ्चमुखी भएका छन्, तिनै पञ्चपाद छन् तथा अधराम्नायले युक्त भएर षड्गुणैश्वर्य पूर्ण षण्मुखी भएका छन् ।

आदित्य तेजका सात किरणरूपी आफ्ना पुत्र मरुत् देवताहरूले युक्त भएर सप्तात्मा भएका छन्, ती सात प्राणरूप नै छन्। भूमि–जल–तेज--वायु--आकाश--सूर्य--चन्द्र र जीवात्मा यी अष्ट मूर्तिका तत्त्वका योगबाट तथा आठ दिक्पालहरूका शक्तिका सहयोगबाट ती रुद्र अष्टमूर्ति भएका छन्।

संख्यात्मा शक्तिभिः सन् नवभिरुपहितः प्राणदेवात्मरूपैः,
मध्ये बिन्दौ स्थितोऽयं वसुदिगनुगतज्योतिषाप्तो नवात्मा ॥
संख्यातीतो दशात्मा दशदिगनुगतै रश्मिभिः प्राणरूपैः,
एकात्मैव स्वयं सन् परमपदगतोः बिन्दुना सम्प्रपूर्णः ॥६२॥

नौ प्राण र नौ शक्तिरूप नौ संख्याका योगबाट ती रुद्र नवात्मा भएका छन्। आठ दिशाका बीचमा पूर्ण बिन्दुमा रहेका ती पूर्ण बिन्दुरूपी नवात्मा छन्।

ती नौ संख्यात्मक नौ तत्त्वहरूका अतिक्रमणले संख्यातीत भएका छन्। दश दिशामा फैलिएका आफ्ना ज्योतिका किरणबाट उनी पनि दशात्मा भएका छन्।

यसरी एकात्मरूपले रहँदै पूर्णबिन्दुरूपबाट आफ्नो परमपदलाई पाएका छन्, उसैबाट दशात्मा भएका छन्।

" स भूमिं विश्वतो वृत्वा अत्यतिष्ठद्दशाङ्गुलम्। "

(ऋ. १०,९०,१)

ती पुरुष सारा विश्वलाई ढाकेर दशाङ्गुल पदलाई अति-क्रमण गरेर बस्तछन् अर्थात् संख्यातीत भएका छन् । नौ संख्या नै प्रधान हुनाले दसौं पद संख्यातीत छ ।

॥ एकादशात्मा रुद्र ॥

एकात्मैवेह पूर्णो जगदिदमखिलं व्याप्य शक्त्या ततोऽति-
क्रान्तः सर्वं ततोऽपि प्रमितपरचितेर्नित्यमेकत्वमाप्तः ॥
आदौ चान्ते समानो बहुविधविरहादेकधा सद्वितीयः,
तत्त्वैक्यान्नित्यसिद्धः पशुपतिरुदगाद्रुद्र एकादशात्मा ॥ ६३ ॥

ती रुद्र एकात्मा नै रहेर पूर्ण भएका छन् र सारा संसारलाई व्याप्त गरेका छन् । आफ्नो शक्तिले सारा विश्वको अतिक्रमण गरेर समरसले एकत्वमा पुगेका छन् । आदि र अन्त्यमा समान एक तत्त्वले नैं रहन्छन् । यस कारण बहुविध अनेक भावबाट रहित भएर अद्वितीय अरूबाट रहित छन्, आफू एक्लै बस्तछन् ।

"एको हि रुद्रो न द्वितीयाय तस्थौ ।" (श्वे. उ. ३,२)

यसरी मध्यबिन्दुरूप अन्तरिक्षमा रहँदै ती रुद्र आठ दिशा र माथि-तल्ल यस्ता दश भागमा फैलिएका छन्, यस कारण ती एकादश मानिन्छन् ।

"दशेमे पुरुषो प्राणाः आत्मैकादशः (बृ. उ. ३, ६, ४,)

यस पुरुषमा दस प्राण छ, एघारौं आत्मा हो । यिनैलाई एकादश रुद्र भन्दछन् ।

॥ सहस्रात्मा रुद्रः ॥

एको रुद्रः सहस्रप्रकृतिचितिकलायुक् सहस्रात्मकः सन्,
बाह्वो साहस्रहेतीर्दधदमृतमयीः पूर्णसाहस्रधात्मा ॥
शक्त्याऽनन्तस्वरूपः स्वयमखिलगुणो विश्वरूपः परात्मा,
विश्वाधीशः स्वभासा लसति पशुपतिः सर्वथाऽचिन्त्यरूपः॥६४

उसै गरी ती एकै रुद्र सोह्र कला तथा शतशः किरणहरूले युक्त भएर सहस्रशः प्राकृतिक चैतन्य तेजोमय रश्मिहरूले मिलेका सहस्रात्मक भएका छन् ।

"सहस्राणि सहस्रशो ये रुद्रा अधिभूम्याम् ॥"

(रुद्राध्यायः, तै. सं.)

"सहस्राणि सहस्रशो बाह्वोस्तव हेतयः ।
तासामीशानो भगवः पराचीना मुखा कृधि ॥"

(शु. य. सं १६, ५३)

ती रुद्र आफ्ना दुवै हातमा हजारौं किरणरूपी शक्तिस्वरूप हतियार धारण गर्दै शक्तिहरूका मालिक बनेका छन् ।

ती रुद्र आफ्नै प्रकाशले सारा संसारलाई प्रकाशित गर्दै विश्वरूप भएका छन् र आफ्नै शक्तिले अनन्तरूप छन् । अर्थात्

विश्वरूपले प्रत्यक्ष भएर पनि कल्पनातीत हुनाले चिनिन र गनिन पनि अशक्य छन्। यस कारण जुन हजारौं रुद्र कहिएका छन्, ती असंख्यात हुन् ।

"'असंख्याताः सहस्राणि ये रुद्रा अधिभूम्याम् ।'"

(शु. य. १६. ५४)

यही एक ईश्वरीय तत्त्वको विशेषता छ, जुन बुझेर पनि देखिदैन र देखेर पनि बुझिंदैन। अतः यो विश्व विलक्षण मानिएको छ।

॥ त्रयस्त्रिंशत्कोटिदेवतात्मा रुद्रः ॥

रुद्रो ह्येकादशात्मा जगदिदमखिलं भूतदेवात्मतत्त्वैः,
त्रेधात्मा भूर्भुवः स्वर्भुवनविलसितैः प्राणसत्त्वैः प्रपन्नः ॥
योगात् तद्विश्वभूत्या जयति पशुपतिः स त्रयस्त्रिंशदात्मा-
तावत् कोट्या महिम्ना सुविततकलया विश्वरूपो महेशः ॥६५॥

ती एकादश रुद्र 'प्रत्यक्ष-परोक्ष र अपरोक्षरूप' 'आधिभौतिक-अधिदैविक तथा आध्यात्मिक' यी तीन तत्त्वले मिलेर त्रिविध भएका छन् । फेरि 'भूः भुवः स्वः' यी तीन भुवनमा भरिएका प्राणशक्तिले मिलेका एघार एघार तत्त्वहरूबाट तीनै लोकमा व्याप्त ती रुद्र त्यस विश्वविभूतिका योगबाट तेत्तीसरूपी भएका छन् ।

"ये देवासो दिव्येकादशस्थ पृथिव्यामध्येकादशस्थ ।
आप्सुक्षितो महिनैकादशस्थ ते देवासो यज्ञमिमं जुषध्वम् ॥"

(ऋ॰ मं॰ १,१३९, ११)

द्युलोक, पृथिवी र अन्तरिक्षमा बस्ने ती एघार देव यस यज्ञलाई स्वीकार गरून् ।

यसरी एघार देवताहरूका समुदायरूप गणहरूका योगबाट र तिनमा भरिएको व्यापक शक्तिको कलाबाट तेत्तीसकोटि देवतारूपी भएर उनी सबभन्दा महान् ईश्वर भएका छन् ।

"महिमान एवैषां एते त्रयस्त्रिꣳशत्त्वेव देवाः।" (वृ.उ.३,९,२)

सामुदायिक महात्म्यबाट तेत्तीस कडोर देवता कहिएका छन् । वास्तवमा तेत्तीस देव नै प्रधान छन् । यहाँ तेत्तीस संख्या मिलाउनाका निमित्त आठ वसु, एघार रुद्र, बाह्र आदित्य यी तीन किसिमका देवताहरूका अतिरिक्त इन्द्र र प्रजापति मिलाइएका छन् ।

" अष्टौ वसवः, एकादश रुद्राः, द्वादशादित्याः एकत्रिंशत् इन्द्रश्च प्रजापतिश्च त्रयस्त्रिंशाविति ।" (वृ.उ.३,९,२)

॥ त्रिषु भुवनेषु एकादश रुद्र ॥

रुद्रास्ते वै पृथिव्यां निधनपतिमुखाः वामदेवादयः खे-
मध्ये मभ्राजमानप्रमुखचितिमयाः दिव्यतच्छक्तियुक्ताः ॥

त्रेधा सिद्धौघसंस्थस्त्रिभुवनविजयी रुद्र एकादशात्मा,
पूर्णात्मा सन स एको लसति पशुपतिः सर्वदैवत्यरूपः ॥६६॥

वेद मन्त्रहरूमा रुद्रका तीन किसिमका नाम पाइन्छन्, तिनैलाई तीन लोकमा जुटाएको छ ।

"निधनपतिः, ऊर्ध्वः, हिरण्यः, सुवर्णः, दिव्यः, भवः, शर्वः, शिवः, ज्वलः, आत्मा, परमः," यी एघार पृथिवीमा लगाइएका छन् ।

"प्रभ्राजमानानाँ रुद्राणाँ स्थाने स्वतेजसा भानि ।"

"प्रभ्राजमानाः, व्यवदाताः, वासुकिवैद्युताः, रजताः, परुषाः श्यामाः, कपिलाः, अतिलोहिताः, ऊर्ध्वाः, अवपतन्तः, वैद्युताः," यी अन्तरिक्षका एघार रुद्र हुन् । अर्थात् दश दिशा र ऊर्ध्व, अधः तथा मध्यमा यिनका स्थान छन् । यो पशुपतिको चित्रमा लेखिएको छ । यिनका एघार शक्तिहरू पनि साथैमा लिइएका छन् ।

"प्रभाजमानीनांँ रुद्राणीनाँ स्थाने स्वतेजसाभानि ।"

"प्रभ्राजमान्यः, व्यवदात्यः, वासुकिवैद्युत्यः, रजताः, परुषाः, श्यामाः, कपिलाः, अतिलोहित्य., ऊर्ध्वाः, अवपतन्त्यः, वैद्युत्यः" यी एघार शक्ति हुन । (तै. आ.)

"वामदेवः, ज्येष्ठः, श्रेष्ठः, रुद्रः, कालः, कलविकरणः, बलविकरण, बलः, बलप्रमनः, सर्वभूतदमनः, मनोन्मनः" (ना. उ.) यी एघार रुद्र द्युलोकका हुन् ।

विषय — यो तै. यजुर्वेदको वैश्वदेवकाण्डका मन्त्रभागमा छ । ब्राह्मणग्रन्थहरूका साथ– आरण्यक र उपनिषद् ग्रन्थ-हरूमा पठित छ, वस्तुतः यो मन्त्र भाग नै छ ।

॥ ब्रह्मवर्चस्वी रुद्रः ॥

गायत्री वेदमाता परमपुरुषहृद्योगिनी वाचकात्मा,
प्रत्यक्षब्रह्मरूपा प्रतिलसति परब्रह्मणा सा समाना ॥
पादैस्तत्त्वैस्त्रिशक्तिः सकलगुणमयी पञ्चशीर्षा षडङ्गा,
गायत्री शक्तियुक्तो जयति पशुपतिर्ब्रह्मतेजः प्रपूर्णः ॥६७॥

त्यस परम पुरुषका हृदयसित मिलेकी वाचकरूपिणी वाङ्मयी ती वेदमाता गायत्री प्रत्यक्ष ब्रह्मरूपले रहँदै त्यस परब्रह्म वस्तुसँग समान भएर विलास गर्दछिन् । ती गायत्री तीन पाउले त्रिशक्तिरूप बनेकी छन्, तिनै त्रिगुणात्मको रूप हुन् । रुद्रकै समान ती गायत्री पनि पाँच शिर भएकी छन्, वेदका छ अङ्गसित मिलेकी छन् ।

द्विजत्व – माने अर्को जन्म र ब्रह्मवर्चस्व दिने ती गायत्री शक्तिका साथ मिलेका यी पशुपति ब्रह्मतेजले पूर्ण भएर सर्व-त्र विजय पाउँदछन् । स्वयं गायत्रीका अधिपति हुनाले सब-लाई मृत्युमुखबाट बचाउने ती रुद्र 'अतिमृत्यु' मानिएका छन् । यस कारण यी गायत्रीलाई 'ब्रह्मौदन' भन्दछन् ।

"यस्मात् पक्वादमृतं सम्बभूव यो गायत्र्या अधिपतिर्बभूव ।
यस्मिन्वेदा निहिता विश्वरूपाः तेनौदनेनातितराणि मृत्युम् ॥"

(अथर्व. सं. ४, ३५, ६)

जुन पूर्ण फलरूप रुद्रबाट अमृत पैदा भएको छ, जुन रुद्र गायत्रीका मालिक बनेका छन्, जसमा विश्वरूपी सब वेद प्रतिष्ठित छ, ती ब्रह्मौदनरूप गायत्रीबाट म मृत्युलाई तर्नेछु । गायत्रीद्वारा पशुपति नै हामीलाई मृत्युका मुखबाट तार्दछन् ।

॥ यज्ञोपवीती रुद्रः ॥

पूर्णं ब्रह्मैकरूपं जगति सुविततं सूत्रवत् स्यूतमन्तः.
त्रेधा तत्त्वैस्त्रिवृत्तं त्रिवृतमथपुनस्तन्नवात्मस्वरूपम् ॥
ब्रह्मैकग्रन्थियुक्तं दधदमृतमयं दिव्ययज्ञोपवीतं,
यज्ञार्थाद् ब्रह्मसूत्राल्लसति पशुपतिर्ब्रह्मवर्चस्त्वपूर्णः ॥ ६८ ॥

"नमो हरि केशायोपविितिने पुष्टानां पतये नमः ।" (शु. य. सं. १६, १७) तेजका किरणरूपी केश भएका, उपवीत धारण गरेका, पुष्टहरूका अधिपति रुद्रलाई नमस्कार छ ।

यहाँ रुद्र पनि 'उपवीती' कहिएका छन् । जसलाई पशुपति पनि धारण गर्दछन्, त्यस यज्ञोपवीतको तत्त्व जान्नु जरूरी छ । परब्रह्म वस्तुका समान (अवच्छिन्न) बीचमा नटुटेको धागो जनैमा रहन्छ । त्या एकै धागोलाई पहिले तेब्बर गर्नू, पछि तेब्बर गरिएको धागोलाई फेरि तेब्बर

पार्नू । यो सूत्र ब्रह्मवस्तुकै प्रतीक हो । यस कारण 'ब्रह्म-सूत्र' भन्ने नाम प्रसिद्ध छ ।

यस विश्वमा एक ब्रह्मवस्तु सूत्रका समान भरिएको छ, यसैले उनलाई 'सूत्रात्मा' भन्दछन् ।

त्यो एकै ब्रह्मवस्तु 'आधिभौतिक, आधिदैविक र आध्यात्मिक' यस्ता तीन तत्त्वहरूबाट 'त्रिवृत्' भएको छ । त्यो पहिले त्रिगुणीकरणको तात्विक रूप हो । अर्को पटक जुन तेब्बर गर्नुपर्छ, त्यो ती तीन तत्त्वहरूको मेल हो । त्यसमा— 'तेज, जल, पृथिवी,' यी तीन भूत अधिभौतिक छन्, 'अग्नि, वायु, सूर्य,' यी तीन आधिदैवत छन्, 'वाक्, प्राण, मन,' यी तीन आध्यात्मिक छन् । यिनका मेलबाट नौ सूत्रात्मक एक सूत्र बन्दछ, यसको तीन फेरो बनाएर एउटा गाँठो पार्दछन्, त्यही 'ब्रह्म-ग्रन्थि' हो ।

उपनयनमा व्रतबन्धरूपले यो यज्ञोपवीत धारण गरिन्छ । त्यस ब्रह्मवस्तु प्रतीकरूप यज्ञोपवीत धारण गर्नाले उसलाई दिव्य तेज मिल्दछ । पशुपतिमा यो तत्त्व स्वतः सिद्ध छ ।

॥ तपस्वी रुद्रः ॥

पूर्णोऽन्तः पूरुषात्मन् स्वयममृतमयो ब्रह्मकैवल्यमाप्तः,
नित्यं प्रज्ञानयोगात् तपति परशिवस्तात्क्रियाशक्ति पूर्णः ॥
सिद्धः सर्वात्मभावात् परमसुखमयः संविदा सत्यधर्माद्
योगैर्यज्ञैस्तपोभिर्जयति पशुपतिर्ब्रह्मवर्चस्त्वयोगात् ॥६६॥

तपस्या नै ब्रह्मवर्चस्‌को प्रधान कारण हो। "तपसा ब्रह्म विजिज्ञासस्व। तपो ब्रह्मेति" (तै. भृगुप.)। तपबाट नै ब्रह्म जान्ने इच्छा गर, जान। तप नै ब्रह्म हो। यस विश्वमा रुद्र नै सबभन्दा ठूला तपस्वी हुन्।

स्वयं अमृतमय भएर पनि, ब्रह्मवस्तुबाट कैवल्यस्थितिरूप एकरसले भएर पनि, आफ्नो अन्तरात्मा पूर्णरूपले ती परम शिव रुद्र प्रज्ञानका योगबाट सब क्रियाशक्तिहरूले पूर्ण भएर तपस्या गरिरहेछन्। त्यही तपस्याबाट ती रुद्र सर्वात्मभावले पूर्णसिद्ध भएका र परमसुखमय बनेका छन्। त्यस ज्ञान र सत्य–धर्मबाट, योग, यज्ञ र तपश्चर्याले बनेका ब्रह्मवर्चस्वको योगबाट यी पशुपति सधैं विजय पाउँदछन्।

अन्तः स्वात्मन्यनन्ते तपसि सुनिरतो यस्त्वखण्डे समाधौ,
बाह्यान्तर्वृत्तिहीनो निजपरमचितेर्योगतः सम्प्रलीनः ॥
सत्त्वज्ञानाग्निचित्तेः सततमखिलहृद्ध्वस्तदुर्धीतमस्वान्,
नित्यं विद्यातपस्वी जयति पशुपतिः सर्वविद्याधिपोऽयम् ॥७०॥

ती रुद्र आफ्नो अनन्तरूपी अन्तरात्मामा अथवा आत्मनिष्ठाका निमित्त अखण्ड समाधिरूप तपस्यामा लागेका छन्। त्यस समाधिबाट बाहिर र भित्रको वृत्तिले शून्य भएर आफ्नो परम चैतन्यशक्तिका योगमा लीन भएका छन्। सत्त्वमय ज्ञानरूप अग्निको चेतनाशक्तिबाट सधैं सब विषयको उपसंहार गर्ने, अन्धकार र अज्ञानरूप तमलाई ध्वस्त गरेका ती पशुपति

सधैं विद्याका तपस्वी र सर्वविद्याधीश्वर भएर विजय पाउँदछन् ।

॥ कामदहन ॥

कामं सर्वाशनं तं निजपरमचितेर्ज्ञाननेत्रात्तदग्नेः,
भस्मीकृत्य प्रशान्तः परमसुखकलां धारयँस्तद्विभूतिम् ॥
कामस्यादौ जयेन प्रथितपुरुयशा विश्वजेता स रुद्रः,
निष्कामः पूर्णकामो लसति पशुपतिः संविदा सम्प्रसन्नः ॥ ७१

यस संसारमा काम एउटा नै सबलाई खान्छ । सबलाई खाने त्यस कामलाई आफ्नो परम चैतन्यरूप ज्ञाननेत्रात्मक अग्निले भस्म गरेर शान्त भएका परम सुखमय त्यो सर्वैश्वर्यरूप भस्म धारण गरेका ती रुद्र सबभन्दा पहिले त्यस कामका विजयबाट सारा जगद्विजयी भएका छन् । फैलिएको महान् कीर्तिमान् ती रुद्र, आफू निष्काम र पूर्णकाम भएका पशुपति ज्ञानले प्रसन्न भएर विलास गर्दछन् ।

॥ ब्रह्मचर्यम् ॥

पूर्णात् सद्ब्रह्मचर्यात् परमसुखमयादूर्ध्वरेतस्त्वयोगात्,
सर्वस्वोपाधि शून्यान्निरवधितपसः स्वात्मनिष्ठासमाधेः ॥
दिव्यच्छन्दोमयानां परतरतपसा ब्रह्मणां दर्शनेन,
पूर्णो ब्रह्मात्मकोऽसौ लसति पशुपतिर्ब्रह्मचिद्ब्रह्मशक्तिः ॥७२

परम सुखमय र परम सुखका कारणभूत अखण्ड ब्रह्मचर्यबाट सिद्ध भएका, ऊर्ध्वरेतस्त्वका योगबाट सब उपाधिले शून्य निर्विषयक तथा निरवधिक तपस्याबाट त्यस आत्मनिष्ठा रूप समाधिले र परम उच्च तपस्याद्वारा पाएको दिव्य छन्दोमय वेदमन्त्रहरूका दर्शनबाट आफू ब्रह्म चैतन्य शक्तिमान् साक्षात् ब्रह्मस्वरूपी, प्रत्यक्ष ब्रह्मरूप, मन्त्रमय दिव्य शरीरी भएका पशुपति सधैं विलास गर्दछन् ।

॥ क्षात्रशक्तिः रुद्रः ॥

श्रीरुद्रो ज्योतिरात्मा परमगुणचितेरुग्रधन्वा गिरीशः ;
सर्वेषां सम्प्रजेता निजचितिबलतः सर्वथान्यैरजय्यः ॥
कालाग्निर्भीषणःसँस्त्रिपुरदहनकृद् वीरभावात् प्रवृद्धः ;
दुर्गा देव्या भवान्या जयति पशुपतिः क्षात्रशक्त्या प्रपूर्णः ॥७३

ज्योतिः स्वरूपी ती रुद्र आफ्नो परम चेतनाशक्तिले तीक्ष्ण धनुष्यवाला भएका छन् अर्थात् उनको चेतना शक्ति नै उग्र धनुष छ । पहाडहरूमा बस्ने ती रुद्र आफ्नो चैतन्यका बलबाट सबलाई जित्ने भएका छन् र अरूबाट जितिन सर्वथा अशक्य छन् ।

कालाग्निका रूपबाट अत्यन्त भयङ्कर भएर तीनै भुवन र त्रिलोकमा बस्ने दुष्ट राक्षसहरूको नाश गर्ने ती रुद्र आफ्नो क्षात्रतेजका वीरभावले बढेका छन् र आफ्नो क्षात्रशक्तिरूप

दुर्गादेवी भवानीका साथ जोडिएका यी पशुपति विश्वविजयी भएका छन् ।

बाह्यान्तर्लक्ष्यवेधी मृगयुरतिबला व्याधिनीनां पतिः सन् ,
विन्ध्यार्थी व्याधरूपः प्रतिबलरहितः श्रीमृगव्याधनामा ॥
भद्रो भीमः सुवीरः सकलगणपतिः सन क्षयद्वीर उग्रः ,
श्रीरुद्रः सर्ववीरो जयति पशुपतिः शाम्भवीदिव्यमुद्रः ॥ ७४॥

"नमो मृगयुभ्यः" यहाँ रुद्र शिकार खेल्ने मानिएका छन् । शिकार खेल्ने ती रुद्र आफ्नो बाह्य र अन्तर्लक्ष्यको वेध गर्दछन् , यस कारण बलिया व्याधाहरूका पनि मालिक भएका छन् ।

"आव्याधिनीनां पतये नमः" (रुद्री)

स्वयं लक्ष्यवेध गर्ने व्याधारूपी ती रुद्र आफू समानका अरू बलियाहरुबाट– प्रतिबलबाट– रहित छन् । उनको "मृग-व्याध" नाम पनि प्रसिद्ध छ । ती रुद्र असाध्य बलिया छन् , भयङ्कर पनि छन्, अत्यन्त वीर छन, सब देवगणका पति छन् । "नमो गणेभ्यो गणपतिभ्यश्चवो नमः ।"

ती वीर शत्रुहरूका नाशक छन् , यस कारण उनको नाम 'क्षयद्वीर' छ । "क्षयद्वीराय प्रभरामहेमतीः" (ऋ. १, ११४, १) यसरी आफ्नो बाह्य र आभ्यन्तर लक्ष्यवेधक शाम्भवी मुद्राले सिद्ध भएका छन् । वीरहरूका पनि महावीर पुरुष सर्ववीर

भएका ती पशुपति सर्वत्र विजय पाउँदछन् ।

वीर क्षत्रेश्वराणां वितरति परमं स्वं सुवीर्यं जयार्थं,
शत्रूणां दुष्टवीर्यं प्रहरति सहसा दुर्मतीनां दुरूहम् ॥
प्राणत्राणे समर्थो दुरुदितहनने निग्रहेऽनुग्रहेऽपि,
विश्वस्यैव प्रशास्ता प्रभवति गिरिशो दिव्यशक्त्या प्रचण्डः ॥७५

ती रुद्र अत्यन्त वीर क्षत्रिय राजाहरूको विजयका निमित्त आफ्नो परम सुवीर्य दिन्छन् र उनका दुर्बुद्धि शत्रुहरूका दुष्ट वीर्यको नाश गर्दछन् । ती प्राणको रक्षणमा र दुष्ट विषयको नाश गर्नामा अर्थात् निग्रह र अनुग्रहमा पनि समर्थ छन् ।

पहाड़हरूमा लुकेर बस्ने ती रुद्र आफ्नो दिव्य शक्तिले प्रचण्ड भएका छन् र सारा संसारको शासन गर्नमा समर्थ छन् ।

विद्युतद्वज्रप्रभास्वत्सुमशरविलसद्बाहुदण्डप्रचण्डः,
वीरेन्द्रः क्षत्रियेन्द्रस्त्रिभुवनविजयी सर्वजेताऽप्यजय्यः ॥
रुद्रः पूर्व्यः पिता सन् पतिरपि मरुतां त्राणदः सन् सखेन्द्रः,
सर्वश्रेष्ठत्व योगाज्जयति पशुपतिः श्रीमहाराज इन्द्रः ॥ ७६ ॥

ती रुद्र विद्युत्‌रूप वज्रको प्रभाले युक्त खड्गले चम्किरहेका भुजदण्डले प्रचण्ड भएका वीरहरूका, स्वामी, क्षत्रियहरूका अधिपत्ति, त्रिभुवनविजयी, सबका विजेता, स्वयं र अरूबाट जितिन अशक्य छन् । उस्ता ती अजेय रुद्र पशुपतिका पूर्वाभि-

मुख इन्द्ररूपी सबका पिता वीर मरुत्हरूका पनि पिता तथा अधिपति, सबका त्राणदाता, ती मरुत्हरूका मित्र भएका इन्द्र विश्वका महाराजरूपी पशुपति सबभन्दा श्रेष्ठ भएर विजय पाउँदछन् ।

॥ वीर मरुत्पिता रुद्रः ॥

रौद्रा रुद्रसुताः प्रचण्डगतयश्चित्प्राणशक्त्योर्जिताः,
धीरा वीर्यगुणाब्धयोऽप्रतिहता विद्युन्मुखा ज्यौतिषाः ॥
ऐन्द्रा इन्द्रसखा जगत्सु मरुतश्चिच्छक्तियोगोदिताः ,
दिव्यैः पुत्रगणैर्युतः पशुपतिर्नित्यं जयत्यग्रणीः ॥७७॥

वेदहरूमा मरुत्गण नै सबभन्दा उच्चवीर दैवत मानिएका छन् । विद्युत् शक्तिले नै बाहिर वायु र भित्र प्राणरूपी मरुत् पैदा हुन्छन् । यस कारण ती मरुत् रुद्रका छोरा मानिएका छन् ।

"इदं पित्रे मरुता मुच्यते वचः स्वादोः स्वादीयो रुद्राय वर्धनम् ।" (ऋ. सं.)

यस मन्त्रमा रुद्र मरुत्हरूका पिता कहिएका छन् । ती मरुत्हरूको गति अत्यन्त प्रचण्ड छ, ती चैतन्य प्राणशक्तिले बलिया भएका छन्, यस कारण भयङ्कर पनि छन् ।

धीराः– धीरहरूमा मरुत् नै सबभन्दा ऊँचा छन् । ती मरुत् नै वीर्यगुणहरूका समुद्र जस्ता छन्, तिनीहरूलाई रोक्ने कोही छैन, ती सब ठाउँमा स्वतन्त्र हिंड्दछन् ।

"आत्मा देवनां भुवनस्य गर्भो यथा वशं चरति देव एषः ।"

(ऋ. सं.)

ती वायु सब देवताहरूका आत्मा हुन्, सारा भुवनको गर्भ जस्ता हुन् । ती वायुदेव 'यथावशं' यथेच्छ स्वतन्त्रताले सञ्चार गर्दछन् । विद्युत् नै उनको मुख हो । यस कारण ती वायु र मरुत् पनि ज्योति मानिएका छन् ।

इन्द्रसम्बन्धी हुनाले मरुत्लाई ऐन्द्र भन्दछन् । अतः 'इन्द्र-सखा' पनि मरुत् मानिएका छन् ।

"सजोषा इन्द्र सगणो मरुद्भिः ।"

"मरुद्भिरिन्द्र सख्यं ते अस्तु ।"

"मरुत्वाँ इन्द्र वृषभो रणाय ।" (ऋ. सं.)

यस जगत्मा रुद्रको चेतनाशक्तिका योगबाट ती मरुत् प्रकट भएका छन् । आफ्ना ती दिव्य पुत्रहरूका साथ मिलेका यी पशुपति आफू 'अग्रणी' सबका नेता भएर सधैं विजय पाउँदछन् ।

॥ सप्त व्यूह-रचना युक्त मरुत् सेना ॥

सप्तव्यूहमहाविचित्ररचनादिव्यायुधैरुज्ज्वलाः,
सेनाः शत्रुजयाय सिद्धकृतयो रुद्रात्मजानां पराः ॥
उग्रास्या मरुतः सुवीर पुरुषाः यस्यासते ते वशे,
सोऽयं शक्तिशिवात्मकः पशुपतिर्विश्वाधिपः सन् बभौ ॥७८॥

ती मरुत् वीर क्षत्रिय तेजका देवता हुनाले सधैं सात सात व्यक्तिहरूका सङ्घरूप बनेर रहन्छन्। मरुत्हरूका सात व्यूहबाट गरिएका सेनाको रचना महाविचित्र छ, कसैबाट कल्पना गरिन अशक्य छ। त्यो सेना युद्धका उपयुक्त दिव्य आयुधहरूबाट तीक्ष्ण भएको छ।

"यूयं सखाय सप्तयः।" (ऋ. सं. ८।२०।२३)
"सप्त मे सप्त शाकिन एकमेका शता ददुः।"
(ऋ. सं. ५।५२।१७)

रुद्र पुत्रहरूको त्यो सेना शत्रुका विजयको योग्य क्रियाशक्तिबाट तयार भएको छ।

ती भयङ्कर मुख भएका वीरपुरुष मरुत् जसका वशमा रहन्छन्, ती शक्ति र शिवरूपी पशुपति विश्वका मालिक भएर ती पुत्र मरुत्हरूका साथ विराजमान छन्।

घोराघोरतरप्रभावकलिताः सप्ताग्निजिह्वोज्ज्वलाः,
धीरा धैर्यबलप्रचण्डपृतनां जेतुं समर्थाः पुनः॥
विद्युज्ज्योतिषदिव्यशक्तिकभुजाः क्षत्रेन्द्रसख्ये स्थिताः,
पुत्रैस्तैः सह राजते पशुपतिः सन् विश्वसम्राट्छिवः॥७६॥

ती मरुत्गण स्वभावले नै घोर छन् र अत्यन्त घोर प्रभावले मिलेका छन्।

"काली, कराली, मनोजवा, सुलोहिता, धूम्रवर्णा, स्फुलि-

ङ्गिनी, विश्वरूची," यी सात अग्निजिह्वावाट तीक्ष्ण उज्ज्वल भएका छन् । अतः स्वयं धीर छन् । यस कारण धैर्य र बलले अतिप्रचण्ड भएको शत्रु सेनालाई जित्न समर्थ छन् ।

ती विद्युद्रूप तेजको दिव्य शक्तिका भुजाहरूले वलिष्ट भएर क्षत्रियहरूका राजा इन्द्रका मित्रत्वमा वस्तछन् । ती पुत्रहरूका सहयोगले विश्वसम्राट् मङ्गलरूपी पशुपति सधैं विराजमान रहन्छन् ।

भीमा मध्यमलोकपेन्द्रमिलिता विद्युन्महोरूपिणः ,
दिव्याः सारथयः सुवीर्यतनवो युद्धे समुत्तेजकाः ॥
वीराणामपि वीरवत्तममहाप्राणात्मशक्त्योदितान ,
पुत्राँस्तान् प्रतिवीरयन् पशुपतिर्हृद्वारभावाद्बभौ ॥८०॥

अत्यन्त भयङ्कर ती मरुत्गण मध्यम लोक अन्तरिक्षका अधिपति इन्द्रसँग मिलेका छन्, यस कारण ती विद्युत् तेजोरूपी छन् । ती इन्द्रका दिव्य सारथी हुन् र युद्धमा इन्द्रलाई सदा उत्तेजना दिन्छन् । ("नियुता ः इन्द्रसारथिः")

देवासुर युद्धमा असुरहरूका डरले अरू सब देवता भागे, आखिरमा मरुत्हरूले इन्द्रलाई छोडेनन् ।

"मरुतो हैनं नाजहुः, प्रहर भगवो जहि वीरयस्वेति ।"

(ऐ. ब्रा.)

हे भगवान् इन्द्र ! मार, काट , अझ बढ्ता वीरताले लड; वारम्वार यसो भन्दै उत्साह दिन्थे । यस कारण ती

मरुत्हरूको सख्य नै इन्द्रभन्दा बढ्ता भएको छ ।

त्यस्ता वीरभन्दा पनि अधिक वीरवत्तम महाप्राणहरूको शक्तिले बलिष्ठ भएका आफ्ना ती वीर पुत्र मरुत्हरूका वीरतालाई झन् बढाउँदै ती रुद्र भगवान् पशुपति आफ्नो हार्दिक वीरभावले शोभित भएका छन् ।

इन्द्रोपेन्द्रमहोऽग्निरुद्रसचिवाः सेनाधिपत्ये स्थिताः,
सङ्घीकृत्य सुबन्धवः समधियः स्वस्थाः सनीडाः समाः ॥
विश्वस्यैव जयाय सिद्धमहसो रौद्राः समर्थाः सुताः,
पुत्रैस्तैः सह मोदते पशुपतिः सम्राट् प्रपञ्चाधिपः ॥८१॥

ती मरुद्गण 'इन्द्र, अग्नि, विष्णु, रुद्र' का साथ मिलेका छन् । ती सबका सेनापत्यमा रहेर आफू सात सात व्यक्तिको सङ्घ बनाएर परस्पर बन्धुत्व प्रेमले, समबुद्धि र समान भावले एकै ठाउँमा बस्तछन् र यसरी ऐकमत्यले युक्त हुनाका कारण सारा विश्वको विजयका निमित्त बल तयार गरेका छन् । यस्ता आफ्ना समर्थ छोराहरूका साथ सारा प्रपञ्चका अधिपति ती पशुपती सधैं हर्ष पाउँदछन् ।

॥ मरुत् सखा इन्द्रः ॥

माहेन्द्राद्धि महावधाज्जगदिदं विश्वं बिभेत्यञ्जसा,
सर्वे यस्य भयात् स्वकार्यनिरताः देवा नरा दानवाः ॥

इन्द्रः सोऽयमचिन्त्यशक्तिसचिवः सर्वाधिपः प्राङ्मुखः,
सर्वैश्वर्ययुतः शिवः पशुपतिर्विश्वस्य राजा बभौ ॥ ८२ ॥

यस संसारमा सबै मृत्युदेखि डराउँछन् । जुन इन्द्रले चलाएका महावधबाट — संहारक्रियाबाट सारा जगत् डराएको थियो उस्तै अझ पनि डराउँछ ।

सब प्राणी, मनुष्य, असुर र देवताहरू पनि जसका डरले आफ्ना आफ्ना कर्तव्य कर्ममा लागेका छन्, ती अचिन्त्य शक्तिले युक्त सर्वेश्वर इन्द्र यहाँ पूर्वाभिमुख भएर प्रकट भएका छन्। ती शिव सर्वैश्वर्यपूर्ण पशुपति यस सम्पूर्ण विश्वको राजा भएर शोभित भएका छन् ।

"विश्वं बिभाय भुवनं महावधात् ।"
"यस्येदु भिया गिरयश्च दृळ्हा० "
"यस्य शुष्माद्रोदसी अभ्यसेतां ।" (ऋ. सं.)

विश्वस्यास्य महान्त्स्वराट् सुरपतिर्दुर्दानवानामरिः,
विद्युच्छक्तिकवज्रबाहुकृतितः कृन्तत्यरीणां बलम् ॥
सत्वानत्सत्वकरेण सम्प्रमृशति स्वीयान् समाश्वासयन्,
इन्द्रोऽयं परमात्मनः पशुपतेरेकं मुखं पूर्वगम् ॥ ८३ ॥

यो सारा संसारका महान् सार्वभौम राजा, देवहरूका अधिपति, दुष्ट दानवहरूका वैरी ती इन्द्र आफ्नो विद्युद्रूप वज्रशक्तिका भुजाहरूका क्रियाशक्तिले वैरीहरूको बल काट्त-

छन् र सत्त्वशील सज्जनहरूलाई आफ्नो सात्त्विक हातबाट आश्वासन दिँदै स्पर्श गर्दछन् । इन्द्र नै परमात्मरूप पशुपतिका पूर्वतिरको एक मुख हुन् । यस कारण इन्द्रका सब गुण पशुपतिका पूर्वमुखमा मौजूद छन् ।

इन्द्रो विश्वहिताय पूर्वमुदितः पूर्वामुखः सत्पतिः ,
विश्वप्राणमयात्मनां हि मरूतां रुद्रात्मजानां सखा ॥
सोऽयं प्राणमयोऽत्र वैद्युतचिते रुद्रस्वरूपः स्वयं ,
तस्मादिन्द्रमुखेन सन् पशुपतिर्विश्वाधिको राजते ॥ ८४ ॥

ती इन्द्र यस विश्वको हितका निमित्त सबभन्दा पहिले प्रकट भएका छन् र यसै कारण पूर्व दिशाका अधिपति तथा पूर्वाभिमुख मानिएका छन् ।

विश्वका बाह्य र अन्तर प्राणरूपी ती इन्द्र रुद्रपुत्र मरुत्हरूका सखा छन्, मरुत्हरूसित सधैं ती इन्द्र स्वयं प्राणमय भएका छन् । अतएव ती स्वयं प्राणरूपी रुद्र नै हुन् । यस कारण यी पशुपति पनि स्वयं आफ्ना पूर्वमुखका इन्द्रका योगबाट विश्वको महान् सम्राट् भएका छन् ।

॥ शक्तितत्त्वम् ॥

इन्द्रो विश्वविभूतिपूर्णपुरुषः सन् विश्वसम्राण्महान् ,
ज्येष्ठः श्रेष्ठ इति श्रुतः स्वभुजतो विश्वं जिगाय स्वयम् ॥

इन्द्राणी बृहती सती भगवती सा सर्वशक्त्यात्मिका ,
दुर्गा वैद्युततेजसा चितिमयी वाग् वज्रहेतिः परा ॥ ८५ ॥

ती इन्द्र सर्वैश्वर्यले पूर्ण परमपुरुष भएर यस विश्वका महान् सम्राट् भएका छन् । यसै कारण ती सबभन्दा 'ज्येष्ठ, श्रेष्ठ' प्रसिद्ध छन् । उनले आफ्नै बाहुबलबाट विश्वलाई जितेका छन् । उनको सबै शक्तिका रूपमा फैलिएकी ती भगवती इन्द्राणी स्वयं पनि इन्द्रका समान ठूली भएकी छन्, जो कि इन्द्रको विद्युत्का तेजले चम्कँदो श्रेष्ठ वज्रायुध नै स्वयं बनेकी छन्, अर्थात् इन्द्रका हातमा जुन वज्रायुध बनाइएको छ, त्यो सर्वक्रियाकर्तृत्त्वशक्तिरूप दुर्गादेवीकै स्वरूप हो ।

ईशानो जगतां पतिः परतरः सन्निन्द्र एव स्वयं ,
पूर्णः पूरुषसत्तयात्मकलया चिच्छक्तियोगात् परः ॥
इन्द्रोऽसौ परमात्मशक्तिगुणतः सन्त्सर्वशक्त्यात्मकः ,
स्त्रीरूपोऽभ्युदियाथ सा भगवती दुर्गा सती वाक् परा ॥८६॥

सारा संसारका अधिपति ती इन्द्र स्वयं सर्वेश्वर भएर पनि आफ्नो पुरुषसत्ताको आत्मकलाबाट तथा चैतन्यशक्तिका योगबाट, परमात्माको शक्तिका गुणले आफू स्वयं सर्वशक्तिरूप स्त्रीरूप बनेर प्रकट भएका छन् । ती भगवती दुर्गादेवी परावाक् देवता हुन् ।

"स्त्री हि ब्रह्मा बभूविथ ।" (ऋ. सं. ८, ३३, १९)
ती ठूला इन्द्र स्त्रीरूप भएका छन् ।

॥ श्री भगवती दुर्गा ॥

विद्युज्ज्योतिरखण्डचण्डकिरणज्वालाग्निजिह्वोज्ज्वला ,
निर्धूमाग्निरिवोर्जितेन तपसा नित्यं ज्वलन्ती सती ,
दुर्गा दुर्गमदुष्टदैत्यदमनी वैरोचनी भद्रदा ,
रुद्रात्मा परितारिणीह जगतां माता शरण्याम्बिका ॥८७॥

ती दुर्गादेवी विद्युत् ज्योतिको सदा अखण्ड धाराबाट निस्किरहेका प्रचण्ड किरणको ज्वालारूप "काली, कराली, मनोजवा, सुलोहिता, धूम्रवर्णा, स्फुलिङ्गिनी र विश्वरुची" यी सात अग्निजिह्वाहरूबाट उज्ज्वल भएकी छन् ।

ती धूवाँले रहित खालि तेजले बलिरहेको अग्निका समान निर्विषय निरुपाधिक तपस्याबाट निरन्तर बलिरहेकी दुर्गादेवी दुष्ट दैत्यहरूको दमन गर्ने, "वैरोचनी" प्रकाशमय तेजोमय शरीर भएकी, मङ्गलदात्री, शरणागतहरूको रक्षण गर्ने माता, यस संसारबाट तार्ने साक्षात् रुद्रका रूपले रहन्छिन् ।

"तामग्निवर्णां तपसा ज्वलन्तीं वैरोचनीं कर्मफलेषु जुष्टाम् ।
दुर्गां देवीं शरणमहं प्रपद्ये सुतरसि तरसे नमः ।" (ना० उ०)

तपले बलेकी, आगोको रङ्ग भएकी, प्रकाशक र सब कर्मका फलहरूमा अर्थात् अन्तिम फल प्राप्त गर्नाका निमित्त सबबाट पाइने (अन्त्यमा माता नै शरण छ) ती दुर्गादेवीको

शरणमा म जान्छु । हे भगवति ! तिमी तारक छ्यौ, तारक देवीलाइ नमस्कार छ ।

॥ तारादेवी ॥

कालाग्नीन्द्रमरुन्महेशवरुणक्षात्रप्रभावोज्ज्वला,
विद्युच्छक्तिमयीयमप्रतिबला संसिद्धसर्वायुधा ॥
सर्वैरप्यपराजितात्यतिबलैरेका समानाखिलैः,
सा विश्वाभिजयेयमुग्रवचना तारेन्द्रवज्रात्मिका ॥८८॥

काल-यम, वैद्युत अग्नि, इन्द्र, मरुत्, रुद्र र वरुण आदि देवताहरूका क्षात्रतेजका प्रभावबाट तेजोमयी भएकी तथा विद्युतशक्तिका रूपले सब ठाउँमा भरिएकी ती दुर्गादेवी आफै समान बलले युक्त, अन्य शक्तिले रहित छन्, अर्थात् सबभन्दा बलिष्ठ भएर स्वयं एकमात्र भएकी छन् ।

"यो मे प्रतिबलो लोके स मे भर्ता भविष्यति ।"

(सप्तशती ५।१२०)

"एकैवाहं जगत्यत्र द्वितीया का ममा परा ।" (स० श० १०।५)

यस्तो भगवतीकै स्पष्ट उक्ति छ । ती दुर्गा सब देवताहरूका शक्तिबाट एक (नारीरूप) बनेकी हुनाले सबै देवताहरूका शक्तिरूप सब हतियारले सिद्ध भएकी छन् । यस कारण अत्यन्त बलिष्ठ, सबै देवता र असुरबाट कहिल्यै पनि पराजय नपाउने,

आफू एकली भए पनि सबका समान अथवा सबभन्दा अधिक बलवती भएकी ती विश्वविजयिनी छन्। उग्र वचनले शासन गर्ने ती तारादेवी इन्द्रको वज्ररूपिणी हुन् अर्थात् वज्रकै जस्तो अरू कसैबाट पनि प्रत्याख्यान तिरस्कार गर्न सकिन्नन्।

तारा सा तरणी स्वयं सुकृतिनां सन्तारिणी दुर्मृतेः,
उग्रा बज्रमुखेह दुष्कृतिनां संहारिणी दुर्मतेः ॥
विद्युद्वज्रसुदीप्तिभीषणमहाकालाग्निरुद्रात्मिका,
विश्वस्मिन्त्स्वसुवीर्यतो विजयते श्रीवज्रयोगिन्युमा ॥ ८९ ॥

ती तारादेवी आफू स्वयं तारक छिन्, असल कर्म गर्ने मानिसहरूलाई दुष्ट मरणबाट तार्दछिन्। ती वज्र जस्तै कठोर हुनाले दुष्ट कर्म गर्नेको दुष्टबुद्धिलाइ काट्तछिन्। अतः ती विद्युद्रूप वज्रायुधबाट अत्यन्त भयङ्कर भएका कालाग्नि रुद्रका समान तेजस्वी भएकी छन्। आफ्नो वीर्य (पराक्रम) बाट ती 'वज्रयोगिनी' उमादेवी यस विश्वमा सदा विजय पाउँछिन्।

॥ त्र्यम्बको मृत्युञ्जयो रुद्रः ॥

रुद्रोऽसौ भुवनत्रयस्य परमः पूर्व्यः पिता सन् पतिः,
ज्ञानेच्छाकृतिशक्तिरूपपरचिद्वह्नीन्दुसूर्येक्षणः ॥
मृत्योर्मृत्युरयं सतामभयदो मृत्युञ्जयस्त्र्यम्बकः,
मन्युः संहृतिशक्तिकः पशुपतिः कालाग्निरुद्रोमहान् ॥९०॥

ती रुद्र 'त्र्यम्बक' नामले प्रसिद्ध छन्। (अम्बकः=पिता) ती तीनै लोकका पिता हुन् र सर्वप्रथम अधिपति पनि हुन्।

त्र्यम्बक तीन आँखावाल छन्। ज्ञान, इच्छा र कृति शक्तिरूप परम चेतनाशक्तिबाट मिलेका अग्नि, चन्द्र र सूर्यरूप तीन आँखाहरूबाट ती रुद्र विश्वका द्रष्टा भएका छन्। उनको 'मृत्युञ्जय' नाम पनि प्रसिद्ध छ। मार्कण्डेय ऋषिलाई उनले मृत्युमुखबाट छुडाएका छन्, यसैले ती रुद्र मृत्युका पनि मृत्यु मानिएका छन्, सज्जनहरूका निमित्त अभयदाता छन् अर्थात् अभयरूप अमृतत्व प्राप्त गरिदिन्छन्।

यसरी संहारशक्तिले युक्त ती साक्षात् मन्यु कालाग्नि रुद्र नै यहाँ श्री पशुपतिका रूपले प्रकट भएका छन्।

रुद्रं त्र्यम्बकमादिदेवममृतं पूर्णामृतत्वेश्वरं,
नित्यं सिद्धमनन्तशक्तिकलितं तं ब्रह्मविद्यागुरुम्॥
वेदेनैव यजामहे सुमनसा श्रीहैमवत्याश्रितं,
मृत्योर्मोचय मां प्रभो पशुपते मैवामृतादात्मनः॥ ९१॥

'त्र्यम्बक' नामका ती रुद्र नै अमृतात्मरूपी सबभन्दा प्रथम देवता हुन्, उनै पूर्ण अमृतत्वका ईश हुन्।

"उतामृतत्वस्येशानः" (ऋ॰ सं॰ १०, ९०, २)

"उतामृतत्वस्येश्वरः" (अथर्व॰ कां॰ १९, १६, ४)

ती रुद्र नित्यसिद्ध अकृत्रिम नैसर्गिकरूपले स्वतः सिद्ध

अचिन्त्य शक्तिमान् छन् । उनै सबैभन्दा प्रथम ब्रह्मविद्याका गुरु हुन् ।

"ईशानः सर्वविद्यानाम् ।" (ना॰ उ॰)

"स एष पूर्वेषामपिगुरुः कालेनानवच्छेदात्" (यो॰ सू॰)

सब विद्याका अधिपति, सब समयमा रहने हुनाले ती रुद्र सबका आदिगुरु हुन् । ती रुद्र भगवान् ब्रह्मविद्याका गुरु हुनाले आफ्नी स्त्रीसमान ब्रह्मविद्यावती हैमवती उमादेवीले शोभित छन् ।

"स तस्मिन्नेवाकाशे स्त्रियमाजगाम, बहुशोभमानामुमां हैमवतीं ताँ होवाच किमेतद्यक्षमिति ।" (केनोप॰ ३, १२)
"सा ब्रह्मेति होवाच" इति ।

यस विश्वमा को पूज्य छ भन्ने जिज्ञासा गर्दै इन्द्र आकाशमा बस्ने प्रकाशमाना हैमवती उमादेवीकहाँ पुगेर सोधे— "को पूज्य छ ?" उमादेवीले भनिन्— "ब्रह्म ।" यसरी उमादेवीका मुखबाट इन्द्रले ब्रह्मोपदेश पाए । यस कारण अरू सबै देवताहरूभन्दा इन्द्र नै श्रेष्ठ भए । जुन कारणबाट इन्द्रले सर्वप्रथम ब्रह्मवस्तुलाई जानेका थिए ती हैमवती उमादेवीका साथ रुद्र भगवान्लाई वेदमन्त्रले नै हामी पूजा गर्दछौं ।

"हे प्रभो ! पशुपते ! मृत्युका मुखबाट मलाई छुडाऊ । अमृतरूप आत्मादेखि कहिल्यै वियोग नहोओस् ।" यो अभिप्राय महर्षि वशिष्ठका त्र्यम्बकमन्त्रमा छ ।

"त्र्यम्बकं यजामहे सुगन्धिं पुष्टिवर्धनम् ।
उर्वारुकमिव बन्धनान्मृत्योर्मुक्षीय माऽमृतात् ॥"

(ऋ. सं. ७,५९, १२)

"सुगन्धि—यथा वृक्षस्य सम्पुष्पितस्य दूराद् गन्धो वाति, एवं पुण्यस्य कर्मणो दूराद् गन्धो वाति ।" (ना. उ.)

जसरी फुलेका वृक्षको सुगन्धि टाढैबाट आउँदछ, उसै गरी पुण्यकर्मको सुगन्ध पनि परैबाट आउँदछ । त्यस्तै पुण्य-कर्मरूप सुगन्धले युक्त, अतएव पुष्टि दिने ती त्र्यम्बक रुद्रलाई हामी पुज्दछौं ।

"जसरी काँक्रो, खरबूजा इत्यादि फल पाकेपछि आफ्ना भेट्नुबाट छुटेर खस्तछन्, उसै गरी मलाई मृत्युबाट छुडाइ-देऊ, अमृत आत्माबाट नछुडाऊ ।"

॥ रुद्रस्वरूपम् ॥

रुद्रो विश्वविभूतिशक्तिकलितां वाचं परामक्षरां,
अन्तर्व्योमनि रोरवीति सततां ज्योतिर्मयीं चित्कलाम् ॥
गौरी वाक् स्वयमग्नितैजसतनुर्विश्वादिमाता परा,
विश्वं सोच्छ्वसनान्निमाति महसा सन्निर्मिमानानिशम् ॥९२॥

ती चेतनात्मक रुद्र विश्वविभूतिशक्तिको कलाले युक्त अक्षर ब्रह्मरूप, ज्योतिर्मयी चैतन्यकलारूप त्यस व्यापक परावाणीलाई आकाशमा स्वररूपले सधैं उच्चारण गर्दछन् ।

यही रुद्रको प्रधान लक्षण छ । "रौतीति" रुद्रः, "रु शब्दे" अर्थात् सृष्टिको पहिले नै विश्वविकासका निमित्त स्वररूप परावाणीको उच्चारण गर्ने नै रुद्र हुन् । त्यस वाणीका मुखबाट नै सारा विश्वलाई पैदा गर्दछन् ।

"त्रिधा बृद्धो वृषभो रोरवीति ।" (ऋ. सं. ४, ५८, ३)

ती चेतनात्मक परमपुरुष त्रिविध तत्वले जोडिएका, विश्वबीजको सेचन गर्ने "रोरवीति" आवाज गर्दछन् ।

"स पूर्वया निविदा कव्यतायोरिमाः प्रजा अजनयन्मनूनाम् ।" (ऋ. सं. १, २६, २)

त्यस ज्योतिर्मय अग्निले आफ्नो पहिला छन्दोमय वाणीबाट यी मानवी प्रजासम्म पैदा गरेको छ ।

"गौरीर्मिमाय सलिलानि तक्षती ।" (१, १६४, ४१)

ती रुद्रकी शक्तिरूप परावाणी आफू स्वयं अग्नितेजले शरीर धारण गर्दै यस विश्वकी आदिमाता भएकी गौरी उच्छ्वासरूपले तेजबाट सब भुवनहरूको निर्माण गर्दै निरन्तर आवाज गर्दछिन्, अर्थात् वागुच्चारण मन्त्रले नै विश्वको निर्माण गरेको छ ।

॥ वागीश्वरी गौरी वाङ्मती गङ्गा ॥

॥ गौरी – गङ्गाधिपतिः पशुपतिः ॥

वाचा ज्ञानमयस्वरात्मकलया सञ्च्छब्दशक्त्योमया,
वाङ्मत्या चितिसद्रसात्मसुधया प्राणात्मचिद्गङ्गया ॥
युक्तः सर्वहृदन्तरे रसनया शेते रसात्मा शिवः,
ज्ञानं जीवनमास्वरन् पशुपतिः सर्वान्तरात्माम्बया ॥ ६३ ॥

ज्ञानमय स्वरले युक्त चेतनात्मक कलाका रूपले फैलिएकी शब्दशक्तिरूपिणी उमादेवीको वाणीसँग, अथवा वाग्रूपिणी गौरीनामक वागीश्वरीसित र चैतन्यशक्तिरसरूप अमृतले युक्त प्राणात्मक चेतनारूप वाङ्मती गङ्गासँग ती रुद्र मिलेका छन् । अर्थात् ज्ञान प्रकाशनशक्तिरूप वागीश्वरी नै गौरी हुन् र त्यस वाणीबाट निस्किरहेकी प्राणशक्तिरूप वाङ्मती नै गङ्गा हुन् ।

"वागीश्वरी र वाङ्मती" यी दुइ शक्तिहरूका साथ मिलेका ती रुद्र सब मानिसका हृदयमा बस्तछन् । ती सर्वान्तर्यामी रुद्रका हृदयबाट ऊर्ध्वमुख भएर निस्कने वाणी नै गौरी हुन् र शिवजीका शिरमा जटारूप रश्मिमा भरिएकी अमृतरस रूपिणी गंगा हुन् । यी दुवै एउटै जिह्वाको आधारमा रहन्छन् र प्रवाहरूपले निस्कन्छन् । यो तत्त्व ऋग्वेदमा स्पष्ट छ ।

"अन्तरिच्छन्ति तं जने रुद्रं परो मनीषया ।

"गृभ्णन्ति जिह्वया ससम् ।" (ऋ. ८।७२।३)

अध्यात्ममा सब मानिसको बुद्धिभन्दा पर भएर ती रुद्र बस्तछन् भनी ज्ञानी ऋषिहरू भन्दछन् ।

सर्वज्ञानशक्तियुक्त गौरीका, वाक्शक्तिरूप र विश्वसञ्जीवनशक्तियुक्त गङ्गाका प्राणशक्तिरूप रसले भरिएको, जिह्वाका साथ रहने, ज्ञान र जीवनदाता ती रुद्रलाई सब मानिस धारण गर्दछन् ।

एकै जिब्रोमा "स्वर र रस" यी दुवैका योगबाट दश प्राणहरूले युक्त एघारौं मुख्य प्राणात्मक अन्तर्यामी ती रुद्र सबमानिसका हृदयमा बस्तछन् । उस्तै ज्ञान र जीवन दिने पशुपति "गौरी र गङ्गा" यी देवीहरूका साथ सर्वान्तरात्मा बनी आफू सदा रसात्मा भएर रहन्छन् । अर्थात् वाणी र गङ्गा यी दुवैका पनि रस नै मुख्य गुण हो । ती दुवैको आधार जिब्रो हो । अतः ती रसात्मक रुद्र रसनाले नै धारण गरिन्छन् ।

हरएक मानिस र प्राणीका शिरभित्रबाट सोमरूप अमृतबिन्दु निरन्तर टप्किरन्हछ । त्यो जिब्रोबाट पेटमा पुग्दछ, त्यही अमृतबिन्दुले प्राणी जीवन धारण गर्दछ, त्यसैले अन्न पच्तछ । त्यही जिब्रोको आधारले वाणी निस्कन्छ । यस कारण यी दुइ शक्तिका साथ एकै जिह्वामा ती रुद्र रहन्छन् । उसैले मानिस जीवन धारण गर्न र वाणीद्वारा ज्ञान प्रकाशन गर्न समर्थ हुन्छन् ।

॥ विश्वविजयी त्यागी योगी रुद्रः ॥

नेता स्वात्मबलेन विश्वविजयी सन् सर्वभर्ता भवान्,
दाता दीनदयालुरार्तिहरणस्त्यागी च योगी महान् ॥

भिक्षापात्रकरः श्मशाननिलयः शवत्या तु सर्वेश्वरः,
बाह्याऽभ्यन्तरसाम्यतः पशुपतिः सम्राजते सर्वदा ॥ ६४ ॥

ती रुद्र आफ्ना स्वतन्त्र बलले विश्वको नेता भएका छन् । उनै सब प्राणीको भरण-पोषण गर्दछन्, दीनहरूका निम्ति दयालु छन्, दाता पनि छन् र दीनहरूको दुःख दूर गर्दछन् । स्वयं विषयसुखका त्यागी र ठूला योगी पनि छन्, यस कारण भिक्षा माँगेर खान्छन्, श्मशानमा बस्तछन्, बाहिर यस्तो त्यागवृत्तिबाट व्यावहारिक भिक्षापति जोगी जस्तो देखिए पनि भित्रको आत्मशक्तिले ता ती सर्वेश्वर सारा संसारका मालिक नै छन् ।

यसरी बाहिरी र भित्री दुवै वृत्तिहरूका समताले पशुपति सधैं सम्राट् छन् ।

मत्तान् मर्दयति स्वशक्तिकलया रुद्रो जगन्नायकः,
दुष्टान् दण्डयति प्रचण्डबलतः सन् वीरभद्रो महान् ॥
सत्वान् सान्त्वयति प्रशान्तिकिरणैः शान्तः स्वयं शङ्करः,
भक्तान् भावयति प्रभुः पशुपतिः स्वात्मानमेवादरात् ॥ ६४ ॥

ती रुद्र आफ्ना शक्तिका चातुर्यले उन्मत्तहरूको मर्दन गर्दछन् । आफ्नो प्रचण्ड बलले वीरभद्र जस्तो उग्र भएर दुष्टलाई दण्ड दिन्छन् । आफ्ना शान्त किरणले शान्त र मङ्गल भएका रुद्र सत्त्वबुद्धि भएका सज्जनहरूलाई सान्त्वना दिन्छन् र

शान्त गराउँछन् । यसरी यी प्रभु पशुपति भक्तहरूलाई आफ्नो आत्मा नै मान्दछन् ।

गूढो गूढचरः सदा वनचरो व्याधः स तिग्मायुधः,
स्तेन्यः स्तेन इवेह गूढचरणो रात्रिश्चरश्चित्पतिः ॥
सर्वान्तर्हृदये निगूढहृदयः सन्नेव हृद्रूपकः,
जागर्तीह सदा विदा पशुपतिः सन् विश्वसाक्षी शिवः ॥९६॥

ती रुद्र यस संसारमा सधैं गुप्त रहन्छन् र सबका निरीक्षक भएर गुप्त रीतिले हिँड्दछन् । गूढ एकान्त वनमा तीखा हतियार लिएर शिकारीहरूका समान व्याधा भएका छन्, चोरको झैं गुप्त रीतले काम गर्दछन् । यस कारण "स्तेनानां पतये नमः" चोरहरूका मालिक कहिएका छन् । सज्जनहरूको रक्षाका निम्ति रातमा गश्ती गरिरहेछन्, अन्धकारमा लुकेर पाप गर्ने पापीहरूलाई पनि उनी चिन्दछन् । सबका अन्तर्हृदयमा आफ्नो हृदय गूढ राख्तछन् र स्वयं हृदयरूपले रहन्छन् ।

ती सर्वसाक्षी शिवरूप पशुपति सदा सर्वत्र, भित्र र बाहिर जागा रहन्छन् अर्थात् उनलाई लुकाएर कोही कुनै काम पनि गर्न सक्तैन ।

॥ दिव्य शिवडमरु ॥

वागृविद्युच्चितिदिव्यवेदडमरुं चिच्छब्दशक्त्युन्मुखं,
शास्त्राच्छासनसत्प्रभावबलतः सन्ताडयञ्छङ्करः ॥

जागर्तीह सदा शिवोऽखिलजनान् तत्सत्ये समुद्बोधयन्,
शास्ता सर्वहिताय सन् पशुपतिर्दीनार्तिहारी प्रभुः ॥६७॥

लोकमा छालाको डमरू हुन्छ । रुद्रको डमरू ता विद्युद्रुप नै छ, जसबाट अकारादि क्षकारान्त वर्णराशि निस्केको छ ।

" नृत्यावसाने नटराजराजो
ननाद ढक्कां नवपञ्च वारम् । "

शिवजीले ताण्डव नृत्य गर्दा चौध पटक डमरु बजाए, त्यसैबाट " अइउण् , ऋलृक्, एओङ्; ऐऔच्, हयवरट्, लण्, ञमङणनम् , झभञ् , घढधष्, जबगडदश्, खफछठथचटतव्, कपय्, शषसर् , हल् " यी चौध महेश्वरका सूत्र निस्के भनी व्याकरण शास्त्रज्ञ मान्दछन् । त्यस्तै कुनै अलौकिक शब्दशक्तिको रूप नै त्यो शिवडमरु हुनुपर्दछ, जसलाई आदिवाङ्मय मान्दछन् । त्यही वेद हो।

वाक्--विद्युत्--चेतनाशक्ति, यी तीन तत्त्वले युक्त चैतन्य शब्दशक्तिको मुख भएको त्यो दिव्यरूप वेदडमरुलाई शास्त्रको आधार अर्थात् नीतिका तत्त्वबाट, शासन गर्ने प्रभाव र सामर्थ्यले बजाउँदै ती शङ्कर हामी सबलाई सच्चा विषयमा प्रेरणा गर्दै सधैं मङ्गलरूपी, दीन दुःखीहरूको दुःख दूर गर्ने यी पशुपति सबको कल्याणका निमित्त स्वयं शास्ता भएर जाग्दै रहन्छन् ।

॥ त्रिशक्तिरूपं त्रिशूलम् ॥

रुद्राच्छास्त्रदृशात्र वेदडमरोर्यच्छासितं भद्रदं,
निष्ठात्मन्यभये निवृत्तिरसतः सत्सु प्रवृत्तिः परा ॥
त्रेधाशासनशूलवद्विधिनिषेधाध्यात्मतत्त्वोन्मुखैः ,
दण्डाच्छासनलङ्घने पशुपतिः कालः प्रशास्ति स्वयम् ॥६८॥

रुद्र भगवान्‌ले शास्त्रदृष्टिले आफ्ना वेदडमरुका मुखबाट मनुष्यको कल्याणका निमित्त जुन हित विषय देखाएका छन्, शासनरूपले जे सुनाएका छन्, ती तीन तरहका विषय छन्। (१) सच्चा विषयमा प्रवृत्ति, (२) खराब विषयहरूबाट निवृत्ति र (३) अभयरूप आत्मामा निष्ठा। यस प्रकार प्रवृत्ति, निवृत्ति र निष्ठा यी तीन नै प्रधान विषय हुन्। यी तीन विषयहरू देखाउने त्रिशूल हो, जुन शूल समान उल्लङ्घन गर्न अयोग्य छ। त्यस शासनको उल्लंघन गर्नाले त्रिविध दण्ड पनि मिल्दछ। यसको सूचक नै त्रिशूल हो “ विधि, निषेध र अध्यात्म तत्त्वबोध ” रूपले ती तीन विषय प्रवृत्त भएका छन्। यस कारण त्यस शासनको उल्लङ्घन गर्नाले कालरूपी पशुपति स्वयं दण्ड गर्दछन्।

॥ रुद्राक्षमाला ॥

श्रीरुद्रात्मकदिव्यवैद्युतचितेः सच्छब्दशक्त्योदितां,
आदिक्षान्तसमातृकाक्षरमयीं रुद्राक्षमालां निजाम् ॥

पञ्चाशद्वरवर्णकामनुजपत्यावर्त्तयन् योगतः,
धत्ते पूर्णकलात्मिकां पशुपतिः दिव्यां चतुः षष्टिकाम् ॥६६

श्री रुद्रको दिव्य विद्युद्रूप चेतनाको सद्रूप शब्दशक्तिबाट निस्केको 'अकारादि–क्षकारान्त' वर्णमाला नै रुद्राक्षमाला हो। ती वर्ण वाग्रूप हुनाले र त्यो वाणी नै यस विश्वकी आदिमाता हुनाले यी वर्णको नाम "मातृका" रहेको छ। यी वर्णहरूका "निवृत्तिश्च प्रतिष्ठा च" निवृत्ति, प्रतिष्ठा इत्यादि कलाहरू पनि प्रसिद्ध छन्।

ती 'अ–क्ष' आदिक्षान्त वर्ण रुद्रबाट उत्पन्न हुनाले 'रुद्राक्ष' कहिन्छन्। वस्तुतः यो वाग्रूप गौरीको नै स्वरूप हो।

"गौरीर्मिमाय सलिलानि तक्षती।" (ऋ. १, १६४)

"तस्याः समुद्रा अधिविक्षरन्ति०।

"ततः क्षरत्यक्षरं" (ऋ. १, १६४)

त्यसमा ५० वर्ण छन्। ती ५० वर्णहरूले युक्त आफ्नो मालालाई मन्त्रयोगले फेर्दै रुद्र सधैं जप गरिरहन्छन्। त्यो दृश्य पशुपतिका चारै मुखका चार दाहिने हातमा प्रत्यक्ष सिद्ध छ।

यसै गरी ६४ वर्ण पनि शब्दशास्त्रमा प्रसिद्ध छ।

"त्रिषष्टिश्चतुः षष्टिर्वा वर्णाः शम्भुमते मताः,
प्राकृते संस्कृते चापि स्वयं प्रोक्ता स्वयम्भुवा॥

(वे. शिक्षा)

शम्भु-शङ्करजीका मतमा ६३ अथवा ६४ वर्ण मानिएका छन् । प्राकृत र संस्कृतमा पनि स्वयं स्वयम्भू ब्रह्माले भनेका छन् । ६४ रुद्राक्षहरूका मालाको धारण पनि विहित छ । अतः पूर्णकलारूप त्यस ६४ वर्णमणिरूप रुद्राक्षहरूका मालालाई पशुपति धारण गर्दछन् । अथवा पशुपतिका देब्रे हातमा १६-१६ दानाका स्मरणी जपमाला छन् । ती पनि ६४ संख्याका बोधक हुन सक्छन् ।

।। सर्पभूषणो रुद्रः ।।

विश्वस्यापि विदाहकं प्रखरवत् तत्कालकूटं विषं,
नित्यं सन्दधतं सचेतनमहिं सन्धारयञ्छान्तितः ।।
विश्वेषामिह मारकोऽपि भुजगः सर्वाङ्गसद्भूषणं ,
सर्पात् सन्नपि भीषणः पशुपतिर्भक्तेष्वभीतिप्रदः ।। १०० ।।

सारा विश्वको मारक अत्यन्त प्रखर कालकूट विषलाई स्वभावले नै धारण गर्ने, सचेतन सर्पहरूलाई गहना झैं शान्तिपूर्वक शङ्करजी धारण गर्दछन् । सबैलाई मार्ने भएर पनि ती सर्प शङ्करको सर्वाङ्गका भूषण भएका छन् । ती सर्पहरूले भयङ्कर भएर पनि पशुपति भक्तहरूका निम्ति अभयदाता छन् ।

।। शिवताण्डवनर्तनम् ।।

ब्रह्मानन्दभरेण शान्तिकलया गौर्या भवान्या समं,
नित्यं ताण्डवनर्तनैकपरतायोगैकनिष्ठः शिवः ।।

स्वात्मानं जगदप्यखण्डलयतो विस्मृत्य सर्वं स्वयं,
बाह्याभ्यन्तरसाम्यतः पशुपतिः शान्तः प्रसन्नो बभौ ॥ १०१॥

भगवान् शङ्कर सधैं अखण्ड समाधिमा तल्लीन रहन्छन्। अतएव त्यस ब्रह्मानन्दका भरले शान्तिकलारूप प्राणप्रिया गौरीदेवीका साथ ताण्डव नृत्य गर्ने तत्परताका योगमा निरन्तर लागिरहन्छन्। त्यस अखण्ड लयबाट यो सारा विश्व र आफ्नो अन्तरात्मालाई पनि बिर्सेर बाह्य र अन्तर्वृत्तिका एक रसले यी पशुपति शान्त र प्रसन्न भएर शोभित भएका छन्। अत्यन्त प्रिय स्त्री र (अथवा) प्रज्ञानका योगले यो दशा आउँछ।

"तद्यथा प्रियया स्त्रिया सम्परिष्वक्तो न बाह्यं किञ्चन वेदनान्तर, एवमेवायं पुरुषः प्राज्ञेनात्मना सम्परिष्वक्तो न बाह्यं किञ्चन वेदनान्तरम्।" (बृ. उ. ४ । ३ । २१)

जसरी सांसारिक विषयसुखमा आफ्नी अत्यन्त प्रिया स्त्रीसँग मिलेको मानिस बाह्य र आन्तर्य सब विषय बिर्सन्छ, उसै गरी प्राज्ञ आत्मासित मिलेको पुरुष बाह्याभ्यन्तर विषय बिर्सन्छ।

शङ्करका ताण्डवनृत्यका योगमा ती दुवैको योग समरसले जुटेको छ, यही सच्चा नृत्य हो।

सर्वेषां हृदये सदैव रमते नृत्यन् स चिद्योगतः,
सर्वान् नर्तयति प्रभुः पशुपति ब्रह्माण्डनाट्यालये॥

शक्त्या पश्यति साक्षिकोऽखिलजनाँस्तं नैव पश्यन्त्यमी,
नृत्यन्तं प्रतिनर्तयन्तममरं दृष्ट्वा स धन्यो नरः ॥ १०२ ॥

ती रुद्र भगवान् सबका हृदयमा चेतना शक्तिका योगबाट नाच्तै सदा रमाउँदछन् । यस ब्रह्माण्ड नाट्यालयमा सबका हृदयभित्र बसेर पशुपति सबलाई नचाउँदछन् । यिनी सर्व-साक्षी भएर नाच्नेहरूलाई हेर्दछन्, नचाउनेलाई कोही पनि देख्तैन । सबका भित्र नाच्ने तथा सबलाई नचाउने ती शिवजीलाई जो देख्तछ त्यो मानिस धन्य हो ।

॥ उपासना ॥

॥ अभिषेकः ॥

विद्युद्रूपक दिव्यतैजसतनूर्ज्योतिर्मयश्चिन्मयः,
रुद्रो हैमवतीसती प्रियतमो गङ्गाप्रियः सन् पतिः ॥
वाङ्मत्या जलधारया श्रुतिमुखाद् रुद्राभिषेकप्रियः,
वाक्प्राणामृतधारया पशुपतिं चित्याभिषिञ्चेच्छिवम् ॥१०३॥

केवल चैतन्यरूपी ज्योतीर्मय ती रुद्रले विद्युद्रूप तेजोमय शरीर धारण गरेका छन् । ती पर्वतराज (मेघराज) की पुत्री हैमवती र गङ्गाजीका प्रियतम पति हुन् । यस कारण मन्त्रमय रुद्री आदि मन्त्रसहित वाङ्मती गङ्गाको जलधाराले अभिषेक रुद्रलाई प्रिय छ । अतः आफ्नो वाणी र प्राणरूप अमृतधा-

राले चेतनात्मरूप पशुपतिलाई रोज अभिषेक गर्नुपर्दछ। यसमा वाणी र मन्त्र दुवै गौरीका रूप हुन्। प्राण र जल गङ्गाका रूप हुन्। "तेजोमयी वाक्, आपोमयः प्राणः" (छां. उ, ६) स्पष्ट भनेकै छ।

रुद्रीआदि मन्त्रसहित जलधाराले अभिषेक गर्नाले उनका 'गौरी र गङ्गा' यी शक्तिहरूको प्रत्यक्ष योग हुन्छ। त्यही पूजा उनलाई सबभन्दा ज्यादा प्रिय छ। यसैले "अभिषेक प्रियः शिवः" भनेको छ।

॥ हवनम् ॥

रुद्रोऽग्निर्भुवनत्रये प्रतिहितः सञ्ज्योतिरात्मा महान्,
प्रत्यक्षो भुवि सर्वदैवतमुखं सिद्धो हविर्भुक् स्वयम्॥
तस्मिन्नग्निमुखे हविः सुवितरन् सर्वस्वमेवार्पयन्,
मन्त्रेणैव यजेत तं पशुपतिं यज्ञात्मकं यज्ञतः॥ १०४॥

रुद्रको यज्ञरूप उपासना पनि शास्त्रविहित छ। अग्नि रुद्रको प्रत्यक्ष शरीर हो, यस कारणले अग्निलाई रुद्र मानेको छ।

"त्वमग्ने रुद्रो असुरो महोदिवः" (ऋ. २, १, ६)
"या ते अग्ने रुद्रिया तनुस्तस्या नः पाहि तस्यास्ते स्वाहा।"
(तै. सं)

"हे अग्ने! रुद्रसम्बन्धी तिम्रो जुन शरीर छ, त्यसबाट मेरो रक्षा गर, तिम्रो शरीररूपी त्यस अग्निमा हवि अर्पण गर्दछु।"

ती रुद्र अग्निका रूपले त्रिलोकमा रहन्छन्, त्यसबाट रुद्ररूप अग्निका तीन शरीरमानिएका छन्।

"या ते अग्ने अयः शया तनूर्वर्षिष्ठा गह्वरेष्ठा।"

"या ते अग्ने रजः शयातनूः॥ या ते अग्ने हरिशया तनूः॥"

(शु० य० सं)

ती तीन शरीरमध्ये यस पृथिवीमा प्रत्यक्षरूपले रहेका अग्नि नै सब देवताहरूका मुख हुन्।

" अग्निर्मुखो प्रथमं देवतानाम्। "

यस कारणले सबै देवताहरूका निमित्त अग्निका मुखमा नै हवि दिनुपर्दछ।

रुद्रको यजनका निमित्त अग्निका मुखमा हवि दिँदै र आफ्नो सर्वस्व पनि उनैलाई अर्पण गर्दै मन्त्रका साथ हुने शास्त्रीय यज्ञका मुखबाट नै रुद्रको आराधना गर्ने विधान छ। यो वेद र तन्त्र दुवैबाट सिद्ध छ। यस कारण वैदिक अथवा तान्त्रिक मन्त्रबाट हवन गरे पनि हुन्छ।

॥ जपादि वाक् यज्ञः ॥

रूपं सूक्ष्ममदृश्यमेव सततं तद्दृश्यमेवास्तु वा,
प्रत्यक्षं शिवनाममन्त्रकमिदं दिव्योपदेशाच्छ्रुतम्॥
नाम्ना मन्त्रमयेन नित्यनियतो वाक्प्राणचित्तान्वयात्,
ह्ययोगेन भजेत् सदा पशुपतिं सच्छ्रद्धया भावयन्॥ १०५॥

वाणीद्वारा नामस्मरण, स्तोत्र र जपादि रूपबाट रुद्रको वाग्यज्ञरूप उपासना पनि हुन्छ । वास्तवमा ईश्वर परब्रह्म परमात्मादि देवताहरूको सच्चा रूप ता अत्यन्त सूक्ष्म अदृश्य नै छ, कहिल्यै पनि देखिन सक्तैन । कोही कोही त्यसलाई दृश्य पनि भन्दछन् । तेज नै उसको रूप हो भन्ने यस्ता अनेक मत-भेद ता शास्त्रमा पनि छन् । यस कारण त्यो चाहे दृश्य होस् अथवा अदृश्य, तर गुरुपरम्पराबाट दिव्य उपदेशले सुनिएको उसको नाम अथवा मन्त्र त प्रत्यक्ष नै छ । अतः यो प्रत्यक्ष नाम अथवा अरू कुनै यन्त्रद्वारा 'वाक्, प्राण र मन' यी तीन करण-हरूका योगले, सद्रूप सत्यवस्तुको श्रद्धाले ती परमात्मरूप पशुपतिको स्मरण गर्दै अन्तस्करणबाट सधैं जप गर्नुपर्दछ । आफ्नो श्वासोछ्वासका साथ नाम स्मरण गर्नु, स्तुति गर्नु त्यही वाग्यज्ञ हो, त्यही जपयज्ञ हो ।

"यज्ञमा हूँ जापयज्ञ" (भ. गीता.१०)

"तस्य वाचकः प्रणवः । तज्जपस्तदर्थभावनम् ।" (यो. सू.)

ईश्वरको वाचक प्रणवाक्षर हो, अर्थभावनाका साथ त्यसको जप गर्नू ।

॥ नमस्कार ॥

पादौ पाणियुगं च जानुयुगलं दृष्टिमनश्चान्तरं,
वाक्चोरश्च तथोत्तमाङ्गमपि तद्युक्तं सदङ्गाष्टकम् ॥

साष्टाङ्गासननमस्कृति प्रिय इति श्रुत्या नतः शंकरः,
नित्यं तं शरणं गतः पशुपतिं सर्वस्वभावान्नमेत् ॥१०६॥

काया, वाचा र मन यी तीन करणहरूबाट नम्र हुनु नै नमस्कार हो। साष्टाङ्ग नमस्कार पनि मानिएको छ। दुइ पाउ दुइ हात, दुइ घुँडा, दृष्टि, मन, वाणी, छाती र शिर यी आठै अङ्गलाई नुहाएर पृथिवीमा लठ्ठी जस्तो भई नम्र हुनु अथवा आत्मसमर्पण गर्नु नै साष्टाङ्ग दण्डवत् हो।

" उरसा शिरसा दृष्ट्या मनसा वचसा तथा।
पद्भ्यां कराभ्यां जानुभ्यां प्रणामोऽष्टाङ्ग उच्यते ॥"

रुद्रको पूजामा वैदिक मन्त्रहरूमा नमस्कार नै पाइन्छ। "नमस्ते रुद्रमन्यवे," "नमो हिरण्यबाहवे" इत्यादि रुद्रीमा प्रत्येक यजुर्मन्त्रमा नमस्कारपूर्वक रुद्रको वर्णन तथा प्रार्थना गरिएको छ।

"तमुष्टु हि यः स्विषुः सुधन्वा यो विश्वस्य क्षयति भेषजस्य यक्ष्यामहे सौमनसाय रुद्रं नमोभिर्देवमसुरं दुवस्य ॥" (ऋ॰सं॰)

"जो उत्तम धनुष र बाण धारण गर्दछन्, जो सब औषधिहरूका राजा छन्, उनको स्तुति गर। उत्तम मन, उत्तम भावका निम्ति हामी ती रुद्रको पूजा गर्दछौं। प्राणशक्तिदाता ती रुद्रको सेवा गर।"

यस कारण सर्वस्व भावले "उनै एक मेरा शरण (गति)

छन्" यस्तो अनन्य भाव र पूर्णश्रद्धाले श्री पशुपतिनाथलाई नमस्कार गर्नु नै ठूलो उपासना हो। भगवतीको पनि त्यही उपासना छ।

"शरणागतदीनार्तपरित्राणपरायणे।
सर्वस्यार्तिहरे! देवि! नारायणि! नमस्तुते॥"

त्यही शरण्य योग हो।

वाच्यं वाचकशब्दशक्तिसहितं संसिद्धसर्वात्मकं,
तं तत्त्वत्रितयेन युक्तममृतं पूर्णं तुरीयात्मकम्॥
ज्ञानाद् भावनया सहैव कृतिभिस्तद्योगतो धारयन्,
नित्यं तत्करणैस्त्रिभिः पशुपतिं भक्त्या समाराधयेत्॥१०७॥

यस विश्वमा सब शब्दहरूको वाच्यार्थरूप रुद्र र वाचक शब्दराशि नै शक्ति हुन्। त्यसमा आधिभौतिक, आधिदैवत र आध्यात्मिक, यस्ता तीन तत्त्वहरूले मिलेका ती रुद्र पूर्णात्मा छन्। उनको यथार्थ तत्त्वले ज्ञान र दृढ भावना उस्तै कृति यी तीनका योगबाट वाक्, प्राण र मन यी तीन करणका योगद्वारा अनन्य भावले श्री पशुपतिको आराधना गर्नू।

"आत्मा त्वं गिरिजा मतिः सहचराः प्राणाः शरीरं गृहं,
पूजा ते विषयोपभोगरचना निद्रा समाधिस्थितिः॥
सञ्चारः पदयोः प्रदक्षिणविधिस्तोत्राणि सर्वा गिरः,
यद्यत् कर्म करोमि तत्तदखिलं शम्भो तवाराधनम्॥

श्री शङ्कराचार्यले ' शिवमानसपूजा ' मा शिवजीको उच्च आराधना बताएका छन् ।

" हे भगवान् ! तिमी मेरा अन्तरात्मा हौ, मेरी बुद्धि नै पार्वती हुन्, यी दश इन्द्रियरूप प्राण तिम्रा सहचरगण छन् , यो मेरो शरीर नै तिम्रो घर--मन्दिर हो, विषयहरूमा इन्द्रियहरूका प्रवृत्तिले सुखानुभव लिनु नै तिम्रो पूजा हो , विषयहरूबाट निवृत्त भएर निद्रामा लीन हुनु नै समाधि हो अथवा तिम्रो सधैं अनुसन्धानरूप पूजा नै मेरो विषयोपभोग हो, सधैं समाधानपूर्वक तिम्रो ध्यानमा रहनु नै मेरो निद्रा हो, मेरो सञ्चार तिम्रो प्रदक्षिणा हो, मेरो वाणी तिम्रो स्तोत्र र तिम्रो प्रेरणाले म जुन जुन कर्म गर्दछु त्यो सब तिम्रो आराधना हो ।

यो श्री शङ्कराचार्यजीको ज्ञान, भावना र कृतिहरूका योगबाट सिद्ध भगवदाराधना हो । यसरी आराधना गर्ने मानिस आचार्यजीको वचन अनुसार सर्वभावले शङ्कररूप हुनेछ ।

वेदशास्त्र र तन्त्रादि ग्रन्थहरूमा शङ्करको अनेक तरहका उपासना विहित छन् । तिनमध्ये आफ्नो आफ्नो भक्ति र शक्तिअनुसार उपासना गर्नु उचित्त छ ।

दिव्यं तद्विश्वरूपं 'पशुपतिहृदयं' दर्शनीयं सचित्रं ,
सत्तामात्रेण सिद्धं परमरसमयं हृत्प्रहर्षे प्रकृष्टम् ॥
छायामात्राद् गृहीतं विमलसुहृदयादर्शके विम्बित संत् ,
सन्धेयं दैवरातात्मनि सुविकसितं दिव्यवाचाभिगीतम् ॥ १०८॥

(श्री पशुपतिहृदयं सम्पूर्णम् ।)

यस प्रकारले स्वक्षेत्ररूप यस नेपालराज्यमा विलास गर्ने श्री पशुपतिनाथको हृदयरूपी यो विश्वरूप अत्यन्त विचित्र आश्चर्यकारक हुनाले दर्शनीय अर्थात् हेर्ने लायक छ। यो विश्वरूप यहाँ तथा सारा संसारमा सत्ता मात्रले सिद्ध भएको, परमानन्दरसमय छ । यस कारण भक्तजनका हृदयानन्दका निमित्त अत्यन्त उच्च सत्व छ।

श्री पशुपतिका दर्शन र वेदशास्त्रादि वचनहरूका विमर्शनले पशुपतिको त्यो सूक्ष्मरूप छाया मात्रले ग्रहण गरिएको छ र निर्मल हृदयरूपी ऐनामा प्रतिबिम्बित भएर दैवरातका अन्तरात्मामा विकसित भई उहींबाट यो छन्दोबद्ध दिव्य वाणीद्वारा यस ग्रन्थका रूपमा गाइएको छ।

श्री पशुपतिनाथको यो विश्वरूप तत्त्वले पूर्ण चित्र र सचित्र यो "पशुपतिहृदय" ग्रन्थ पनि सबले हेर्ने र अनुसन्धान गर्ने लायक छ, जसका रूपको वर्णन नै अशक्य छ। शास्त्रदृष्टिद्वारा जो देख्तछन् तिनै यसको आनन्दरस चाख्न सक्तछन् ।

॥ इति शिवम् ॥

शुद्धिपत्र

समयको अभावले गर्दा यसको प्रकाशनमा हुन गएको सबै अशुद्धि हेर्न भ्याइएन। यो शुद्धिपत्रमा सिर्फ संस्कृत श्लोकमा भएका अशुद्धिको संशोधन छ।

पृष्ठ	पंक्ति	अशुद्ध	शुद्ध
२	१२	श्रेष्ठो	श्रेष्ठो
८	१०	पञ्चमुखो पशुपति	पञ्चमुखी पशुपतिः
९	५	सन् सर्व	सन् त्सर्व
१०	१२	वामे	दक्षे
२२	२	द्वधा	द्वेधा
२२	१८	परमचितिमय	परमचितिमयः
२५	५	त्रिगुण परतरं	त्रिगुणपरतरं
२५	६	सद्विन्दुसज्ञं	सद्विन्दुसंज्ञं
२५	१७	वाक्शक्त्या	वाक्छक्त्या
२७	१८	सर्वभूताधिपत्ये	त्सर्वभूताधिपत्ये
२७	१९	सिध्यौ	सिद्धौ
३०	१९	दिव्यमिति	दिवामति
३०	२१	तेभ्यऽ	तेभ्योऽ
३४	१७	तानग्नीषोमरूपौ	तावग्नोषोमरूपौ
४१	१३	सुरोवै; सुमृष्ठतं	सुरोवौ; सुमृष्ठतं
४२	११	रयं	रयिं
४६	१०	नततत्कावश्विनो	ततत्कांवश्विनौ

पृष्ठ	पंक्ति	अशुद्ध	शुद्ध
४८	२	अग्नेदीहादि	अग्नेर्दाहादि
४९	१२	ममानाविह	समानाविह
५३	६	विद्यान्भायि	विद्यान्मायिनं
५४	१२	प्रियहृदयशव:	प्रियहृदयवरा:
५५	१०	स शक्त	स शक्त:
५६	१	तद्विपरितयोगात	तद्विपरीतयोगात
५७	१२	स्वप्र तिष्ठाप्रभावात	स्वप्रतिष्ठाप्रभावात
५७	१३	परममुभयया	परममुभययो
५८	१	कामो कार्षीत	कामो कार्षीत
५८	१६	धर्म धर्मिणोरभेद:	धर्मधर्मिणोरभेद:
५९	६	धनुषाद्	धनुस्तद्
६१	१८	शिक्षमानस्य	शिक्षमाणस्य
६४	८	शक्तिशैवात्मक	शक्तिशैवात्मकं
६५	२	विस्मै	तस्मै
६५	१४	तस्मिच्छक्तिस्तु	तस्मिञ्छक्तिस्तु
६५	१५	श्रीशशक्तित्रयात्मा:	श्रीशशक्तित्रयात्मा
६६	६	तद्दशारद्वयेष्टं	तद्दशारद्वयेष्टं
६६	२०	न्दुत्रिकोण	बिन्दुत्रिकोण
६९	८	शस्त्रिनेत्र:	संस्त्रिनेत्र:
७१	१५	स्तैर्मरूत्प्राणरूपै:	स्तैर्मरुत्प्राणरूपै:
७२	९	परमपदगतो:	परमपदगतो
७४	५	बाह्यो	बाह्यो:
७५	२	आप्सुक्षितो महिनैकादशस्थ	आप्सुक्षितो महिनै-कादश स्थ

पृष्ठ	पंक्ति	अशुद्ध	शुद्ध
७५	१६	रुद्र	रुद्राः
७६	२	सन् स एको	सन् त्स एको
८२	१७	स्वात्मनिष्ठा	स्वात्मनिष्ठा
८३	१०	सर्वधान्यैरजय्यः	सर्वथान्यैरजय्य
८५	२	जयाथ	जयार्थं
८५	१५	सखेन्द्र	त्सखेन्द्रः
८५	१६	सर्वश्रेष्ठत्व योगा	सर्वश्रेष्ठत्वयोगा
८७	१७	दिब्यायुधैरूज्ज्वलाः	दिव्यायुधैरुज्ज्वलाः
८७	१९	सुवोर पुरूषाः	सुवीरपुरूषाः
९१	१४	विश्वस्यास्थ	विश्वस्यास्य
९२	६	मरूतां	मरुतां
९२	१८	विश्वबिभूति	विश्वविभूति
९६	६	बज्रमुखेह	वज्रमुखेह
९९	१	त्र्यंबकं	त्र्यम्बकं
१०५	१	समुद्राोधयन्	समुद्बोधयन्
१०९	१	स्वत्मानं	स्वात्मानं
११५	२०	तत्तदखिल	तत्तदखिलं
११६	२०	विम्बित संत	विम्बितं सत्

—०—

(१)

वाल्मीकिविद्यापीठपुस्तकालयः

प्रत्यावर्तनतिथिः

294.5513
DAY

१६०६

MAHENDRA SANSKRIT UNIVERSITY 1986 AD

महेन्द्र संस्कृत विश्वविद्यालय
वाल्मीकि विद्यापीठ
पुस्तकालय

29